'उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता'

# मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## Mechi Multipurpose Cooperative Society Limited

# वार्षिक प्रतिवेदन २०८३
## Annual Report 2083

२०८३

30th YEARS ANNIVERSARY CELEBRATION




32th Annual General MEETING

| | | |
|---|---|---|
| **दमक सेवा केन्द्र**<br>दमक-६,झापा<br>०२३-५७०७३३ | **कमल सेवा केन्द्र**<br>कमल गा.पा.-५,झापा<br>०२३-५८४१९९ | **उर्लाबारी सेवा केन्द्र**<br>उर्लाबारी न.पा.-६,मोरङ<br>०२१-५४२४३१ |
| **मिक्लाजुङ सेवा केन्द्र**<br>मिक्लाजुङ-९,मोरङ<br>०२१-४००१३३ | **पथरी सेवा केन्द्र**<br>पथरीशनिश्चरे-१,मोरङ<br>०२१-५५५८३३ | **चुलाचुली सेवा केन्द्र**<br>चुलाचुली-४, इलाम<br>९८४२६४९०६३ |
| **बिर्तामोड सेवा केन्द्र**<br>बिर्तामोड-४, झापा<br>०२३-५३६४५५ | **शिवसताक्षी सेवा केन्द्र**<br>शिवसताक्षी-११, दुधे, झापा<br>०२३-४७०२३३ | **कन्काई सेवा केन्द्र**<br>कन्काई-३, झापा<br>०२३-५९०७७३ |
| **गौरादह सेवा केन्द्र**<br>गौरादह १, झापा<br>०२३-४८०४३३ | **लेटाङ सेवा केन्द्र**<br>लेटाङ-३, मोरङ<br>०२१-५६०५३३ | **बेलबारी सेवा केन्द्र**<br>बेलबारी-१, मोरङ<br>०२१-४३४१७३ |


Web: www.mechicoop.com e-mail: mechicooperative@gmail.com

फारम बुझाउदा सदस्यले तपसिल अनुसारको विवरण अनिवार्य भर्नुहोला ।

सदस्यको नाम:............................................ठेगाना...............................सेवा कार्यालय..........................

सदस्य नं.:..........................बचत खाता नं.:.........................................मो.नं.......................................

"अनिवार्य बचत गरौं, संस्थाका सम्पूर्ण कारोबारहरुमा सहभागी बनौं"

## ३० औं वार्षिकोत्सव तथा ३२ औं साधारणसभामा प्रस्तुत गरिएको प्रतिवेदनमाथि सुझाव

उपयुक्त सुझाव २०८३ भाद्र १० गते ५ बजेभित्र सम्बन्धित सेवा कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै सदस्यहरुले दिनुहुने सुझाव यस पानामा नअट्ने भए छुट्टै पानामा लेखेर यसै पानासँग स्टीज गरी कार्यालयमा बुझाउन समेत सक्नुहुनेछ।

**क) यस आ.व. मा सञ्चालित कार्यक्रमका सवल/सकारात्मक पक्षहरु:**

१
२
३
४

**ख) यस आ.व. मा सञ्चालित कार्यक्रमका सुधारात्मक पक्षहरु:**

१
२
३
४

**ग) आगामी कार्यक्रमका लागि सुझावहरु:**

१
२
३
४

**घ) सहकारीसम्बन्धी कुनै जिज्ञासा भए उल्लेख गर्नुहोस्:- (पछिल्लो पन्नामा)**

***नोट: उत्कृष्ट सुझाव उपलब्ध गराउने सबै सेवा कार्यालयबाट पर्ने गरी ४० जना सदस्यहरुलाई जनही रु १,०००/- नगद पुरस्कार र सबै सुझावकर्ता सदस्यहरुलाई जनही रु १००/- यातायात खर्च समेत उपलब्ध गराइनेछ।***

आदरणीय सदस्य ज्यूहरु,

यस संस्थाको ३० औं वार्षिकोत्सव तथा ३२ औं साधारणसभाका कार्यक्रमहरु तपसिल अनुसार एकाई तथा सेवा कार्यालयस्तरमा सञ्चालन गरिने भएको हुँदा उक्त कार्यक्रमहरुमा यहाँको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछु।

## क) साधारणसभाका कार्यक्रमहरू

| क्र.स. | सेवा कार्यालय | मिति | बार | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | दमक (वडा ३, ४, ९, १०) | २०८३।०४।२८ | बिहीबार | १०:३० | दाहाल प्रतिष्ठान, दमक ४, झापा |
| २. | दमक (वडा ६, र ७) | २०८३।०४।२९ | शुक्रबार | ७:०० | संस्थाको सभाहल, दमक ६, झापा |
| ३. | दमक (वडा १, २, ५, ८) | २०८३।०४।२९ | शुक्रबार | १२:०० | दमक ८, अर्ग्यानिक सब्जी बजारको हल |
| ४. | उर्लाबारी | २०८३।०४।३० | शनिबार | १०:३० | बशिष्ठ पार्टी प्यालेस, आइतबारे |
| ५. | कमल | २०८३।०४।३० | शनिबार | १०:३० | मंगलमय मा.वि. को सभाहल |
| ६. | मिक्लाजुङ | २०८३।०४।३१ | आइतबार | १०:३० | मिक्लाजुङ पार्टी प्यालेस |
| ७. | चुलाचुली | २०८३।०४।३१ | आइतबार | १०:३० | सेमिचोङ भवन, चुलाचुली |
| ८. | कनकाई | २०८३।०५।०१ | सोमबार | १०:३० | कनकाई उद्योग वाणिज्य संघको सभा हल |
| ९. | शिवसताक्षी | २०८३।०५।०१ | सोमबार | १०:३० | सतासी सामुदायिक भवन |
| १०. | बिर्तामोड | २०८३।०५।०२ | मंगलबार | १०:३० | अतिथि सदन बिर्तामोड |
| ११. | पथरी | २०८३।०५।०२ | मंगलबार | १०:३० | हरियाली सामुदायिक वनको सभाहल |
| १२. | गौरादह | २०८३।०५।०३ | बुधबार | १०:३० | पञ्चेश्वरी शिवालय मन्दिरको सभाहल, गौरादह |
| १३. | लेटाङ | २०८३।०५।०४ | बिहीबार | १०:३० | जनसेवा सामुदायिक वन उपभोक्ता समूहको सभाहल |
| १४. | बेलबारी | २०८३।०५।०४ | बिहीबार | १०:३० | बेलबारी बहुमुखी क्याम्पसको सभाहल |
| १५. | २०८३ भदौ १२ गते शुक्रबार | | | १०:३० | माइन्युट प्रमाणिकरण साधारणसभा |

**क) वार्षिकोत्सव कार्यक्रम:** २०८३।०५।११ गते बिहीबार **रक्तदान कार्यक्रम** **समय:** बिहान ७ बजेदेखि, **स्थान:** संस्थाको सभाहल

**ख) सेवा कार्यालयहरुको निर्णय प्रमाणिकरण साधारणसभा कार्यक्रम:** २०८३।०५।१२, **समय:** बिहान १०:३० बजेदेखि,

**ङ) सबै एकाई साधारणसभामा प्रस्तुत गरिने कार्यसूची:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन वाचन, छलफल र पारित
२) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन वाचन, छलफल र पारित
३) आ.व. २०८२।०८३ को लेखा परीक्षकको प्रतिवेदन वाचन, छलफल र पारित
४) आ.व. २०८३।०८४ को वार्षिक कार्यक्रम (लक्ष्य) वाचन, छलफल र पारित
५) आ.व. २०८३।०८४ को अनुमानित आयव्यय वाचन, छलफल र पारित
६) आ.व. २०८३/०८४ का लागि लेखापरीक्षक नियुक्ति
७) समसामयिक प्रस्ताव, छलफल र पारित
८) नियामक निकायबाट जारी गरिएका कानुन तथा निर्देशनका बिषयमा छलफल र पारित
९) सम्पत्ति शुद्धिकरणसम्बन्धी छलफल
१०) माइन्युट प्रमाणित गर्ने व्यक्तिको छनौट
११) विविध
१२) कार्यक्रमका सभाध्यक्षबाट सभा समापन

**नारायणप्रसाद भट्टराई**
**अध्यक्ष**

## योगदान (शेयर लगानी, मासिक बचत, र अन्य कारोबारको नियमितता) मा आधारित

# सदस्यहरुलाई प्रदान गरिने सुविधाहरु

१) शेयर लगानीमा उत्कृष्ट लाभांस
२) बचतमा उत्कृष्ट व्याज
३) कारोवारको आधारमा संरक्षित पूँजी कोष वितरण
४) सदस्यको अन्त्येष्टी तथा काजकिरिया खर्च २५०००।- सदस्यको श्रीमान् वा श्रीमतीको स्वर्गारोहणमा काजकिरिया खर्च रु २६,०००।-
५) श्रीमान् श्रीमती दुवै शेयर सदस्य रही कोही एकको स्वर्गारोहण भएमा किरिया खर्च बापत रु ५१,००० प्रदान गरिनेछ ।
६) शेयर सदस्यहरुको दुर्घटना बीमा रु ५०,०००।-
७) रु. १,००,०००/- सम्म व्यापक दुर्घटना वीमा (१,०००/- नियमित बचत, पेन्सन बचत र क्रमिक बचतमा)
८) सदस्य परिवारका उत्कृष्ट +2 उत्तीर्ण २४ जना छात्रछात्रालाई रु १०,००० का दरले मेची छात्रवृत्ति वितरण
९) सरल, सुलभ दरमा पर्याप्त कर्जा लगानी
१०) सहकारी शिक्षा तथा अन्तर्क्रिया, वार्षिक ४० वटा
११) साधारणसभामा उत्कृष्ट सुझावकर्तालाई पुरस्कार रु १००० चालिस जनालाई
१२) उत्कृष्ट कारोवारकर्ता सदस्यहरुलाई पुरस्कार एवं सम्मान
१३) बाल वचतकर्ताहरुलाई सेवा कार्यालयस्तरमा प्रतियोगितात्मक बाल कार्यक्रम
१४) क्यान्सर, मुटु र किड्नी रोगमा सदस्यलाई रु ५०,००० सम्म आर्थिक सहयोग साथै सदस्यको श्रीमान् वा श्रीमतीलाई रु २५०००।- सहयोग ।
१५) प्राविधिक शिक्षामा न्यून व्याजदरमा कर्जा लगानी
१६) एकल (विधुवा) महिला सदस्यलाई शेयर बोनस रु ४,०००।-
१७) प्राकृतिक प्रकोप राहत रु ५०,०००।- सम्म (आगलागी र भूकम्पबाट सदस्यका घर तथा पसलमा क्षति पुगेमा क्षतिका आधारमा)
१८) अन्तर सदस्य शैक्षिक सहयोग कार्यक्रम
१९) प्राकृतिक रुपमा अशक्त सदस्यहरुलाई रु १०,००० सहयोग दिइने ।
२०) कर्जा लिएकै समयमा सदस्यको मृत्यु भएमा रु १,६०,०००।- सम्मको कर्जा छुट ।
२१) शल्यक्रियामा रु ७,५००।- सहयोग ।
२२) सदस्यका छोराछोरीले सामुदायिक विद्यालयमा उत्कृष्ट अंक ल्याएमा ५ हजार पुरस्कार
२३) सदस्यलाई सर्पदंश उपचारमा रु ४००० सम्म भुक्तानी (रेडक्रसमा लाग्ने शुल्क)
२४) सदस्यहरुलाई दाँत लगाउनुपरेमा १ पटकलाई रु ५,००० सहयोग ।
२५) जटिल प्रकृतिको रोग लागि पूर्णरुपमा प्यारालाइसिस भएमा रु ५०,००० अनुदान दिने । सदस्यको पति वा पत्नी प्यारालाइसिस भएमा रु २५,०००।- अनुदान दिने ।
२६) ७० वर्षमाथिका ज्येष्ठ सदस्यहरुका लागि वार्षिक भत्ता रु २००० तथा ८० वर्षमाथिका ज्येष्ठ सदस्यहरुलाई रु ३०,००० नगद सहित ८४ सम्मान कार्यक्रम गरिदिने ।
२७) सदस्यको छोरा वा छोरी जन्मिए रु १००० को बाल बचत खाता
२८) सदस्यको जन्म दिने माता पिताको स्वर्गारोहणमा सम्मान स्वरुप रु ५०००।- (स्वर्गारोहण हुने मातापिताको नाममा)
२९) सदस्यको घरमा बुहारी भित्रिएमा रु १०००।- को शेयर उपहार
३०) प्रत्येक वर्ष २०० जना सदस्यहरुलाई नेपाल दर्शन (मुक्तिनाथ दर्शन) गराउने ।
३१) संस्थामा सदस्य भएको ९ महिनापछि महिला सदस्यहरु सुत्केरी भएमा रु २००० बराबरको पौष्टिक आहार सहित सुत्केरी भेटघाट गरिने
३२) सदस्यका छोराछोरीले सहकारी बिषयमा PHD (विद्यावारिधी) गर्दा रु १,००,०००।- (एक लाख) अध्ययन खर्च दिने ।
३३) संस्थाको कार्यक्षेत्रभित्रका सदस्यका छोराछोरीले एसईईमा जिल्ला प्रथम भए रु ५०,०००।- सहयोग उपलब्ध गराउने ।
३४) एसईईमा सदस्य वा सदस्यका छोराछोरीले 4 GPA ल्याएमा उच्च शिक्षाका लागि रु २५,००० (पच्चिस हजार) सहयोग उपलब्ध गराउने ।
३५) सदस्य, सदस्यका श्रीमान्, श्रीमती, छोराछोरी, बुवाआमाको स्वर्गारोहण भइ काजकिरियाका समयमा सदस्यहरुले माग गरेमा मेची सहकारी जल उद्योग सञ्चालन भएपछि १५ कार्टुन पानी निःशुल्क उपलब्ध गराइने ।

**उल्लेखित सुविधाहरू प्राप्त गर्न नियमित बचत, पेन्सन बचतमध्ये कुनै एक बचत खाता खोली नियमित भएको हुनुपर्ने साथै कर्जा लिएको भए कर्जा नियमित भएको हुनुपर्ने । साथै अन्य सर्त सदस्य सेवा सुविधा नीति अनुसार हुनेछ ।**

## संस्थाको परिचय :-

१) संस्थाको नाम :- मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
२) ठेगानाः मुख्य कार्यालय :- दमक नगरपालिका वडा नं. ६
३) फोन नं. :- ०२३-५७०७३३,
४) ईमेल :- mechicooperative@gmail.com
५) वेवसाईट :- www.mechicoop.com
६) दर्ता गर्दाको सदस्य संख्या :- २९ जना
७) दर्ता मिति :- २०५४/०५/१२ गते
८) दर्ता गर्ने निकाय :- तत्कालीन जिल्ला सहकारी डिभिजन कार्यालय, झापा
९) दर्ता नं. :- ३/१/७(९४)२०५४/२०५५
१०) सहकारी नियमन प्राधिकरण दर्ता नं.: २०५४-००५३१
११) कर्जा सूचना केन्द्रमा : दर्ता गरिएको।
१२) स्थायी लेखा नं. :- ३०१५६३३५८
१३) संस्थाको प्रकृति :- बहुउद्देश्यीय
१४) कार्यक्षेत्र :- झापा, मोरङ्ग र इलाम जिल्ला
१५) संस्थाका अध्यक्ष :- नारायणप्रसाद भट्टराई मो. ९८५२६७५३४३
१६) प्रमुख कार्यकारी अधिकृत :- खोमप्रसाद बगाले मो. ९८५२६७६५०३
१७) हालको सदस्य संख्या :- १९७२३ जना (महिला १०६७४, पुरूष ९०२५ र समूहहरू २४)
१८) कूल ऋणी संख्या :- ४३०३ जना
१९) शेयर पूँजी :- रू. ४०,८३,६९,४००।-
२०) कोषहरू :- रू. ३१,७५,०८,३७१।-
२१) कर्जा जोखिम कोष :- रु. १०,६२,०५,७१०।-
२२) भाखा नाघेको कर्जा :- ६.१९ प्रतिशत
२३) बचत :- रू. ४,१५,००,१८,४७५।-
२४) कर्जा :- रू. ३,७९,५७,८१,११३।-
२५) वासलात :- रु ५,०२,२९,९०,४८४।-

### प्रतिवेदनभित्रका प्रमुख कार्यक्रमहरू :-

#### व्यवसायिक कारोबार

- १४ शीर्षकबाट बचत संकलन
- १५ शीर्षकबाट कर्जा लगानी
- रेमिट्यान्स कारोबार
- मेची सहकारी जल उद्योग सञ्चालन
- सहकारी बजार निर्माण (प्रस्तावित)
- साना तथा मझौला उद्योग स्थापना अनुसन्धान
- विशिष्टीकृत संघ मार्फत् साझेदारी व्यवसाय
- बैंक तथा वित्तीय संस्थाहरुसँगको साझेदारी

#### सामाजिक उत्तरदायित्व

- अन्तर सदस्य सहयोग कोष
- शैक्षिक अभिभावकत्व ग्रहण
- द्वैविक विपत्ति राहत कार्यक्रम, सदस्य बिमा
- जटिल रोगमा सहयोग
- उत्कृष्ट विद्यार्थीलाई सहयोग
- अन्तर मा.वि. हाजिरी जवाफ प्रतियोगिता
- ज्येष्ठ सदस्य सम्मान कार्यक्रम

२६) परिकल्पना (VISION) :
"आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि दिगो र भरपर्दो वित्तीय व्यावसायिक संस्था हुनेछ।"

२७) ध्येय (MISSION):
"विश्वसनीय वित्तीय कारोवारको आधार, सदस्यहरूको रूपान्तरण संस्थाको सरोकार।"

२८) लक्ष्य (GOAL):
संस्थालाई भरोसाको केन्द्र बनाउन सहकारी ऐन, नियमावली, सिद्धान्त, मूल्य, मान्यता र संस्थाको नियमलाई अनुशरण गरी इमान्दार, शिक्षित, स्वस्थ्य उद्यमी सफल र सभ्य नागरिक संस्थाका सदस्य हुनेछन्।

२९) संस्थाका नीतिहरू :-

क) आर्थिक प्रशासन कार्यविधि २०५६
ख) वचत कार्यविधि २०५६
ग) कर्जा कार्यविधि २०५६
घ) मानव संशाधन व्यवस्थापन कार्यविधि २०५६
ङ) निर्वाचन कार्यविधि २०५६
च) उपसमिति तथा इकाईहरुको कार्यसम्पादन कार्यविधि २०६४
छ) सवारी साधन सञ्चालन कार्यविधि २०६६
ज) लघु कर्जा कार्यविधि २०६८
झ) मेची सहकारी संस्थाको आचारसंहिता २०६९
ञ) सदस्यता वितरणसम्बन्धी कार्यविधि २०७५
ट) सदस्य सेवा सुविधा सञ्चालन कार्यविधि २०७५
ठ) साझेदारी व्यवसाय सञ्चालन कार्यविधि २०७५
ड) सहकारी आवाश निर्माण कार्यविधि २०७५
ढ) सेवा कार्यालय सञ्चालन कार्यविधि २०७६
ण) सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०७६
त) बैंक व्यवस्थापन कार्यविधि २०७८
थ) नगद व्यवस्थापन कार्यविधि २०७८
द) कागजात धुल्याउने कार्यविधि २०७८
ध) मसलन्द सामग्री छपाई तथा खरिद कार्यविधि २०७८
न) सम्पत्ति सामान खरिद तथा बिक्री कार्यविधि २०७८
प) शिक्षा तथा तालिम कार्यविधि २०७८
फ) स्वनियमन कार्यविधि २०७९
ब) आन्तरिक तथा वाह्य लेखा परीक्षण कार्यविधि २०७९
भ) साधारणसभा एवं बैठक सञ्चालन कार्यविधि २०७९
म) रुपैयाँ एक सेवा अनेक कार्यविधि २०८०
य) शैक्षिक अभिभावकत्व ग्रहण कार्यविधि २०८०
र) वाह्य ऋण सापटी कार्यविधि २०८०
ल) सम्मान तथा पुरस्कार कार्यविधि २०८०
व) संरक्षित पूँजी फिर्ता कोष वितरण कार्यविधि २०८०
श) सूचना प्रविधि सञ्चालन कार्यविधि २०८०
ष) कर्जा असुली तथा लिलाम बिक्री कार्यविधि २०८०
स) सुशासन कार्यविधि २०८०
ह) मेची सहकारी जल उद्योग सञ्चालन कार्यविधि २०८१
क्ष) सामुदायिक विकास कोष सञ्चालन कार्यविधि २०८१

# मेची बहुउद्धेश्यीय सहकारी संस्था लि. का
## सेवा कार्यालयहरूको यथार्थ र अनुमानित लक्ष्य

दमक सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 7,457 | 500 | 7,957 |
| 2 | शेयर रकम | 271,751,900 | 9,698,100 | 281,450,000 |
| 3 | बचत | 2,781,840,190 | 144,159,810 | 2,926,000,000 |
| 4 | कर्जा | 2,058,758,394 | 189,241,606 | 2,248,000,000 |
| 5 | वासलात | 3,012,479,153 | 197,520,847 | 3,210,000,000 |

उर्लाबारी सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 1,777 | 150 | 1,927 |
| 2 | शेयर रकम | 22,758,600 | 2,000,000 | 24,758,600 |
| 3 | बचत | 200,914,495 | 39,085,505 | 240,000,000 |
| 4 | कर्जा | 406,106,835 | 42,693,165 | 448,800,000 |
| 5 | वासलात | 469,214,361 | 8,884,639 | 478,099,000 |

मिक्लाजुङ सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 1,308 | 100 | 1,408 |
| 2 | शेयर रकम | 20,748,100 | 1,751,900 | 22,500,000 |
| 3 | बचत | 186,534,458 | 33,465,542 | 220,000,000 |
| 4 | कर्जा | 344,672,721 | 20,327,279 | 365,000,000 |
| 5 | वासलात | 371,680,487 | 22,799,513 | 394,480,000 |

कमल सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 1,160 | 150 | 1,310 |
| 2 | शेयर रकम | 24,094,200 | 1,405,800 | 25,500,000 |
| 3 | बचत | 284,103,438 | (74,103,438) | 210,000,000 |
| 4 | कर्जा | 176,851,011 | 53,148,989 | 230,000,000 |
| 5 | वासलात | 233,408,749 | 16,591,251 | 250,000,000 |

बिर्तामोड सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 2,557 | 300 | 2,857 |
| 2 | शेयर रकम | 22,086,700 | 2,913,300 | 25,000,000 |
| 3 | बचत | 194,093,634 | 48,506,366 | 242,600,000 |
| 4 | कर्जा | 192,581,923 | 48,118,077 | 240,700,000 |
| 5 | वासलात | 217,769,124 | 48,730,876 | 266,500,000 |

पथरी सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 1,274 | 150 | 1,424 |
| 2 | शेयर रकम | 9,847,400 | 1,452,600 | 11,300,000 |
| 3 | बचत | 122,076,333 | 13,423,667 | 135,500,000 |
| 4 | कर्जा | 122,127,433 | 19,872,567 | 142,000,000 |
| 5 | वासलात | 148,103,289 | 11,896,711 | 160,000,000 |

कनकाई सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 770 | 150 | 920 |
| 2 | शेयर रकम | 8,560,600 | 1,439,400 | 10,000,000 |
| 3 | बचत | 95,768,799 | 29,231,201 | 125,000,000 |
| 4 | कर्जा | 132,237,682 | 32,762,318 | 165,000,000 |
| 5 | वासलात | 144,771,985 | 35,228,015 | 180,000,000 |

गौरादह सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 835 | 150 | 985 |
| 2 | शेयर रकम | 6,648,500 | 1,351,500 | 8,000,000 |
| 3 | बचत | 61,571,260 | 23,928,740 | 85,500,000 |
| 4 | कर्जा | 103,343,174 | 36,656,826 | 140,000,000 |
| 5 | वासलात | 114,942,844 | 35,057,156 | 150,000,000 |

चुलाचुली सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 577 | 50 | 627 |
| 2 | शेयर रकम | 5,712,300 | 787,700 | 6,500,000 |
| 3 | बचत | 65,243,954 | 19,756,046 | 85,000,000 |
| 4 | कर्जा | 81,961,354 | 23,038,646 | 105,000,000 |
| 5 | वासलात | 108,330,465 | 6,769,535 | 115,100,000 |

बेलबारी सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 787 | 150 | 937 |
| 2 | शेयर रकम | 6,488,500 | 2,011,500 | 8,500,000 |
| 3 | बचत | 62,694,797 | 22,305,203 | 85,000,000 |
| 4 | कर्जा | 70,319,263 | 30,780,737 | 101,100,000 |
| 5 | वासलात | 78,923,572 | 30,691,428 | 109,615,000 |

शिवसताक्षी सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 661 | 100 | 761 |
| 2 | शेयर रकम | 5,561,000 | 1,439,000 | 7,000,000 |
| 3 | बचत | 49,898,404 | 17,341,596 | 67,240,000 |
| 4 | कर्जा | 56,725,385 | 21,274,615 | 78,000,000 |
| 5 | वासलात | 67,299,679 | 24,389,321 | 91,689,000 |

लेटाङ सेवा कार्यालय

| क्र.स. | विवरण | गत आ.व. को यथार्थ | यस आ.व. को लक्ष्य | यस आ.व. को जम्मा |
|---|---|---|---|---|
| 1 | शेयर सदस्य | 560 | 100 | 660 |
| 2 | शेयर रकम | 4,111,600 | 888,400 | 5,000,000 |
| 3 | बचत | 45,443,501 | 9,556,499 | 55,000,000 |
| 4 | कर्जा | 50,095,932 | 21,904,068 | 72,000,000 |
| 5 | वासलात | 56,066,771 | 24,783,229 | 80,850,000 |

# बिषय सूची


| क्र.स. | बिषय | पाना नं. |
|---|---|---|
| १. | सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन | १-२३ |
| २. | प्रतिवेदनमा आधारित अनुसूचीहरु | २४-२७ |
| ३. | आ.व. २०८२/०८३ का कार्यक्रमहरु र अनुमानित आयव्यय | २८-३१ |
| ४. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ३२-३६ |
| ५. | बाह्य लेखा परीक्षकको प्रतिवेदन | ३७-९३ |
| ६. | आ.व. २०८२/०८३ मा दिवंगत हुनुभएका सदस्यहरुहरुको नामावली र श्रद्धाञ्जली | ९४ |




# ३० औं वार्षिकोत्सव तथा ३२ औं साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

**नारायणप्रसाद भट्टराई**
**अध्यक्ष**

-प्रमुख अतिथिज्यू,
-विशिष्ट अतिथि तथा अतिथि ज्यूहरू,
-साधारणसभामा उपस्थित सभाका सदस्य ज्यूहरु
-यस कार्यक्रमलाई प्रकाशन र प्रसारणका लागि उपस्थित हुनुहुने पत्रकार मित्रहरु

आफ्नो व्यस्त समयका बावजुद पनि हाम्रो संस्थालाई उचित राय, सल्लाह तथा मार्गदर्शनका लागि उपस्थिति भइ कार्यक्रमको शोभा बढाइदिन उपस्थित हुनुभएकोमा हार्दिक आभार र कृतज्ञता प्रकट गर्दै कार्यक्रममा स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु।

## पृष्ठभूमी

कोसी प्रदेशको सुन्दर नगरी दमकमा स्थापना भइ क्रमश कोसी प्रदेशमा विस्तार भइरहेको राष्ट्रिय पहिचान बनाउन सफल स्थापित भएको मेची बहुउद्देश्यीय सहकारी संस्था लि. ले सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरूको अक्षरसः पालना गर्दै सहकारी ऐन, नियम विभागका निर्देशन, राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी निर्देशनहरु, संचालक समिति तथा साधारणसभाका निर्णयहरु पालना गर्दै संस्था निरन्तर अघि बढिरहेको छ। समुदायमा आधारित सदस्य केन्द्रित संस्था भएकोले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, नैतिक र व्यवसायिक क्षेत्रको उत्थानमा क्रमश संस्था सफल हुँदै गएको छ। समुदायको सरोकारलाई आत्मसाथ गर्दै शैक्षिक अभिभावकत्व ग्रहण, वातावरण संरक्षण, दैवी प्रकोप र मानवीय विपत्तिमा सहयोग जस्ता कार्यहरु गरेका कारण संस्थाले उत्कृष्ट सहकारी व्यवसायको पदवी तथा मान-सम्मानहरु निरन्तर प्राप्त गरिरहेको छ। सहकारी संरचनाभित्रका आवद्ध सरकारी निकाय र अभियन्ताहरुबाट प्राप्त सुझावहरुलाई आत्मसाथ गर्दै संस्था अघि बढिरहेको छ। सदस्यहरूको संस्थाप्रतिको अटल विश्वास र सहभागिता, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा सबै विषयगत उप-समिति, सेवा कार्यालय व्यवस्थापन उपसमिति र इकाईहरुको निस्वार्थ र जिम्मेवारीपूर्ण व्यवहार, संस्थामा कार्यरत कर्मचारीहरूको अहोरात्रको मेहनत, शुभेच्छुक, शुभचिन्तकहरूको अमूल्य सुझावहरूबाट संस्थाले विभिन्न अवसरमा स्थानीय, जिल्ला, प्रदेशस्तरीय तथा राष्ट्रियस्तरका थुप्रै सम्मान तथा पुरस्कार प्राप्त गर्नुका साथै उत्कृष्ट करदाताको रुपमा समेत स्थापित भएको छ।

सहकारी आन्दोलनका अभियन्ता तथा संस्थाका पूर्व अध्यक्ष स्व. गणेशप्रसाद बस्नेतको अगुवाई तथा पूर्व अध्यक्ष रोमनाथ ओलीको अध्यक्षता र तत्कालीन संचालक समिति सदस्यहरूको सकृयतामा २०५४ साल भाद्र १२ गते दर्ता भई २९ जना सदस्यहरूको रू.१,४५,०००।- शेयर पूँजीबाट पाइला अगाडि बढाएको हाम्रो संस्थाले उमेरको हिसावले ३० औं वर्षमा प्रवेश गरेको छ। असन्तुलित वित्तीय बजारको मारमा परिरहेको अवस्थामा समेत सदस्यहरुको संस्थाप्रतिको माया र सहकारी व्यवसायप्रति देखाउनु भएको विश्वासले हाम्रो संस्था अघिल्लो वर्षहरुझै राष्ट्रिय पहिचान बनाउन सफल हुनु, आफ्ना सदस्यहरूको वित्तीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने हुनु, सेवा सुविधा उपलब्ध गराउन सक्नुमा संस्थालाई माया गर्ने सदस्य, संचालक, कर्मचारीलगायतको उल्लेखनीय योगदान रहेको सहजै अनुमान गर्न सकिन्छ।

सहकारी क्षेत्रमा पछिल्ला समयमा चुनौती रहेता पनि समाजमा सहकारीप्रतिको ठूलो अफवाहका बीच पनि चुनौतीहरुलाई सामूहिक रुपमा सामना गर्दै चुनौतीभित्र देखिएका अवसरहरुलाई संस्थाको हितमा उपयोग गर्न सञ्चालक समिति क्रियाशील रहेको कुरा जानकारी गराउन चाहन्छु। समुदायमा आधारित भएका कारण संस्थाको गतिविधि र कारोबारलाई अझ व्यवस्थित, मर्यादित बनाउन आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि **दिगो र भरपर्दो वित्तीय व्यवसायिक संस्था** बनाउने परिकल्पना पूरा गर्न संस्था प्रतिबद्ध भएर लागिरहेकोले संस्थाप्रति विश्वस्त रहन समेत अनुरोध गर्दछु।

आदरणीय सदस्यज्यूहरू,

अब संस्थाले विगतदेखि हालसम्म एकल वा संयुक्त रूपमा संचालन गरी आएका कार्यक्रमहरूको अनुमोदन र आ.व. २०८२/२०८३ मा सञ्चालन गरिएका कार्यक्रम तथा आर्थिक गतिविधिहरुलाई यस साधारणसभा समक्ष अनुमोदनार्थ पेश गर्दछु।

## आर्थिक गतिविधि

### १) पूँजी तथा दायित्व

#### क) शेयर पूँजी:

गत वर्षको शेयर पूँजी रु ३९,७०,१७,३००।- रहेकोमा यस आ.व. मा ११३५२१००।- बृद्धि भइ रु ४०,८३,६९,४००।- कायम भएको छ।

#### ख) कोष:

गत वर्षको कोष रु ३१,४१,९१,८८५ रहेकोमा यस आ.व. मा रु ३१,७५,०८,३७१ कायम भएको छ।

#### ग) वचत/निक्षेप:

गत वर्षको वचत /निक्षेप रकम रु ३,७८,७४,६२,२५६ रहेको मा यस आ.व. मा ३६,२५,५६,२१९ थप भइ रु ४,१५,००,१८,४७५।- कायम भएको छ। जसमध्ये दीर्घकालीन प्रकृतिको बचत ५६.४२ प्रतिशत रहेको छ भने अल्पकालीन प्रकृतिको बचत ४३.५० प्रतिशत रहेको छ।

### २) सम्पत्ति

#### क) नगद तथा बैंक:

गत वर्ष रु ७९,८४,९३,०४४ रहेकोमा यस आ.व. मा रु १५,१२,१७,४२० बृद्धि भइ रु ९४,९७,१०,४६४ कायम भएको छ।

#### ख) लगानी:

गत वर्ष रु ५,४२,५५,४००।- रहेकोमा यस आ.व. मा रु.५०,०००।- थप गरी गरी रु. ५,४३,०५,४०० कायम भएको छ।

#### ग) कर्जा लगानी:

गत वर्ष रु ३,४९,३७,३६,१५७।- रहेकोमा यस आ.व. मा १९,४६,७८,९०५ थप भइ रु. ३,६८,८४,१५,०६२।-कायम भएको छ।

#### घ) स्थिर सम्पत्ति:

गत वर्ष ११,५३,९१,५२७ रहेकोमा यस आ.व. मा रु. २,३६,४७,२८०।- थप भइ रु. १३,९०,३८,८०७।- कायम भएको छ।

गत आ.व. मा गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा ४,५५,८६,११५ रहेकोमा यस आ.व. मा रु . १२,५५,०६१।- थप गरी रु. ४,६८,४१,१७६ भएको हुँदा उक्त थप भएको गैह्र बैंकिङ्ग सम्पत्ति समेतलाई अनुमोदनार्थ यस सम्मानित साधारणसभा समक्ष पेश गर्दछु।

### ३) आम्दानी

#### क) व्याज आम्दानी:

आ.व. २०८२/०८३ मा सदस्यहरुबाट प्राप्त व्याज आम्दानी रु. ३७,३२,७६,२९५।- भएको छ।

#### ख) अन्य आम्दानी:

आ.व. २०८२/०८३ मा सदस्यहरुबाट प्राप्त अन्य आम्दानी रु १,४३,११,७७६।- भएको छ।

## ४) खर्चहरु

### क) व्याज खर्चः

आ.व. २०८२/०८३ मा सदस्यहरुमा व्याज खर्च रु. २१,८४,१८,४१४।- भएको छ।

### ख) कर्मचारी प्रशासन खर्चः

आ.व. २०८२/०८३ मा कर्मचारी प्रशासन खर्च रु. ६,५१,००,५१३।- भएको छ।

### ग) सञ्चालन खर्चः

आ.व. २०८२/०८३ मा सञ्चालन खर्च रु. ३,८२,०४,००६।- भएको छ।

### घ) ह्रास कट्टी खर्च

आ.व. २०८२/०८३ मा ह्रास कट्टी तथा परिशोधन खर्च रु. ७३,१९,२५०।- भएको छ।

## ५) आ.व. २०८२/०८३ प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयनको अवस्था

| क्र.स. | प्रस्तावित योजनाहरु | कार्यान्वयनको अवस्था | लक्ष्य प्राप्ति नहुने कारण |
|---|---|---|---|
| १. | नियामक निकायको निर्देशन पालना सम्बन्धमा | सम्पूर्ण निर्देशनहरु पालना गरिएको | |
| २. | विनियम संशोधनको प्रस्ताव | प्रदेश रजिष्ट्रारको कार्यालयबाट स्वीकृत गरिसकिएको । | |
| ३. | सदस्य विस्तार सम्बन्धमा (लक्ष्य २०१०) | लक्ष्य प्राप्ति १९०६, ९४.८२ प्रतिशत प्राप्त भएको | लक्ष्य नजिक |
| ४. | बृद्धि विकासका कार्यक्रमहरु | समुदायमा आधारित कार्यक्रमहरु ५० प्रतिशत गरिएको । | राजनीतिक तथा वित्तीय अस्थिरताका कारण लक्ष्य प्राप्ति हुन नसकेको |
| | | कर्मचारीका कार्यक्रमहरु ९० प्रतिशत भएको | अधिकांश लक्ष्य प्राप्ति भएको |
| | | सञ्चालकका कार्यक्रमहरु ९० प्रतिशत भएको | ९० प्रतिशत लक्ष्य प्राप्ती |
| | | सदस्यहरुसँगको कार्यक्रम ७५ प्रतिशत गरिएको । | सदस्य शिक्षा कार्यक्रम मागका आधारमा सञ्चालन गर्ने भनी साधारणसभाबाट पास भए अनुसार सदस्यहरुबाट माग नभएको हुँदा |
| ५. | अन्य कार्यक्रमहरु | ९० प्रतिशत कार्यक्रमहरु सम्पन्नगरिएको | कानुनी समस्या |
| ६. | खानेपानी सञ्चालन | सञ्चालन गरिएको | |
| ७. | सहकारी आवास २ | सहकारी आवास २ अध्ययन अनुसन्धान भइरहेको | सरकारबाट स्वीकृति नपाइएकोले सहकारी आवास निर्माणमा जान कानुनी समस्या । |
| ८. | नेपाल दर्शन | २२८ सदस्यहरुलाई मुक्तिनाथ दर्शन गराइएको | लक्ष्य प्राप्ति भइसकेको । |
| ९. | फलफूल खेती | फलफूल खेतीको अनुसन्धान भएको | अध्ययनका क्रममा रहेको । |
| १०. | उर्लाबारीमा संस्थाको भवन निर्माण | निर्माण नभएको | एशियन स्ट्याण्डरको हाइवे निर्माण भइरहेको हुँदा संस्थाको जमिन हाइवेसँग छोएकोले हाइवे निर्माणपछि मात्र भवन निर्माण गर्नुपर्ने प्राविधिक पक्षबाट सुझाव प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| ११ | कर्जा असुली सम्बन्धमा | क) यस आ.व. मा सदस्य भोला महत्तो र विन्द्र राजवंशीको जग्गा लिलाम बिक्री गरी संस्थाको कर्जा असुल गरिएको । ख) सदस्य सरु विश्वकर्माको जग्गा लिलाम गरी संस्थाकै नाममा दाखा गरिएको । ग) ऋणी सदस्य तारा कन्दङ्वा विरुद्ध संस्थाले झापा जिल्ला अदालतमा मुद्दा दायर गरी मुद्दा मार्फत् कर्जा असुल गरिएको । | अन्य अनियमित कर्जाहरु क्रमश कानुनी प्रक्रिया अवलम्बन गरी असुल गर्दै लगिनेछ । |

## ६) नियामक निकायहरुको नियम कानुन र निर्देशनलाई कार्यान्वयन गरिएको छ :

- ✓ राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा निर्देशन भए अनुसार संस्थाको सदस्यता प्राप्त गरिएको।
- ✓ कर्जा सूचना केन्द्रले दर्ता हुन आव्हान गरे अनुसार संस्था कर्जा सूचना केन्द्रमा आवद्ध भइसकेको ।
- ✓ सहकारी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०८३ लाई क्रमशः कार्यान्वयन गरिने ।

## ७) आ.व. २०८२/०८३ को केही कोष खर्च, कोषआन्तर तथा अन्य वित्तीय लगानी र असुलीलाई अनुमोदनार्थ पेश गर्दछु

क) आ.व. २०८२।०८३ मा गरिएको सदस्य शिक्षा कोष र संरक्षित पूँजी कोषमा बाँकी रहेको रु. २५,९७,२०७.६८ (अक्षरेपी पच्चिस लाख सन्तानब्बे हजार दुई सय सात रुपैयाँ अड्सठ्ठी पैसा)लाई जगेडा कोषमा रकमान्तर गरिएकोले उक्त रकमान्तर गरिएको रकमलाई अनुमोदनार्थ पेश गर्दछु।

ख) लाभांश कोषमा रहेको रकम रु.२,३८,३०,०४४।- लाई कर्जा जोखिम कोषमा रकमान्तर गरिएकोले उक्त रकमान्तर गरिएको रकमलाई अनुमोदनार्थ पेश गर्दछु।

ग) संस्थाबाट कर्जा लिएका ऋणी सदस्य विन्द्र राजवंशी र भोला महतो शर्माको जग्गा लिलाम गरी संस्थाले कर्जा असुल गरेको र सरु विश्वकर्माको लिलाम बिक्री गर्दा कोही कसैको कोटेशन नपरेको हुँदा पञ्चकृत मूल्यांकन गरी संस्था आफैले रु ११,७०,००० (एघार लाख सत्तरी हजार) मा धितो सकार गरिएकोले उक्त सकार गरिएको धितोलाई अनुमोदनार्थ पेश गर्दछु।

घ) संस्थाको कर्जा कार्यविधिमा भएको व्यवस्था अनुसार यस आ.व. मा कर्जा तथा ब्याज छुट गरिदिएको रकम रु१६,७४,१६५.७२ (अक्षरेपी रु सोह्र लाख चौहत्तर हजार एक सय पैसठ्ठी रुपैयाँ बहत्तर पैसा) लाई अनुमोदनार्थ पेश गर्दछु।

ङ) संस्थाका सदस्यहरुलाई दिइने सुविधा अन्तर्गत कर्जा लिएकै बखत सदस्यको मृत्यु भएमा अधिकतम रु १,५०,०००।- सम्म कर्जा छुट गर्ने नीति अनुसार यस आ.व. मा संस्थाका सदस्यहरु देवबहादुर श्रेष्ठ, भविन्द्र बोहोरा, माधव बस्नेत र हरिचन्द्र तामाङ समेतको रु ४,०८,२४२.१७ (अक्षरेपी चार लाख आठ हजार दुई सय बयालिस रुपैयाँ सत्र पैसा) रकमलाई अनुमोदनार्थ यस साधारणसभा समक्ष पेश गर्दछु।

च) आ.व. २०८२/०८३ मा संस्थाका सेवा कार्यालयबाट सदस्यहरुलाई प्रदान गरिएको विविध शीर्षकका सुविधा बापतको तपसिल अनुसारको रकमलाई यस साधारणसभामा अनुमोदनार्थ पेश गर्दछु।

| | | | |
|---|---|---|---|
| १) दमकः रु.४३,६१,७००।- | २) उर्लाबारीः रु. ५,१४,३६५।- | ३) मिक्लाजुङः रु. ८,४६,३१०।- | ४) पथरीः रु. ४,९१,५००।- |
| ५) चुलाचुलीः रु. २,००,२५०।- | ६) बिर्तामोडः रु. ८,३७,६७०।- | ७) कनकाईः रु. ३,२७,५००।- | ८) शिवसताक्षीः रु. १,९६,२५०।- |
| ९) गौरादहः रु. २,७७,१५०।- | १०) कमलः रु. ५,४६,१९९।- | ११) लेटाङः रु. १,६१,५००।- | १२) बेलबारीः रु २,८४,७५०।- |

## ८) संस्थाका विनियम तथा कार्यविधि संशोधन सम्बन्धमा

संस्थामा विद्यमान रहेका कार्यविधिहरुसँग सहकारी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०८३ सँग बाझिएका सबै कार्यविधिका बुँदाहरुलाई संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिनका लागि साधारणसभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु।

## ९) सेवा कार्यालय सम्बन्धमा

संस्थाले हालसम्म १२ वटा सेवा कार्यालय र एउटा मुख्य कार्यालय मार्फत् सदस्य बिच कारोबार सञ्चालन गर्दै आएको छ। केही सेवा कार्यालयहरु बाहेक अन्य सबै सेवा कार्यालयहरु नाफामा देखिएका छन् र यस आ.व. बाट संस्थाका १२ वटै सेवा कार्यालयहरुलाई अझ मजबुत र थप व्यस्थित गर्दै लगिनेछ।

**सदस्य महानुभावहरू !**

संस्थामा पूँजी लगानी गर्ने सदस्यहरूले आफ्नो लगानीमा उत्कृष्ट लाभ, बचतमा आकर्षक ब्याज, कर्जा लिने ऋणी सदस्यले न्यून व्याजदरमा अधिक कर्जाको अपेक्षा र काम गर्ने कर्मचारीले आफ्नो नोकरीको ग्यारेन्टी र उत्कृष्ट तलबको अपेक्षा गरेका हुन्छन् जुन स्वभाविक हो।

यी सबै मागको सन्तुलित व्यवस्थापन गर्नका लागि विविध समयमा तयार गरिएका योजनाहरू समयमै पूरा भएका छन्। संचालन गर्दै आएका कार्यक्रमहरू, त्यसबाट प्राप्त उपलब्धीहरू, कार्यक्रमहरूको निरन्तरता, परिमार्जन र अब समावेश गरिने कार्यक्रमहरूको सम्बन्धमा संस्थासँग सम्बन्धित सबै पक्षलाई जानकारी गराउने र स्वीकृति लिने उद्देश्यले आ.व. २०८३।०८४ का लागि गरिने कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १०) सदस्यता वितरणसम्बन्धी नीति :-

अ) खुल्ला सदस्यताको नीति कायमै गरिएको छ।

आ) १००० शेयर पूँजीभएका सदस्यहरुलाई १०००० पुऱ्याउन प्रेरित गरिनेछ।

इ) पुराना सदस्यहरुले आफ्नो KYM अद्यावधिक गर्न बाँकी रहेको भए कार्यालयमा उपस्थित भइ अनिवार्य KYM अद्यावधिक गर्नुपर्नेछ।

ई) नयाँ सदस्यता लिन आउने व्यक्तिहरुलाई अनिवार्य रुपमा सहकारीका बिषयमा परामर्श गरेर मात्र सदस्यता प्रदान गरिनेछ।

उ) खुल्ला सदस्यको नीति अवलम्बन गरी संस्थाको कार्यक्षेत्रभित्र सदस्यता विस्तार गरिनेछ।

## ११). आ.व. २०८३/०८४ का लागि सदस्य बृद्धिको लक्ष्य

| क्र.स. | सञ्चालित सेवा कार्यालय | थप गरिने सदस्य संख्या |
|---|---|---|
| १. | दमक सेवा कार्यालय | ५०० जना |
| २. | कमल सेवा कार्यालय | १५० जना |
| ३. | उर्लाबारी सेवा कार्यालय | १५० जना |
| ४. | मिक्लाजुङ सेवा कार्यालय | १०० जना |
| ५. | पथरी सेवा कार्यालय | १५० जना |
| ६. | चुलाचुली सेवा कार्यालय | ५० जना |
| ७. | बिर्तामोड सेवा कार्यालय | ३०० जना |

| क्र.स. | सञ्चालित सेवा कार्यालय | थप गरिने सदस्य संख्या |
|---|---|---|
| ८. | गौरादह सेवा कार्यालय | १०० जना |
| ९. | शिवसताक्षी सेवा कार्यालय | १५० जना |
| १०. | कन्काई सेवा कार्यालय | १५० जना |
| ११. | लेटाङ सेवा कार्यालय | १०० जना |
| १२. | बेलबारी सेवा कार्यालय | १५० जना |
| | जम्मा | २०५० जना |

## १२). निष्कृय सदस्यहरुको सम्बन्धमा :-

- कारोबार नगरी निष्कृय भएका सदस्यहरुलाई सक्रिय बनाउन प्रेरित गरिनेछ।
- एक आर्थिक वर्षभरी कुनै पनि कारोबार नगर्ने सदस्यहरुलाई निष्कृय सदस्यको सूचीमा सूचीकृत गरिनेछ।
- संस्थामा संचालित कार्यक्रमहरूमा सहभागी नहुने र कर्जा अनियमित गर्ने सदस्यहरूले संरक्षित पूँजी कोष प्राप्त गर्न नसक्ने कुरा पुनःस्मरण गराउन चाहन्छु।

## १३) बचत नीति सम्बन्धमा :

संस्थाले संचालन गरेका कार्यक्रमहरू मध्ये महत्वपूर्ण कारोबार भनेको वचत तथा कर्जा नै हो । बचतको सुरक्षा र परिचालन गर्नु संस्थाको जिम्मेवारी हुन्छ। उक्त जिम्मेवारी पूरा गर्न संस्थाले बचत नीतिलाई यस आ.व. मा निम्न अनुसारको नीति बनाइ बचत परिचालन गर्नेछ। संस्थाले कूल वासलातको ८४.४८ प्रतिशत बचत स्वीकार गरेको छ।

- छोटो अवधिको बचतलाई भन्दा लामो अवधिको बचतलाई प्राथमिकता दिइने छ।
- गत आ.व. मा सञ्चालित सबै प्रकारका वचतहरुलाई निरन्तरता दिइएको छ।
- सदस्यले प्राप्त गर्ने सुविधाबाट बञ्चित हुन नदिन नियमित बचत र पेन्सन बचतलाई नियमित गर्न सदस्यहरुलाई प्रेरित गरिनेछ।
- ठूलो बचतलाई भन्दा सानो बचतलाई प्राथमिकता दिइने छ।
- सामुदायिक विद्यालय, टोल विकास संस्था र अन्य गैह्र नाफामूलक संस्थालाई सदस्यता दिई बचतमा सहभागी गराइने छ ।
- प्रत्येक सदस्यलाई दैनिक वचतमा जोड्ने कार्यक्रम अगाडि सारिने छ।
- आवधिक बचत खातामा ०.५ प्रतिशत व्याजदर बढी/घटी गराउन प्रमुख कार्यकारी अधिकृतलाई दिएको अधिकार कायमै राखिएको छ।
- संस्थाले सञ्चालन गरेका तपसिल अनुसारका बचत कार्यक्रमहरुलाई अझै व्यवस्थित गर्दै लगिने छ। अघिल्लो आ.व.का बचत खाताहरुलाई निरन्तरता दिदै दीर्घकालीन बचत खातालाई नियमित बचत खाता नामाकरण गरी केही परिवर्तन गरिएको छ।

**(क) साधारण बचतः**

- यो बचत साना व्यवसायीहरुलाई लक्षित गरिएको छ।
- यो खाताको न्यूनतम ब्यालेन्स रु १०० हुनेछ, रु १० भन्दा माथि जति पनि बचत गर्न सकिनेछ।
- यो खातामा आफैं उपस्थित भएर वा संस्थाका बजार प्रतिनिधिहरु मार्फत् रकम जम्मा गर्न सकिनेछ।
- दैनिक रुपमा ब्याज गणना गरी त्रैमासिक रुपमा भुक्तानी गरिनेछ।

**(ख) बचत :**

- सदस्यहरुलाई प्रदान गरिने सुविधाहरु (बोनस, कर्जा लगानीलगायत अन्य सबै वित्तीय सुविधाहरु) यसै खाता मार्फत् भुक्तानी गरिने हुँदा सदस्य बनेकै बखत यो खाता सञ्चालन गर्नुपर्नेछ।
- यो खातामा न्यूनतम ब्यालेन्स रु ५००।- हुनेछ।
- यस खातामा दैनिक मौज्दातमा ब्याज भुक्तानी गरिनेछ।

**ग) बाल बचतः**

- यो खाता सदस्यहरुले आफ्ना छोराछोरीका नाममा खोल्न सक्नुहुनेछ।
- यो खाता सञ्चालन गरेका सदस्यका छोराछोरीहरुलाई मात्र शैक्षिक प्रोत्साहन योजना अन्तर्गत (विद्यालय प्रथम, एसइइ ४ जिपिए सम्मान,+२ मा उत्कृष्ट अंक ल्याउने २४ जनालाई पुरस्कार) सञ्चालन गरिएको छ।
- यो खाता सञ्चालन नभएका सदस्यका छोराछोरीहरुले माथि उल्लेखित सुविधा उपभोग गर्न पाउने छैनन्।
- यो बचतमा न्यूनतम रकम १०० बाट शुरुवात गरिनेछ।

**घ) ज्येष्ठ सदस्य बचतः**

- सदस्य स्वयम् वा सदस्यका बुवा, आमाका नाममा जीवनको उत्तरार्धलाई सहज बनाउने उद्देश्यले यो खाता सञ्चालन गरिनेछ।
- यस खातामा मासिक ब्याज भुक्तानी गरिनेछ।
- सदस्यले आवश्यकता महसुस वा अशक्त सदस्यहरुका लागि सदस्यले माग गरेको रकम घरमै पुऱ्याउने व्यवस्था संस्थाले गर्नेछ।
- यस खाताको न्यूनतम ब्यालेन्स रु १०० रहनेछ।

**ङ) विशेष बचतः**

- ठूलो कारोबार गर्ने सदस्यहरुका लागि यो बचत खाता सञ्चालन गरिएको छ।
- यो खातामा आफैं उपस्थित भएर वा संस्थाका बजार प्रतिनिधिहरु मार्फत् रकम जम्मा गर्न सकिनेछ।
- यस खातामा न्यूनतम मौज्दात रु ५००० रहनेछ।
- बजारदर अनुसार ब्याजदर कायम गरिनेछ।

**च) पर्व बचतः**

- सदस्यको आफ्नो संस्कार र परम्परा अनुसार मनाइने चाडपर्वहरुका लागि खर्च जोहो गर्न यो खाता सञ्चालन गरिएको हो।
- यो खातामा आफैं उपस्थित भएर वा संस्थाका बजार प्रतिनिधिहरु मार्फत् रकम जम्मा गर्न सकिनेछ।
- यस खातामा न्यूनतम मौज्दात रु ५०० रहनेछ।
- यो खातामा जम्मा गरेको रकम आफ्नो धर्म र संस्कृति अनुसारका पर्वहरुमा मात्र निकाल्न पाइनेछ।

**छ) कर्मचारी बचतः**

- यो खाता विभिन्न निकायका कर्मचारीहरुलाई लक्षित गरी सञ्चालन गरिएको छ।
- यस खातामा रकम जम्मा गर्न र निकाल्न सदस्यको आवश्यकता अनुसार पाइनेछ।
- यस खातामा न्यूनतम ब्यालेन्स रु २००० रहनेछ।
- यस खातामा बजारदर अनुसार ब्याज भुक्तानी गरिनेछ।

**ज) नारी बचतः**

- यो खाता संस्थाका गृहणी महिला सदस्यहरुका लागि लक्षित गरी सञ्चालन गरिएको छ।
- यस खातामा रकम जम्मा गर्न र निकाल्न सदस्यको आवश्यकता अनुसार पाइनेछ।
- यस खातामा न्यूनतम ब्यालेन्स रु ५०० रहनेछ।
- यस खातामा त्रैमासिक रुपमा ब्याज भुक्तानी गरिनेछ।

**झ) योजना बचतः**

- सदस्यहरुले आफ्नो कुनै निश्चित योजना बनाइ क्रमश जम्मा गर्ने गरी यो खाता सञ्चालन गर्न सक्नेछन्।
- यस खातामा न्यूनतम मौज्दात १०० कायम गरिएको छ।
- यस खातामा त्रैमासिक रुपमा ब्याज भुक्तानी गरिनेछ।

**ञ) संस्थागत बचतः**

- संस्थामा आवद्ध गैह्र नाफामूलक संघसंस्थाहरु (सरकारी विद्यालय, टोल विकास संस्थाहरु, एनजीओ, आइएनजीओ, भजनकीर्तन मण्डली) लाई लक्षित गरी संस्था आफैं वा सम्बन्धित संस्थाबाट रकम दिइ वा लिइ सदस्यता प्रदान गरी यो खाता सञ्चालन गरिनेछ।
- यस खातामा न्यूनतम ब्यालेन्स रु ५०० कायम गरिएको छ।
- यस खातामा त्रैमासिक रुपमा ब्याज भुक्तानी गरिनेछ।

**ट) मेची पेन्सन बचतः**

- यो बचत खाता नियमित बचत खाता खोल्न नचाहने सदस्यहरुले नियमित बचत खाता सञ्चालन गर्दा प्राप्त गरिने सुविधाहरु प्राप्त गर्ने गरी यो खाता सञ्चालन गरिनेछ।
- यो खाता १० वर्ष नियमित सञ्चालन गर्नुपर्नेछ। १० वर्षपछि एकमुष्ट ब्याज भुक्तानी गरिनेछ।
- यस खातामा न्यूनतम रु १००० ले मासिक जम्मा गर्ने वा एकमुष्ट रु २,००,००० जम्मा गरी संस्थाबाट उपलब्ध हुने सुविधाहरु उपभोग गर्न पाइनेछ।
- यस खातामा नियमित १००० वा एकमुष्ट २,००,००० भन्दा घटी भएमा सदस्यले प्राप्त गर्ने सुविधा प्राप्त गर्नेछैन। तर दीर्घकालीन बचत नियमित भए रु १००० भन्दा माथिको रकम फिर्ता लान समेत सकिनेछ।
- यो खाता बजारको ब्याजदर अनुसार त्रैमासिक रुपमा ब्याज भुक्तानी गरिनेछ।

**ठ) आवधिक बचतः**

- एकमुष्ट निश्चित समयका लागि बचत गर्ने सदस्यहरुका लागि यो खाता सञ्चालन गरिएको छ।
- यस खातामा न्यूनतम रु ५००० भन्दा माथि रु ३,००,००,००० सम्म बचत गर्न सकिनेछ।
- यो खाताको समयावधि न्यूनतम ३ महिनादेखि ३ वर्षसम्मको हुनेछ।
- यस खातामा त्रैमासिक ब्याज भुक्तानी गरिनेछ।

**ड) मेघा बचतः**

- सदस्यको आवश्यकता अनुसार ठूला कारोबार गर्ने सदस्यहरुलाई प्रोत्साहित गर्न यो खाता सञ्चालन गरिएको छ।
- यस खातामा न्यूनतम ब्यालेन्स र अधिकतम ब्यालेन्सका आधारमा ब्याजदर कायम गरिएको छ।
- बजारको दर अनुसार सञ्चालक समितिबाट निर्णय गरी ब्याजदर कायम गरिनेछ।
- यो बचत खाता न्यूनतम ब्यालेन्स रु ५०,००० बाट सुरु हुनेछ।

**ढ) नियमित बचतः**

- यो खाताको मुख्य उद्देश्य भनेको “उमेर छदाको कमाई बुढेसकालमा रमाई” हो ।
- सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सुविधाहरुसँग यो बचत खाता जोडिएको छ ।
- यो खाता नियमित नहुने सदस्यहरुले संस्थाले दिने कुनै पनि सुविधाहरु उपलब्ध गराइने छैन ।
- यो खातामा रकम जम्मा गर्दा जम्मा भएको रकममा ९ प्रतिशत ब्याज दिइदै आएकोमा यस आ.व. बाट ६ प्रतिशत कायम गरिएको छ ।
- यस खातामा तोकिएको अवधि पूरा भएपछि आफूले जम्मा गरेको रकममा ६.४० प्रतिशत ब्याजदर कायम गरिएको छ ।
- यो खातामा बजारको मूल्य अनुसार बचतको ब्याजदर परिवर्तन भए परिवर्तित ब्याजदरमा रकम भुक्तानी गरिनेछ ।
- यो खाताको नियम परिवर्तनका मुख्य कारणहरु
  - अ) वित्तीय बजारको अस्थिरता
  - आ) संघीय सरकार र प्रदेश सरकारको कानुन अनुसार एउटा शीर्षकको बचतको ब्याजदर र अर्को शीर्षकको बचतको ब्याजदर ३ प्रतिशतभन्दा तल माथि बनाउन नपाइने भएको हुँदा
  - इ) सदस्यले प्राप्त गर्ने ब्याजलाई सदस्यकै खातामा कायम गर्न ।
  - ई) यस बचत कार्यक्रमको नीति परिवर्तनबाट सदस्यले उक्त कार्यक्रमबाट बाहिरिन चाहे हालसम्म पाकेको सम्पूर्ण ब्याज सहित बाहिरिन सक्नेछन् । तर सुविधा प्राप्त गर्न भने अर्को पेन्शन बचत वा नियमित बचत खाता अनिवार्य सञ्चालन गर्नुपर्नेछ ।

**ण) क्रमिक बचतः**

- यो खाता निश्चित अवधि तय गरी सदस्यहरुले नियमित रुपमा बचत गर्नुपर्नेछ।
- यो बचत खाता न्यूनतम रु १०० भन्दा माथि मासिक रुपमा जम्मा गर्ने गरी सञ्चालन गर्न सकिनेछ।
- यो खातामा सदस्यले तोकिएको रकम हरेक महिना नियमित नबुझाए संस्थाले सम्झौता गरे अनुसारको ब्याजदरमा रकम फिर्ता गर्न बाध्य हुनेछैन।

*माथि उल्लेखित बचत खाताहरुको ब्याजदरलाई समय सापेक्ष सञ्चालक समितिबाट थपघट गरी आउने साधारणसभाबाट अनुमोदन गराइनेछ।*




**शिवसताक्षी सेवा कार्यालयद्वारा आयोजित सदस्य विस्तारित मञ्च कार्यक्रम**

## बचतको ब्याजदरसम्बन्धी विवरण

| क.सं. | वचतको प्रकार | न्यूनतम मौज्दात | हाल कायम रहेको ब्याजदर | हरेक ३ महिनामा ब्याज पूँजीकृत गरिनेछ |
|---|---|---|---|---|
| १ | साधारण बचत | १०० | २.७५% | दैनिक ब्याज गणना |
| २ | बचत खाता | ५०० | २.७५% | दैनिक ब्याज गणना |
| ३ | नियमित बचत खाता | १०० | ६% | अवधि पूरा भएपछि एकमुष्ठ |
| ४ | क्रमिक बचत | १०० | ६% | अवधि पूरा भएपछि एकमुष्ठ |
| ५ | जेष्ठ सदस्य बचत | १०० | ३.२५% | मासिक |
| ६ | पर्व बचत | ५०० | ३.५०% | त्रैमासिक |
| ७ | बाल बचत | १०० | ३.२५% | त्रैमासिक |
| ८ | विशेष बचत (दैनिक मौज्दातमा ब्याज) | ५००० | ३.००% | त्रैमासिक |
| ९ | बुहारी बचत | ५०० | २.७५% | त्रैमासिक |
| १० | कर्मचारी विशेष बचत | २००० | ३.००% | त्रैमासिक |
| ११ | नारी बचत | ५०० | ३.७५% | त्रैमासिक |
| १२ | सदस्य बिमा बचत योजना | २००० | ६% | औषधि उपचार तथा दुर्घटना |
| १३ | योजना बचत बचत नीति अनुसार) | १०० | ३.५०% | अवधि पूरा भएपछि एकमुष्ट |
| १४ | पेन्सन बचत | १००० | ३-५% | अवधि पूरा भएपछि |
| १५ | मेघा बचत | ५०,००० | २.५०-३.२५ | त्रैमासिक |
| १६ | आवधिक बचत | ५००० | ३-४% | त्रैमासिक, ६ महिने, १ वर्षे, २ वर्षे |

- वचतको जम्मा, फिर्ता र सर्त सुविधा भने बचत नीति अनुसार हुनेछ।
- उल्लेखित ब्याजदर साधारणसभा सम्पन्न भएपछि सञ्चालक समितिबाट कार्यान्वयन हुनेछ।
- समय सापेक्ष सञ्चालक समितिबाट ब्याजदर परिवर्तन गर्न सकिनेछ।
- नियमित बचत अनियमित भए संस्थाले दिने सेवा सुविधा उपभोग गर्न पाइनेछैन।



लेटाङ सेवा कार्यालयद्वारा आयोजित सदस्य विस्तारित मञ्च कार्यक्रम

## १४. कर्जा लगानी :-

हाम्रो संस्था बहुउद्देश्यीय भए तापनि बचतको सुरक्षाका लागि कूल वासलातको ७५.०८ प्रतिशत कर्जा लगानी गरिएको छ। संस्थाले सदस्यहरुलाई छिटो र छरितो तरिकाले सदस्यको आवश्यकता अनुसार कर्जा लगानी भइरहेको बिषय यहाँहरुलाई विदितै छ। आ.व. २०८३/०८४ मा पनि कर्जाको शिलिङलाई अधिकतम १,००,००,०००।- (एक करोड) कायम गरी सो भन्दा थप घट गर्नुपरे सञ्चालक समितिले निर्णय गर्नेछ।

आ.व. २०८३/०८४ मा कर्जा लगानीलाई अझ व्यवस्थित गर्न केही नीतिहरुलाई निरन्तरता दिँदै सहकारी ऐन, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएका मापदण्डहरु र संस्थाको कर्जा कार्यविधिलाई आधार बनाइ यस आ.व. मा कर्जा लगानीका लागि तपसिल अनुसारको व्यवस्था गरिएको छ।

तपसिल

क) कर्जाको शिलिङलाई अधिकतम १ करोड कायम गरिएको छ र बचत जमानत मार्फत् कर्जा लिन चाहने सदस्यहरुलाई यस सिलिङले बाधा पुर्‍याउने छैन।

ख) संस्थाको आवश्यकता, सदस्यको आम्दानी, सदस्यको धितो सुरक्षा र बजारको अवस्था हेरी कर्जाको सिलिङलाई सञ्चालक समितिबाट थप वा घट गर्न सकिनेछ।

ग) एकाघर संगोलमा २ जनालाई मात्र कर्जा लगानी गर्ने व्यवस्था गरिएको छ।

घ) संस्थाको कार्यक्षेत्रभन्दा बाहिरको धितोलाई स्वीकार नगर्ने नीति लिइएको छ।

ङ) संस्थाको कार्यक्षेत्रभन्दा बाहिर व्यवसाय गर्ने सदस्यलाई कर्जा लगानी गरिनेछैन।

च) धितो मूल्यांकन शुल्क न्यूनतम १६५० देखि अधिकतम ६०५० सम्म कायम गरिएको छ।

छ) एक आर्थिक वर्षभरी कर्जाको किस्ता र ब्याज नबुझाउने सदस्यहरुलाई कर्जा सूचना केन्द्रमा कालो सूचीका लागि पठाउन सकिनेछ।

ज) कर्जा बुझाउन अटेर गर्ने सदस्यहरुका लागि कर्जा अशुली न्यायाधिकरणमा फायल पठाइने छ।

झ) यस आ.व. मा कृषक सदस्यहरुसँग जोडिनका लागि "**कृषकसँग सहकारी कार्यक्रम**" सञ्चालन गरिनेछ। जस अन्तर्गत सदस्यहरुलाई दुग्ध तथा मासुजन्य व्यवसायमा अधिक लगानी गरिनेछ।

ञ) परियोजनाका आधारमा लगानी गरिने कर्जालाई ३ महिनादेखि १ वर्षसम्मको ग्रेस पिरियड कायम गरिनेछ। सो अवधिमा सदस्यहरुले ब्याजमात्र दैनिक वा मासिक भुक्तानी गरे हुने व्यवस्था गरिनेछ।

ट) प्राविधिक शिक्षालाई प्राथमिकता दिनका लागि सदस्य, सदस्यका छोराछोरी, संस्थाका कर्मचारीहरुलाई ल्यापटप खरिद गर्नुपरे ५ प्रतिशत ब्याजदरमा २ वर्ष ब्याजदर परिवर्तन नगर्ने गरी बढीमा १,५०,००० (एक लाख पचास हजार) सम्म लगानी गरिनेछ। ल्यापटप खरिद गर्दा बिल पेस गरेपछि मात्र रकम भुक्तानी गरिनेछ।

ठ) कर्जा लगानी गर्नु पूर्व सदस्यसँग परामर्श गरेर मात्र कर्जा लगानी गरिनेछ।

ड) कर्जा लगानीको परिमाणात्मक अनुपातभन्दा संख्यात्मक अनुपात बृद्धि गर्नुपर्ने देखिएको हुनाले साना कर्जा लगानीलाई प्राथमिकतामा राखी कर्जा लगानी गरिनेछ।

ढ) सदस्यले कर्जा लिइ कर्जाको सदुपयोग गर्नु सदस्यको जिम्मेवारी हुनेछ यदि सदस्यले संस्थालाई थाहा नदिइ आफ्नो नाममा कर्जा लिइ दोस्रो पक्षलाई कर्जा चलाउन दिएको थाहा भएमा सहकारी ऐन २०७४ को व्यवस्था अनुसार कर्जा अपचलनमा सदस्यहरुलाई कार्वाही हुनसक्नेछ।

ण) ऋणी सदस्यले धितोका रुपमा दिएको घर जग्गामा तेस्रो पक्ष बसोबास गरेको र कुनै व्यहोरा लेखी अन्य घरायसी सम्झौता गरेको हुनु हुँदैन। यदि संस्थालाई थाहा नदिइ कुनै सम्झौता गरी संस्थालाई झुक्याइ संस्थामा धितो राखेको पाइएमा संस्थाले थाहा पाएपछि कर्जा लग्दा गरिएको सम्झौता अनुसारको अवधिलाई परिवर्तन गरी यथाशक्य कर्जा असुली प्रक्रिया अगाडि बढाइनेछ।

त) कर्जा स्वीकृत सीमालाई कर्जा नीतिको परिच्छेद ४ को दफा २१ अनुसार कायम गरिएको छ।

थ) सदस्यले कर्जा माग गर्दा जुन शीर्षकमा माग गरिएको हो सोही शीर्षकमा नै लगानी गर्नुपर्ने छ।

द) कर्जा लगानी गर्दा सदस्यको आम्दानीका आधारमा कर्जा किस्ता निर्धारण गरी सदस्य

आफैंले तय गरेको मिति अनुसार कर्जा भुक्तानी तालिका तयार गरिने छ।

ध) सबै प्रकारका स्वीकृत कर्जा प्राप्त गर्नका लागि सदस्यहरूले परिवारका अंशियार सदस्यहरूलाई जमानी राख्नुपर्नेछ।

न) परियोजनामा लगानी गर्दा परियोजनासँग सम्बन्धित आवश्यक कागजातहरू समावेश गर्नुपर्ने छ।

प) सदस्यको माग भएमा समान रकमको भुक्तानी तालिका (EMI) बनाइने छ।

फ) शैक्षिक कर्जाको अधिकतम सीमा ५० लाख बनाइएको छ। यो सीमा सेवा कार्यालय अन्तर्गतको कर्जा लगानीको सिलिङले बाधा पुऱ्याउने छैन।

ब) स्मार्ट कर्जा तपसिल अनुसारका क्षेत्रहरुमा लगानी गरिनेछ। उल्लेखित क्षेत्रहरुमा कर्जा लिने सदस्यहरुले तपसिल अनुसारकै सर्तहरु पालना गर्नुपर्नेछ।

अ) **कर्जा लगानी गरिने क्षेत्रहरुः** उद्योग, घर जग्गा कारोबार, कृषि उपकरण, बहुवर्षीय कृषि, चिया उत्पादन, शेयर लगानी, वैदेशिक उच्च शिक्षा, हाइड्रोपावर, ठेक्कापट्टा आदि क्षेत्रहरुमा लगानी गरिनेछ।

आ) **यस कर्जाका सर्त बन्देजहरु**

- यस कर्जाको अधिकतम सीमा १,००,००,००० (अक्षरेपी रु एक करोड मात्र) रहनेछ।
- यो कर्जाको समयावधि १० वर्षको स्वीकृत गरिने तर हरेक २ वर्षमा ०.१ प्रतिशत सेवा शुल्क लिइ नविकरण गर्नुपर्नेछ।
- हरेक त्रैमासिकमा अनिवार्य ब्याज बुझाउनुपर्नेछ। त्रैमासिक रुपमा ब्याज नबुझाए सम्पूर्ण साँवामा १ प्रतिशत ब्याज स्वतः बृद्धि हुनेछ।
- यस कर्जा शीर्षकमा नियमित बचत (नियमित बचत क्रमिक बचत र पेन्शन बचतको रकम गणना गरिनेछ) को ६५ प्रतिशत र कूलकर्जा लगानीको २० प्रतिशत जुन घटी हुन्छ सो को प्रतिशतको अनुपातमा मात्र लगानी गरिनेछ।
- यस कर्जाको नियमित रुपमा ब्याज नबुझाएमा नविकरण गरिने छैन।

भ) दुई आर्थिक वर्षसम्म कर्जाको किस्ता र ब्याज केही पनि नआएमा सदस्यले राखेको धितो जमानत लिलाम प्रक्रिया अगाडि बढाइनेछ भने सदस्यको अवस्था हेरी केही किस्ता र ब्याज जम्मा गर्दै लगे यो व्यवस्था लागू हुनेछैन।

म) महिला सदस्यहरुलाई उद्यमी बनाउने अभिप्रायले महिला उद्यमी कर्जाको थालनी गरिएको छ। उक्त कर्जाको ब्याजदर ३ वर्ष अवधिलाई ९.५ प्रतिशतभन्दा माथि ३ वर्षसम्म ब्याजदर नबढ्ने गरी कर्जा लगानी गरिनेछ। बजारको अवस्था अनुसार घटेको समयमा घट्नेछ। यो कर्जा लगानी गर्दा फर्म दर्ता भएको हुनुपर्नेछ। सिटी सफारी तथा अन्य चार पांग्रो साधन खरिद गरी सञ्चालन गर्दा सदस्य वा सदस्यको एकाघर परिवारका सदस्यहरुको नाममा ब्लुबुक हुनुपर्नेछ।

य) संस्था कर्जा सूचना केन्द्रमा आवद्ध भइसकेको हुँदा एक आर्थिक वर्षभरी कर्जाको किस्ता र ब्याज नबुझाउने सदस्यहरुलाई कर्जा सूचना केन्द्रमा कालो सूचीका लागि पठाइनेछ।

र) कर्जा अनियमित गरी कार्यालयबाट ताकिता गर्दा समेत बेवास्ता गर्नुहुने सदस्यहरुको फायल कर्जा अशुली न्यायाधिकरणमा पठाइने छ।

ल) वित्तीय बजारको अवस्था हेरी हाललाई संस्थाबाट लगानी गरिने कर्जाको ब्याजलाई तपसिल अनुसार कायम गरिएको छ।

व) २० लाखसम्म कर्जा लगानी गर्दा १० हजार शेयर पूँजी अनिवार्य हुनुपर्नेछ भने सो भन्दामाथि कर्जा लगानी गर्दा न्यूनतम १ प्रतिशत शेयर अनिवार्य हुनुपर्नेछ।

## कर्जाको शीर्षक तथा ब्याजदरसम्बन्धी विवरण

| क्र.सं. | कर्जाको प्रकार | कर्जा सिमा | लगानी अवधि अधिकतम | ब्याजदर | भुक्तानी तरिका |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत कर्जा | ५०,०००।- | २ वर्षे | ८%, ९% | दैनिक/मासिक |
| २ | व्यवसाय कर्जा | १,००,००,०००।- | १० वर्षे | ८%, ९% १०% | दैनिक/मासिक/त्रैमासिक |
| ३ | सवारी साधन कर्जा | १५,००,००० ।- | ५ वर्षे | ८%, ९% १०% | दैनिक/मासिक/त्रैमासिक |
| ४ | आवास कर्जा | ५०,००,०००।- | १० वर्षे | ८%, ९% १०% | दैनिक/मासिक/त्रैमासिक |
| ५ | कृषि कर्जा | ३०,००,००० ।- | ५ वर्षे | ७%, ८% ९% | मासिक/त्रैमासिक/अर्धवार्षिक |
| ६ | शैक्षिक कर्जा | ५०,००,०००।- | ६ वर्षे | ७.२५% | मासिक ब्याज ४ वर्षपछि किस्ता |
| ७ | औद्योगिक कर्जा | १,००,००,०००।- | १० वर्षे | ८%, ९% १०% | दैनिक/मासिक/त्रैमासिक |
| ८ | लघु कर्जा | ५,००,०००।- | ५ वर्षे | ९.७५% | मासिक |
| ९ | कर्मचारी कर्जा | २०,००,०००।- | १० वर्षे | ७.७५% | मासिक |
| १० | साना तथा मझौला उद्यमी कर्जा | १०,००,००० | ३ वर्षे | ७.७५% | मासिक |
| ११ | बचत जमानत कर्जा | बचतको ९०% | बचतको अवधि | बचतको भन्दा २ बढी | मासिक |
| १२ | सहकारी आवास कर्जा | ४५,००,०००।- | २० वर्षे | ८.२५% | मासिक |
| १३ | स्मार्ट कर्जा | १,००,००,००० | १० वर्षे | ८%, ९% १०% | दैनिक/मासिक/त्रैमासिक |

## १५. कार्यालय व्यवस्थापन सम्बन्धमा :–

**संस्थाका तपसिल अनुसारका सेवा कार्यालयहरुको सञ्चालन समय निर्धारण गरिएको छ ।**

| क्र.स. | कार्यालयको नाम | ठेगाना | साप्ताहिक बिदाहरु | कार्यालय खुल्ने दिनको कार्यालय समय |
|---|---|---|---|---|
| १. | प्रधान कार्यालय | दमक | शनिबार | बिहान ९:३० देखि साँझ ६ बजेसम्म कारोबार |
| २. | दमक सेवा कार्यालय | दमक | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ३. | कमल सेवा कार्यालय | कमल | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ४. | उर्लाबारी सेवा कार्यालय | उर्लाबारी | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ५. | मिक्लाजुङ सेवा कार्यालय | मधुमल्ला | मंगलबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ६. | पथरी सेवा कार्यालय | पथरी | सोमबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ७. | चुलाचुली सेवा कार्यालय | चुलाचुली | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ८. | बिर्तामोड सेवा कार्यालय | बिर्तामोड | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ९. | गौरादह सेवा कार्यालय | गौरादह | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| १०. | शिवसताक्षी सेवा कार्यालय | दूधे | शनिबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| ११. | कन्काई सेवा कार्यालय | सुरुङ्गा | शुक्रबार | बिहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| १२. | लेटाङ सेवा कार्यालय | लेटाङ | बुधबार | विहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |
| १३. | बेलबारी सेवा कार्यालय | बेलबारी | शनिबार | विहान ९:३० देखि साँझ ५ बजेसम्म कारोबार |

**कात्तिक १५ गतेदेखि माघ १५ गतेसम्म सबै कार्यालयहरु उल्लेखित समय भन्दा बेलुका १ घण्टा अगाडि बन्द गरिने छ ।**

## १६. मेची सहकारी जल उद्योग सम्बन्धमा :–

**संस्थाद्वारा सञ्चालन गर्न लागिएको मेची सहकारी जल उद्योगमा तपसिल अनुसारका काम भइरहेको छ ।**

क) मेची सहकारी जल उद्योग सञ्चालनमा आएको
ख) मेची सहकारी जल उद्योगको छुट्टै व्यवस्थापन उपसमिति निर्माण गरिएको ।
ग) आवश्यकता अनुसार कर्मचारीहरु थप गर्दै जाने ।
घ) सदस्यहरु तथा समुदायका व्यवसायीहरुको मागका आधारमा खानेपानी बिक्रीका लागि डिलर उपलब्ध गराइदै लगिनेछ ।
ङ) सदस्यले उद्योगबाट प्रशोधित पानी बिक्री गरे बापत आ.व. समाप्त भएपछि एकमुष्ट प्रोत्साहन स्वरुप निश्चित प्रतिशत रकम उपलब्ध गराइनेछ ।
च) उक्त उद्योगमा तपसिल अनुसारका कर्मचारी तथा कामदारहरु दरबन्दी सृजना गरी सेवा सुविधा निर्धारण गरिएको छ ।

तपसिल

| क्र.स. | पद | हालको दरबन्दी | प्रस्तावित दरबन्दी | कूल संख्या | तलब स्केल | अन्य सुविधा |
|---|---|---|---|---|---|---|
| १ | प्रवन्धक | १ | – | १ | ३०००० | १२००० |
| २ | सुपरभाइजर | १ | – | १ | २६००० | ४००० |
| ३ | लेखापाल | १ | – | १ | २४००० | ५५०० |
| ४ | प्राविधिक | १ | – | १ | २५००० | ५००० |
| ५ | सवारी चालक (चार पांग्रे) | २ | १ | ३ | १८००० | प्रति कार्टुन ३ रुपैया |
| ६ | सवारी चालक (तीन पांग्रे) | ३ | ३ | ६ | १६००० | प्रति कार्टुन ३ रुपैया |
| ७ | सह चालक | २ | २ | ४ | १४००० | प्रति कार्टुन ३ रुपैया |
| ८ | दैनिक ज्यालादारी मजदुर | १० | १० | २० | प्रति घण्टा रु ११० | नभएको |
| ९ | सुरक्षा गार्ड | १ | २ | ३ | वित्तीयतर्फको सो सरह | नभएको |

## १७. साझेदारी व्यवसायतर्फ

संस्थाद्वारा एकल रुपमा र साझेदारी रुपमा गर्दै आएको व्यवसायहरु मध्ये तपसिल अनुसारका केही व्यवसायमा शेयर थप गर्ने र केही साझेदारी ब्यवसायहरुबाट आफ्नो लगानी फिर्ता गर्ने योजना तय गरिएको छ।

**(क) पाथीभरा एग्रो टुरिजम विशिष्टीकृत सहकारी संघ :-**

कोशी प्रदेशका सहकारी संस्थाहरु मिली स्थापना गरिएको यस पाथीभरा एग्रो विशिष्टीकृत सहकारी संघ लि. मा संस्थाको ४० प्रतिशतभन्दा माथि लगानी रहेको छ। सोही क्षेत्रमा संस्थाको मेची सहकारी जल उद्योग समेत स्थापना गरिएको छ। यस संघको मुख्य उद्देश्य भनेको कृषि पर्यटनलाई आधुनिकीकरण र व्यवसायिकीकरण गर्दै बढ्दो वैदेशिक रोजगारीमा युवाहरु पलायन हुने भएको हुँदा १ वर्षे बाली भन्दा बहुवर्षे बाली तर्फ समुदायका मानिसहरुलाई उत्प्रेरणा गराउने उद्देश्य लिइएको छ। आवश्यकताका आधारमा यस संघमा संस्थाले शेयर थप गर्ने नीति अवलम्बन गरेको छ। यस संघले १२-३-०-० बिगाह जमिनमा रबर खेती, काष्ठजन्य बिरुवा, बास, सुपारी आदिबाट आम्दानी गर्दै आएको छ।

**(ख) कोसी प्रदेशस्तरीय थोक उपभोक्ता विशिष्टीकृत सहकारी संघ :-**

कोसी प्रदेशस्तरका सहकारी संस्थाहरु आपसमा मिली व्यवसाय सञ्चालनका लागि यो संघ स्थापना गरिएको छ। यस संघको कार्यलाई बिर्तामोडस्थित चारपानेमा सञ्चालित छ। यसले आफ्नो व्यवसाय सञ्चालन गरिरहेको छ।

**(ग) एफ.एम. संचालनः-**

संस्थाको समेत लगानीमा संचालित सप्तरङ्गी एफ.एम. केही प्राविधिक समानहरु जीर्ण भएका कारण संस्थाले उपलब्धी लिन सकेको छैन। उक्त कम्पनीसँग समन्वय गरेर यस आ.व. मा सञ्चालक समितिबाट एफएम सञ्चालनका लागि साझेदारीमा रहने वा नरहने बिषयमा आवश्यक निर्णय लिइने छ।

**(घ) बैंक बित्तीय संस्थासँग कर्जा लिने सम्बन्धमा**

संस्थाले कारोबारलाई अझ व्यवस्थित, मर्यादित बनाउँदै लान आवश्यकताका आधारमा सञ्चालक समितिबाट निर्णय गरी कर्जा लिनका लागि नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष, बैंक तथा लघु वित्त संस्थाहरु र राष्ट्रिय सहकारी बैंक लि. जस्ता निकायहरुसँग कर्जा लिनका लागि सञ्चालक समितिलाई अख्तियारी दिनलाई प्रस्ताव पेश गर्दछु।

**(ङ) एभरेष्ट इनर्जीको लगानी सम्बन्धमाः**

एभरेष्ट इनर्जी र मनकामना हाइड्रो पावरमा संस्थाको लगानीबाट हाइड्रोपावर निर्माण गरी सञ्चालनमा रहेको छ। हाल उक्त लगानीको लकिन समय भएको हुँदा लकिन समय यस आ.व. समाप्त हुने भएकोले लकिन समय समाप्त हुनासाथ उक्त लगानी रकम रु २७,००,००० (सत्ताइस लाख) र नाफा रकम समेत फिर्ता लिइने छ।

## १८) सामाजिक गतिविधि

सहकारी संस्था सञ्चालनका लागि अन्तर्राष्ट्रिय सिद्धान्तले समुदायप्रति चासो भन्ने सिद्धान्त प्रतिपादन गरे अनुसार संस्थाले सदस्य तथा समुदायमा आफ्नो गतिविधिहरु सञ्चालन गरिरहेको छ। यस वर्ष पनि यस्ता समुदायमा आधारित कार्यक्रमहरुलाई निरन्तरता दिदै तपसिल अनुसारका गतिविधिहरु तथा आवश्यक सहयोग गर्ने प्रस्ताव पेश गर्दछु। उल्लेखित कार्यक्रम सञ्चालन गर्दा लाग्ने लागत सामुदायिक विकास कोष मार्फत् गरिनेछ।

**(क) संस्थाले गरेका सामाजिक गतिविधिहरुः-**

१. शैक्षिक अभिभावकत्व ग्रहण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
२. अन्तर सदस्य सहयोग कोष कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
४. वातावरण दिवसका दिन वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
५. अन्य सहकारी संस्था, जिल्ला सहकारी संघ तथा अन्य सहकारी निकायबाट सहकारी सम्बन्धी साझेदारीका लागि तालिमहरु माग भएमा संस्थाले साझेदारीमा तालिमहरु सञ्चालन गर्नेछ।
६. ठूला खालका दैवी विपत्ति (भूकम्प, बाढी, पहिरो) मा परेका समुदायहरुलाई सहयोग गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
७. सहकारी अभियान तथा सहकारीका निकायहरुले गरिने सामाजिक गतिविधिहरुमा साझेदारीलाई कायमै राखिनेछ।
८. सदस्य वा सदस्य परिवारको मृत्यु भएमा समवेदना स्वरुप एक विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।
९. ज्येष्ठ नागरिकहरुले प्रयोग गर्ने सार्वजनिक स्थान तथा भौतिक पूर्वाधारहरुका लागि आवश्यक सहयोग गरिनेछ।

**(ख) "रुपैयाँ एक, सेवा अनेक" कार्यक्रम**

संस्थाका सदस्यहरुको हितका लागि सदस्यको साझेदारीमा "रुपैयाँ एक, सेवा अनेक" भन्ने पवित्र वाक्यांशलाई सबै सदस्यहरुबाट दैनिक रु १ संकलन गरी उठे बराबरको रकम संस्थाले थप गरी सदस्यहरु बीच सदस्यको स्वास्थ्य सुरक्षाका लागि छुट्टै निर्देशिका तयार गरिए तापनि अत्यन्त न्यून सदस्यहरुको मात्र सहभागिता रहेको हुँदा अन्य सबै सदस्यहरुलाई यस कार्यक्रममा सहभागिताका लागि अनुरोध गरिएको छ।

**(ग) उत्कृष्ट सहकारी अभियन्ता पुरस्कार :-**

संस्थामा लामो समयदेखि नेतृत्व सम्हाली संस्था र सिङ्गो सहकारी आन्दोलनलाई उत्कृष्ट योगदान पुर्‍याउनुभएका संस्थाका पूर्व अध्यक्ष स्व. गणेशप्रसाद बस्नेतको स्मृतिमा स्थापित अक्षय कोषबाट देशभरिका सहकारी अभियन्ताहरुमध्येबाट बार्षिक रूपमा एक जनालाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रम अन्तर्गत यस वर्ष **"गणेशप्रसाद बस्नेत उत्कृष्ट सहकारी अभियन्ता पुरस्कार" बाट हरिचरण बाँनिया** लाई र **"गणेशप्रसाद बस्नेत पत्रकारिता पुरस्कार"** बाट **गञ्जबहादुर दाहाल**ज्यूलाई यही मिति २०८३ भाद्र १२ गते संस्थाको ३० औं वार्षिकोत्सव तथा ३२ औं साधारणसभाको एकीकृत माइन्युट प्रमाणिकरण सभाको अवसरमा सम्मान गरिनेछ।

## १९. आ.व. २०८३/०८४ का लागि बृद्धि विकासका कार्यक्रमहरु

संस्थाले आ.व. २०८३/८४ का लागि संस्थागत तथा समुदायमा बृद्धि विकासका कार्यक्रमलाई समेत निरन्तरता दिने गरी तपसिल अनुसारका तालिम, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रमहरु प्रस्तावित गरिएको छ।

**क) समुदाय तथा बाल बचतकर्ताहरु समक्ष सञ्चालन गरिने कार्यक्रम**

अ) संस्थाको कार्यक्षेत्रभित्रका चुनिएका माध्यमिक तहका विद्यालयहरुमा हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिनेछ।
आ) समुदायमा मेची सहकारी अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
इ) बाल बचतकर्ताहरुलाई अन्तर सेवा कार्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
ई) सम्बन्धित सेवा कार्यालय अन्तर्गतका सरकारी तथा निजी विद्यालयहरुमा सहकारी व्यवसायको प्रवर्द्धन गर्नका लागि सम्बन्धित सेवा कार्यालय शिक्षा तथा तालिम व्यवस्थापन उपसमितिको समन्वयमा "**विद्यालयमा सहकारी कार्यक्रम**" सञ्चालन गरिनेछ। उक्त कार्यक्रम एउटा सेवा कार्यालयमा २ वटा विद्यालयसँग गरिनेछ।
उ) सेवा कार्यालयस्थलमा बाल बचतकर्ता र बुवा आमासँग संयुक्त भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।
ऊ) बाल बचतकर्ताहरुमध्ये उत्कृष्ट प्रतिभाको पहिचान गरी १ जनालाई पुरस्कृत गरिने।

**ख) सदस्यहरुमा**

अ) मागका आधारमा वित्तीय साक्षरता तथा स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
आ) मागका आधारमा व्यवसायिक तालिमहरु सञ्चालन गरिनेछ।
इ) सदस्यहरु बीच संस्थाको नीति तथा कार्यविधिको जानकारीका लागि विस्तारित मञ्च सञ्चालन गरिनेछ।
ई) मागका आधारमा सदस्यहरुको व्यवसाय बृद्धिका लागि व्यवसायसम्बन्धीका कन्टेन्ट क्रिएसनसम्बन्धी तालिम सञ्चालन गरिनेछ।
उ) नयाँ सदस्य स्वागत तथा संस्थागत परिचय कार्यक्रम सञ्चालन गरिनेछ।

**ग) कर्मचारीहरुमा**

अ) सहकारी व्यवसायिकीकरण तालिम सञ्चालन गरिने छ।
आ) कर्जा व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिनेछ।
इ) संस्थागत सुशासनसम्बन्धी र सहकारीका नियम तथा कानुनहरुसम्बन्धी तालिम सञ्चालन गरिनेछ।
ई) व्यवसायिक योजना र बजेट निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ।
उ) कर्मचारीको जिम्मेवारी अनुसारको विषयविज्ञबाट उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**घ) सञ्चालकहरुमा**

अ) संस्थागत सुशासन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
आ) कर्जा तथा धितो मूल्यांकन उपसमितिलाई जग्गाको श्रेस्ता तथा फिल्ड नापजाँच गर्ने तालिम सञ्चालन गरिनेछ।
इ) सहकारीसम्बन्धीका संशोधित ऐन, कानुनसम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
ई) विषयगत उपसमितिहरुको क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ।

**ङ) अन्य कार्यक्रम**

१) विभिन्न संघसंस्थाहरुले आयोजना गर्ने तालिममा सदस्य, सञ्चालक तथा कर्मचारीहरुलाई सहभागी गराइनेछ।
२) सञ्चालक र कर्मचारीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम, गोष्ठीहरुमा सहभागी गराइने छ।
३) अर्धवार्षिक रुपमा मेची सन्देश प्रकाशित गरिने छ।
४) लक्षित समुदायमा योग तथा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
५) ज्येष्ठ सदस्यहरुलाई सम्मान तथा आन्तरिक पर्यटकीय स्थल भ्रमण गराइने छ।
६) ८० वर्ष नाघेका ज्येष्ठ सदस्यहरुलाई ८४ सम्मान कार्यक्रम गरिने छ।
७) वातावरण संरक्षणका लागि वातावरण दिवसमा वृक्षारोपण कार्यक्रम गरिने छ।
८) अन्तर सेवा कार्यालय फुटसल कार्यक्रम सञ्चालन गरिने छ।
९) रक्तदान कार्यक्रमको आयोजना गरिने छ।
१०) लागूऔषध निवारण, धुम्रपान तथा मध्यपानसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
११) विषयगत उपसमितिहरुबाट तयार पारिएका कार्यक्रमहरु सञ्चालन गरिने छ।
१२) कर्मचारीहरुको २ दिने अन्तर सहकारी अवलोकन भ्रमण
हरेक वर्ष प्रत्येक सेवा कार्यालयबाट २ जनाका दरले यो कार्यक्रममा समावेश गराइनेछ।

## २०. आ.व. २०८३/०८४ मा थप गरिने व्यवसायिक तथा भौतिक पूर्वाधारका कार्यक्रमहरु

क) मेची सहकारी जल उद्योगको व्यवसायिक बृद्धिका लागि गत वर्षको बजेटमा थप रु १,५०,००,०००।- (एक करोड पचास लाख) उपलब्ध गराइने।

ख) कृषक सदस्यसँग सहकारी कार्यक्रम सञ्चालनका लागि संस्थाको कार्यक्षेत्रभित्र उद्देश्य मिल्दो सहकारीहरुसँग एकीकरण तथा साझेदारी वा संस्था आफैंले मासुजन्य तथा दुग्धजन्य पशुपालनका लागि जोड दिने। र उत्पादित दूधलाई संकलन गर्न संकलन केन्द्रको स्थापना गर्न रु २,००,००,०००।- (अक्षरेपी दुई करोड) बजेटको व्यवस्था गर्ने।

ग) नियामक निकायबाट स्वीकृत प्राप्त भएमा मेची सहकारी आवास २ का लागि जग्गा खरिद गर्न रु ५,००,००,०००।- (अक्षरेपी रु पाँच करोड) बजेट बिनियोजन सहित योजना बनाइने।

घ) गत वर्ष सहकारी विद्यालय अध्ययन गर्ने नीति पास गरिएकोमा सञ्चालक समितिको तर्फबाट अध्ययन गरी कार्यपत्र समेत तयार गरिएको हुँदा विद्यालय सञ्चालसम्बन्धी थप अध्ययन गरिनेछ।

ङ) आन्तरिक पर्यटन विकासका लागि नेपाल दर्शन कार्यक्रमलाई निरन्तरता दिन रु.२०,००,००० (अक्षरेपी रु बिस लाख) बजेटको व्यवस्था गरिएको छ।

च) संस्थाको नाममा दमक ४ मा रहेको जमिनमा आवश्यक अध्ययन गरी पार्टी प्यालेस निर्माण गर्न रु २,००,००,०००।- (अक्षरेपी रु दुई करोड ) बजेट विनियोजन गरिएको छ।

छ) ऋणी सदस्यहरुको धितो लिलाम बिक्री गरी असुल उपर गर्नका लागि यस आ.व. मा ५,००,००,०००।- (अक्षरेपी रु पाँच करोड) बजेट विनियोजन गरिएको छ।

ज) साझेदार संस्थाहरुमा रु ५,००,००,०००।- (अक्षरेपी रु पाँच करोड) शेयर थप गर्ने।

झ) संस्थाको दमक ६ मा रहेको भवन मर्मत तथा रङ रोगनका लागि रु १५,००,०००।- (अक्षरेपी रु पन्ध्र लाख) बजेट विनियोजन गरिएको छ।

ञ) मनकामना हाइड्रोपावरको शेयर फिर्ता लिइने छ।

## २१. सुरक्षा व्यवस्थाः

- क) सबै सेवा कार्यालयहरुमा सुरक्षा गार्डको व्यवस्थालाई निरन्तरता दिइने छ।

- ख) सदस्यको पूँजीको सुरक्षा गर्नु संस्थाको प्रमुख दायित्व भएको हुँदा संस्थाको भवन, फर्निचर, ढिकुटी, काउन्टर र उपकरणको दैवी प्रकोप तथा अन्य जोखिमलाई बहन गर्ने गरी बिमा गरिएको छ।

## २२. प्रविधिमैत्री वित्तीय कारोवार संचालन सम्बन्धमा :–

क) हाल संस्थाले प्रयोग गरिरहेको सफ्ट्वेयरलाई स्तरोन्नति गरिएको छ।
ख) सदस्य तथा कर्जा व्यवस्थापनका लागि सफ्ट्वेयर खरिद गरी सदस्यका विवरणहरुलाई सफ्ट्वेयर मार्फत् अद्यावधिक गरिएको छ।
ग) हाल सञ्चालित इसेवा, मोवाइल बैंकिङ्ग, एसएमएस बैंकिङ्ग सेवालाई अझ प्रभावकारी बनाउदै लगिनेछ।
घ) इ टेलरको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।

## २३) सहकारी एकीकरण :–

सहकारी अभियानलाई अझ मजबुत बनाउनका लागि संस्थाका कार्यक्षेत्रभित्र रहेका अन्य सहकारी संस्थाहरुसँग एकीकरण गरी कारोबारलाई अझ बृद्धि गर्न एकीकरण अभियान अगाडि बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्योजन गर्नका लागि साधारणसभा समक्ष प्रस्ताव पेश गर्दछु।

## २४) गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने सम्बन्धमा

संस्थामा धितो लिलाम बिक्रीबाट प्राप्त भएका गैह्र बैंकिङ्ग सम्पत्ति (घर जग्गाहरु) संस्थाले लिलाम गरी प्राप्त गरेको ६ महिना पूरा भइसकेका तपसिल अनुसारका घर जग्गाहरु बिक्री गर्नका लागि छुट्टै उपसमिति निर्माण गरी जिम्मेवारी दिइने छ।

| क्र.स. | जग्गा धनी | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल | बिक्री मूल्य |
|---|---|---|---|---|---|
| १ | मेची बहुउद्देश्यीय सहकारी संस्था लि. | तोपगाछी ५ | ७६५ | २९२९.२३ | ७८,००,००० |
| | | | ६६७९ | ३४७१.०५ | |
| | | मेचीनगर ११ | १८३ | १३५ | ६२,००,००० |
| | | | १८४ | १२० | |
| | | दमक १८ | ३१८ | ५८७.५८ | ३२,००,००० |
| | | दमक १७ | ७२४ | २७०९.०४ | ६२,००,००० |
| | | | ७२५ | १८०५.९६ | |
| | | जुरोपानी ७ | १९३६ | ७६९.६२ | ५५,००,००० |
| | | जुरोपानी ७ | १९३२ | ५२३३.३५ | |
| | | जुरोपानी ६ | १८१४ | ०-१३-१३-० | १,१७,००,००० |
| | | शिवसताक्षी न.पा. ५ | ९७१ | २८७७ | ४४,००,००० |
| | | गौरीगञ्ज गा.पा. १ | २००९ | २९६.३१ | २६,००,००० |
| | | गौरीगञ्ज गा.पा. १ | २०११ | ३८०.९७ | |
| | | गौरादह न.पा. १ | २३८० | १४१ | १८,००,००० |
| | | गौरादह न.पा. १ | २३७५ | ६१ | |
| | | गौरादह न.पा. १ | २३७६ | ७७ | |
| | | उर्लाबारी न.पा. ४ | २९४३ | १५२.३७ | २१,००,००० |
| | | वयरवन ९ | ७३४ | ०-०-९-० | १४,००,००० |

**आदरणीय सदस्य महानुभावहरू,**

आ.वं. २०८२/८३ को कारोबारबाट सदस्यहरुलाई प्रदान गरिने सुविधा र २०८३/०८४ का लागि सदस्य, सञ्चालक, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधाहरुलाई तपसिल अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## २५) सदस्य प्रोत्साहन योजना :

**सहकारी संस्था भनेको नाफा दिनुका साथै सुविधा दिने ठाउँ हो। त्यसकारण संस्थाले सदस्यहरुलाई गत वर्ष दिदै आएका सुविधाहरुमा यस वर्ष केही थप गरिएको छ।**

क) आ.व. २०८२/०८३ मा लेखापरीक्षण प्रतिवेदनमा देखिएको बोनस कोषको रकमलाई आवश्यकताका आधारमा निर्णय गरिने छ।

ख) संस्थाबाट कर्जा लिएकै अवस्थामा सदस्यको मृत्यु भए सदस्यको नाममा रहेको कर्जामा बढीमा रु १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ मात्र) छुट दिइदै आएकोमा यस आ.व. बाट रु १०,००० थप गरी रु १६०,०००।- (एक लाख साठी हजार) पुऱ्याइएको छ। यो सुविधा प्राप्त गर्नका लागि सदस्य बनेको २ वर्ष पूरा भएको हुनुपर्नेछ। साथै सदस्यको मासिक वचत र कर्जा किस्ता समेत नियमित भएको हुनुपर्नेछ।

ग) सहकारी नियमावली २०७५ को व्यवस्था अनुसार संरक्षित पूँजी कोषलाई सोही शीर्षकबाट यो वर्ष पनि समानुपातिक हिसाबले कर्जा कारोबारमा कोषको ६० प्रतिशत र बचत कारोबारमा ४० प्रतिशत वितरण गरिनेछ।

घ) प्राकृतिक रूपले असक्त (अपाङ्ग) सदस्यहरूलाई मानवीय सहयोग कोषबाट यसभन्दा अघि यो सुविधा नलिएका सदस्यहरुलाई रु ५००० उपलब्ध गराउदै आएकोमा यस वर्षबाट रु ५००० थप गरी रु १०,००० पुऱ्याएको छ।

ङ) संस्थाका सदस्य वा सदस्य परिवारबाट प्रत्येक वर्ष १२ कक्षाको परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने सामुदायिक र संस्थागत विद्यालयबाट १/१ जना उत्कृष्ट विद्यार्थीलाई हरेक सेवा केन्द्रमा २ जनाका दरले यस आ.व. मा २४ जनालाई रु १०,००० का दरले उपयुक्त समयमा वितरण गरिनेछ। यो सुविधा प्राप्त गर्न बाल बचत खाता खोली एक वर्ष कारोबार गरेको हुनुपर्नेछ।

च) संस्थाको कार्यक्षेत्रभित्रका सदस्यहरुका छोराछोरीहरुले एसइई परीक्षामा जिल्ला प्रथम भए उच्च शिक्षाका लागि रु ५०,००० र एसइइमा ४ जिपिए प्राप्त गर्ने कार्यक्षेत्रभित्रका सदस्यका छोराछोरी सबै जनालाई उच्च शिक्षा अध्ययनका लागि रु २५,००० सहयोग उपलब्ध गराइने छ। यो सुविधा प्राप्त गर्न बाल बचत खाता खोली एक वर्ष कारोबार गरेको हुनुपर्नेछ।

छ) सदस्यको छोराछोरी जन्मिएमा सदस्यको नाममा खाता खोली रु १००० जम्मा गरिदिइने छ।

ज) अन्त्येष्टी तथा काजकिरीया खर्च बापत सदस्यको श्रीमान वा श्रीमतीलाई क्रमश २६,०००।-र २५,०००।- कायम गरिएको छ। १०० कित्ता भन्दा कम शेयर हुने सदस्यलाई उल्लेखित रकमको अनुपातिक हिसाबले पाउने ब्यवस्था गरिएको छ। यो सहयोग १ पटक मात्र उपलब्ध हुनेछ।

झ) सदस्यको जन्म दिने बुवाआमाको मृत्यु हुँदा मृतकको सम्झना स्वरुप काजकिरिया मा एक मुष्ट रु ५००० सदस्यलाई उपलब्ध गराइने छ। (जस्तै महिला सदस्यका माइतका बुवाआमा पुरुषको हकमा बुवाआमा)

ञ) मुटु, मृगौला र क्यान्सर रोगमा सदस्यहरूलाई उपचारका लागि अधिकतम रू ५०,०००।- र सोही रोग लागेमा सदस्यको श्रीमान् वा श्रीमतीलाई रु २५००० अनुदान दिने व्यवस्था कायम राखिएको छ। यो सुविधा प्राप्त गर्न तपसिल अनुसारको व्यवस्था गरिएको छ।

- शेयर पूँजी न्यूनतम १०,००० हुनुपर्नेछ। सो भन्दा तल भएमा सोही रकमको समानुपातिक हिसाबले प्रदान गरिनेछ।
- सदस्य भएको एक वर्ष पूरा भएको हुनुपर्नेछ।
- संस्थाद्वारा सञ्चालित बिमा बचत कार्यक्रममा समाहित भएको हुनुपर्नेछ।
- नियमित वा पेन्सन बचत नियमित हुनुपर्ने छ।

ट) सदस्यहरूको घरमा आइपर्ने प्राकृतिक विपत्ती (आगलागी, बाढी पहिरो, भुकम्प ) मा सहयोग गर्न सामुदायिक विकास कोषबाट तपसिल अनुसारको सुविधा उपलब्ध गराइनेछ।

अ) **आगलागी, बाढी पहिरो, भूकम्प** जस्ता घटनाबाट सदस्यको घर पूर्ण रुपमा क्षति भएमा रु ५०,००० र आंशिक क्षति भएमा क्षतिका आधारमा सञ्चालक समितिको निर्णय अनुसार सहयोग रकम उपलब्ध गराइनेछ।

आ) **आगलागी, बाढी पहिरो, भूकम्प** जस्ता घटनाबाट सदस्यले गर्दै आएको व्यवसाय तथा खेती बाली पूर्ण रुपमा क्षति भएमा रु ३५,००० र आंशिक क्षति भएमा क्षतिका आधारमा सञ्चालक समितिको निर्णय अनुसार सहयोग रकम उपलब्ध गराइनेछ।

- शेयर पूँजी न्यूनतम १०,००० हुनुपर्नेछ। सो भन्दा तल भएमा सोही रकमको समानुपातिक हिसाबले प्रदान गरिनेछ।
- संस्थाद्वारा सञ्चालित बिमा बचत कार्यक्रममा समाहित भएको हुनुपर्नेछ।
- नियमित बचत नियमित भएको हुनुपर्नेछ।

ठ) एकल महिला (विधुवा) सदस्यहरूलाई दिइदै आएको बोनस शेयर रू ४,०००।- पुऱ्याइएको छ।(यो सुविधा एकजना सदस्यलाई एक पटक मात्र उपलब्ध गराइने छ)

ड) ७० वर्ष भन्दा माथिका जेष्ठ सदस्यहरूलाई दिइँदै आएको बार्षिक भत्तामा रू १००।- थप गरी रू २०००।- बनाइएको छ।

ढ) साधारण सभामा प्रस्तुत गरिने प्रतिवेदनमा सुझाव दिने सबै सदस्यलाई रू १०० यातायात खर्च र उत्कृष्ट सुझावकर्ता क वर्गको सेवा केन्द्रमा बढीमा १२ जना र ख वर्गको सेवा केन्द्रमा ६ जनालाई रू १००० का दरले सम्मान गरिने कार्यक्रमलाई कायमै गरिएको छ।

ण) सदस्यलाई कुनै पनि उपचारका लागि शल्यक्रिया गर्नुपरेमा रू ७५,००।- एकमुष्ट उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- शेयर पूँजी न्यूनतम १०,००० हुनुपर्नेछ। सो भन्दा तल भएमा सोही रकमको समानुपातिक हिसाबले प्रदान गरिनेछ।
- सदस्य भएको ९० दिन पूरा भएको हुनुपर्नेछ।
- संस्थाद्वारा सञ्चालित बिमा बचत कार्यक्रममा समावेश भएको हुनुपर्नेछ।
- अनिवार्य रुपमा नियमित वा पेन्सन बचत नियमित गरेको हुनुपर्नेछ।

त) सामुदायिक विद्यालयमा अध्ययन गर्ने सदस्यका छोराछोरीहरूले विद्यालय प्रथम भएमा रू ५,०००।- प्रोत्साहन स्वरूप प्रदान गरिने नीति कायमै छ। यो सुविधा प्राप्त गर्न बाल बचत खाता खोली एक वर्ष कारोबार गरेको हुनुपर्नेछ।

थ) सदस्यहरुलाई दाँत लगाउनु परेमा १ पटकलाई रु ५००० दिइने नीति यस वर्ष पनि कायमै गरिएको छ।

द) सदस्यलाई जटिल प्रकारका रोग लागि पूर्ण रुपमा प्यारालाईस भइ काम गर्न नसक्ने अवस्थामा पुगे एक पटकका लागि रु ५०,००० र सदस्यका श्रीमान अथवा श्रीमतीलाई रु २५००० सम्म र आंशिक प्यारालाइसिस भएमा सोही रकमको ५० प्रतिशत अनुदान दिइने छ।

ध) सर्पदंस उपचार केन्द्रमा लाग्ने शुल्क सर्पदंश उपचार केन्द्रले दिएको बिलका आधारमा बढीमा रु ४,००० सम्म भुक्तानी गरिनेछ।

न) अन्तर सदस्यीय सहयोग कोष कायमै गरिएको छ।

प) बुहारी शेयर कार्यक्रमलाई कायमै गरिएको छ।

फ) ८४ वर्ष नाघेका ज्येष्ठ सदस्यहरुलाई रु ३०,००० सहित सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ।

ब) संस्थामा सदस्य भएको ९ महिनापछि महिला सदस्यहरु सुत्केरी भएमा रु २००० बराबरको पौष्टिक आहारा सहित सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइएको छ।

भ) सदस्यहरुको साझेदारीमा नेपाल दर्शन कार्यक्रम तपसिल अनुसार सञ्चालन गरिनेछ।
- एक आर्थिक वर्षमा अधिकतम २०० जना सदस्यहरु सदस्य नम्बर र दर्ताका आधारमा प्राथमिकतामा राखी कार्यक्रममा समावेश गराइनेछ।
- न्यूनतम १०० कित्ता शेयर खरिद गरी कम्तिमा ३ आ.व. पूरा गरेको हुनुपर्नेछ।
- न्यूनतम रु १००० को नियमित बचत खाता खोली ३ आ.व. देखि नियमित भएको हुनुपर्नेछ।
- ऋणी सदस्य भए कर्जा नियमित भएको हुनुपर्नेछ।
- यो कार्यक्रम संस्था र सदस्य ५०/५० प्रतिशतको साझेदारीमा हुनेछ।
- सामान्यतया एउटै परिवारका दुई भन्दा बढीसंस्थामा सदस्य भए एकै पटकमा भ्रमण कार्यक्रममा समावेश गरिनेछैन।

म) संस्थाका सदस्य वा सदस्यका छोराछोरीले सहकारी बिषयमा विद्यावारिधी (पिएचडी) गर्नका लागि रु १,००,००० (एक लाख) सहयोग गरिनेछ।

य) सदस्य, सदस्यका श्रीमान्, श्रीमती, छोराछोरी, बुवाआमाको स्वर्गारोहण भइ काजकिरियाका समयमा सदस्यहरुले माग गरेमा मेची सहकारी जल उद्योग सञ्चालन भएपछि १५ कार्टुन पानी निःशुल्क उपलब्ध गराइनेछ।

नोटः *क) माथि उल्लेखित सुविधा उपभोग गर्नका लागि सदस्य बिमा बचत, नियमित बचत र कर्जा नियमित भएको हुनुपर्ने छ।*
*ख) उल्लेखित सबै सुविधा प्राप्त गर्न खर्च भएको ६ महिनाभित्रमा दावी पेश गरिसक्नुपर्नेछ।*

## २६) समिति तथा उप-समितिहरूको सुविधा सम्बन्धमा :-

क) संचालक समिति र लेखा सुपरिवेक्षण समितिलाई दिँदै आएको बैठक भत्ता रू २,५००/- कायम गरिएको छ।

ख) संचालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप-समितिका संयोजकहरूको टेलिफोन सुविधा क्रमश रू १५००।- र रु ८००।- कायम गरिएको छ।

ग) सबै उपसमिति सदस्यहरूलाई प्रति बैठक भत्ता रू १०००।- कायम गरिएको छ ।

घ) संस्थाको काममा रात बस्दै जानुपर्ने भएमा कोसी प्रदेशभरी रु २००० र कोसी प्रदेश भन्दा बाहिर जानु परेमा रु ३,५०० तथा दैनिक बस्ने र खाने खर्च बापतको रकम भुक्तानी गरिने छ साथै गाडी भाडा बापतको रकम टिकट अनुसार भुक्तानी गरिने छ। यो सुविधा समिति, उप-समिति, सदस्य र कर्मचारीमा समेतमा लागू गरिने छ।

ङ) अध्यक्षलाई दिदै आएको यातायात तथा टेलिफोन खर्च बापतको मासिक रु ३०,०००।- कायमै गरिएको छ।

च) मासिक सुविधा प्राप्त गर्ने संचालक समिति, उप-समिति र कर्मचारीलाई बैठक भत्ता दिइने छैन।

छ) अन्य व्यवस्था आर्थिक प्रशासन नियमावलीको व्यवस्था अनुसार हुनेछ।

## २७) कर्मचारीहरूको दरबन्दी, सेवा, सुविधा सम्बन्धमा :-

क) यस आ.व. मा वित्तीय कारोबारतर्फका कर्मचारीहरुको हालको तह, दरबन्दी कायम गर्दै आगामी वर्षको प्रस्तावित दरबन्दी समेत तपसिल अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु। साथै तलब स्केलको हकमा गतवर्षकै कायम गरिएको छ।

| पद | आन्तरिक तह | कार्यरत | थप दरबन्दी | कूल संख्या |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | | 1 | 0 | 1 |
| व्यवस्थापक | | 1 | 0 | 1 |
| सह-व्यवस्थापक | | 1 | 0 | 1 |
| विभागीय प्रमुख/ सेवा केन्द्र प्रमुख (क) | प्रथम | 2 | 0 | 2 |
| | द्वितीय | 1 | 0 | 1 |
| | तृतीय | 1 | 1 | 2 |
| सेवा कार्यालय प्रमुख (ख) | प्रथम | 1 | 0 | 1 |
| | द्वितीय | 4 | 0 | 4 |
| | तृतीय | 6 | 0 | 6 |
| वरिष्ठ प्रवन्धक | प्रथम | 6 | 0 | 6 |
| | द्वितीय | 0 | 0 | 0 |
| | तृतीय | 0 | 2 | 2 |
| प्रवन्धक | प्रथम | 7 | 0 | 7 |
| | द्वितीय | 3 | 0 | 3 |
| | तृतीय | 13 | 2 | 15 |
| कार्यालय सहायक | | 14 | 3 | 17 |
| बजार प्रवन्धक | प्रथम | 1 | 0 | 1 |
| | द्वितीय | 1 | 0 | 1 |
| | तृतीय | 30 | 10 | 40 |
| बजार प्रतिनिधि/ बिक्रेता | | 12 | 0 | 12 |
| सवारी चालक | | 0 | 1 | 1 |
| सहायक/सुरक्षा गार्ड | | 14 | 0 | 14 |
| | | 119 | 19 | 138 |

अ) यस अघि दिइआएका सबै सेवा सुविधाहरुलाई यथावतै राखिएको छ।

आ) सबै बजार प्रतिनिधिहरुलाई दिइआएको इनधन खर्चलाई संकलन क्षेत्रको दुरीका आधारमा प्रति २५ किलोमिटर बराबर १ लिटर पेट्रोल उपलब्ध गराइनेछ।

इ) सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइसकिएको छ। नयाँ नियुक्ति हुने कर्मचारीलाई नियुक्ति भएको ३ महिनापछि सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ।

ई) सेवा कार्यालय प्रमुख र कर्जामा काम गर्ने कर्मचारीहरुको टेलिफोन तथा इन्धन सुविधा बापत गत वर्ष दिइएको सुविधालाई निरन्तरता दिइएको छ।

उ) व्यवस्थापक, सह-व्यवस्थापक, कर्जा प्रमुख, लेखा प्रमुख र असुली विभाग प्रमुख र प्राविधिक सहायकलाई अतिरिक्त सुविधा बापतको रकमलाई निरन्तरता दिइएको छ।

ऊ) क्लस्टरमा काम गर्ने असुली विभाग सहायक कर्मचारीहरुलाई गत वर्ष दिइएको सुविधालाई निरन्तरता दिइएको छ।

ऐ) सुरक्षा गार्डलाई नेपाल सरकारले तोके अनुसार न्यूनतम पारिश्रमिक र श्रम ऐनको व्यवस्था अनुसार तलब दिने सर्तमा सम्बन्धित सेवा प्रदायक कम्पनीसँग सम्झौता गरी तलब भुक्तानी गरिनेछ।

(ख) प्रमुख कार्यकारी अधिकृतको तपसिल अनुसारको सेवा सुविधा कायम गरिएको छ।

१) तलब स्केलः गत वर्षकै कायम गरिएको छ।
२) भत्ताः गत वर्षकै कायम गरिएको छ।
३) सञ्चित बिदाः संस्थाको नियमानुसार
४) चाडपर्व खर्चः संस्थाको नियमानुसार
५) सामाजिक सुरक्षा कोषः कोषको नियमानुसार संस्थाले थप गरी पठाउने
६) कार्यालय पोषाकः कार्यालयको नियमानुसार
७) बोनसः बोनस ऐन र सहकारी ऐन अनुसार
८) इन्धन सुविधाः संस्थाको सवारी साधन प्रयोग गरे बापत
९) सवारी चालकः १ जना

## २८) सरोकारवालाहरू प्रतिको संस्थाको धारणा

क) नेपाल सरकारद्वारा गरिने सबै निकायको अनुगमन, र निर्देशनबाट प्राप्त सुझावहरुलाई पूर्ण रुपमा पालना गर्दै लगिने छ ।

ख) समान उद्देश्य र कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरूसँग एकीकरण गर्ने नीतिलाई कायमै राखिएको छ।

ग) समुदायमा सहकारीको साखलाई बृद्धि गर्न ग्रामीण क्षेत्रमा रहेका स्रोत साधनको पहुँचभन्दा बाहिर रहेका सहकारी संस्थाहरु सहकार्य गर्नका लागि सहकारी शिक्षा तथा तालिमका लागि सहयोग माग गरेमा संस्थाद्वारा साझेदारीमा तालिम सञ्चालन गरिनेछ।

घ) स्थानीय तथा राष्ट्रियस्तरका बैंकहरूसँग वचत परिचालन र अन्य कारोवारहरू विगतदेखि गर्दैं आएकोमा यस आ.वं.मा पनि निरन्तरता दिने नीति लिएको छ।

ङ) रेमिट्यान्स कम्पनीहरूसँग विगतदेखि गर्दैं आएको कारोवारलाई निरन्तरता दिइँदै अन्य नयाँ कम्पनीहरूसँग समेत थप साझेदारी गर्दैं लगिने नीति लिइएको छ।

च) संस्था आवद्ध रहेका स्थानीय, प्रदेश तथा राष्ट्रियस्तरका संघको सम्बन्धलाई अझ सुमधुर बनाउँदै लगिने छ।

छ) श्रम तथा रोजगार कार्यालयको सुझावलाई पालना गरिदै लगिनेछ।

ज) सहकारी संस्थाहरु बिचको सहकार्यलाई थप प्रोत्साहन गरिनेछ।

झ) प्रविधिमैत्री कारोबारका लागि साझेदारी गरिएका बैंक, वित्तीय संस्थाको साझेदारीलाई अझ मजबुत बनाउदै लगिने छ।

ञ) राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट प्राप्त निर्देशन र सुझावलाई कार्यान्वयन गरिनेछ।

ट) संस्था कर्जा सूचना केन्द्रमा आवद्ध भइसकेको हुँदा उक्त केन्द्रसँग संस्थाको साझेदारी तथा सहकार्य रहनेछ।

ठ) संस्थाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइसकिएको हुँदा कोषसँग संस्थाको साझेदारी तथा सहकार्य रहनेछ।

## २९) स्थिति विश्लेषण (SWOT ANALYSIS)

वित्तीय क्षेत्रमा आएको उतार चढावले सहकारी क्षेत्र पनि अछुत रहन सकेको छैन। यसपरिस्थितिलाई सामना गर्दै हाम्रो संस्थाले समेत वित्तीय कारोबार गर्दै आएको छ। वित्तीय कारोबार गर्ने सहकारी संस्थाले बजारको अवस्थालाई विश्लेषण नगरी सञ्चालन गर्दा दुर्घटना हुने सम्भावना हुन सक्छ। यसैलाई मध्यनजर गर्दै संस्थाले हरेक वर्ष स्थिति विश्लेषण गर्दै आएको छ। यस वर्ष पनि संस्थाले तपसिल अनुसारको स्थिति विश्लेषणका आधारमा आफ्नो कारोबारलाई व्यवस्थित गर्दै लगेको छ। यस वर्षको अवस्था विश्लेषण तपसिल अनुसार छ।

| क्र.सं | संस्थाका सवल पक्ष | क्र.सं | संस्थाका सुधारात्मक पक्षहरू– |
|---|---|---|---|
| क. | संस्थाले सदस्यको विश्वास जित्न सक्नु । | क. | वित्तीय कारोबारसँगै व्यसायिक कारोबार समेत सञ्चालन गर्नुपर्ने देखिन्छ । |
| ख. | सहकारी व्यवसाय बुझेको नेतृत्व हुनु । | ख. | उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी गर्नुपर्ने । |
| ग. | सामूहिक नेतृत्वबाट संस्था सञ्चालन गर्नु । | ग. | सबै सदस्यहरुलाई प्रविधिमैत्री कारोबारमा जोड्न सकिएको छैन । |
| घ. | सदस्यहरुले उत्कृष्ट सेवा सुविधा प्राप्त गर्नु । | घ. | संस्थाबाट प्राप्त हुने सेवा सुविधाका बारेमा सबै सदस्यहरुले जानकारी लिन सक्नुभएको छैन । |
| ङ. | संस्थाप्रति प्रतिबद्ध कर्मचारीहरु संस्थामा रहनु । | ङ. | लगानी गर्दा सहज हुने तर असुलीमा असहज हुने परिस्थिति कायमै छ । |
| च. | संस्थाको कारोबार पारदर्शी हुनु । | च. | सदस्यहरूलाई सहकारी शिक्षाबाट अपेक्षित रूपमा लाभान्वित बनाउन सकिएको छैन । |
| छ. | संस्था सहकारीको ऐन, नियम, मूल्य, मान्यता, सिद्धान्त र नीति अनुसार क्रियाशील रहनु । | छ. | सदस्यहरूलाई सबै कारोवार संस्थामै पूर्णरूपमा केन्द्रिकृत गराउन सकिएको छैन । |
| ज. | सदस्यमैत्री कारोबार हुनु । | ज. | सदस्य संस्थाको मालिक भन्ने बिषयमा अझै अन्योल छ । |
| झ. | प्रविधिमैत्री वित्तीय कारोबार हुनु । | झ. | कृषक सदस्यहरुलाई आधुनिक प्रविधियुक्त व्यवसायिक कृषि पेसामा आत्मनिर्भर बनाउन सकिएको छैन । |
| ञ. | संस्थाले निर्धारण गरेको समयभन्दा बढी समय सदस्यहरुले संस्थामा कारोबार गर्न पाउनु | ञ. | समयमा कर्जाको किस्ता र ब्याज बुझाउन सदस्यहरुले आनाकानी गर्नु । |
| ट. | संस्थाको कारोवारले सदस्यलाई सन्तुष्ट पार्न सफल हुन । | ट. | वित्तीय अस्थिरताका कारण संस्थामा सदस्यहरुबाट कर्जा माग घट्नु । |
| ठ. | संस्थाले आफ्नो पहिचान सहितको व्यवसाय थालनी गर्नु । | ठ. | तरलता बढी रहेका बेला लगानी गर्ने उपयुक्त क्षेत्र पाउन सकिएको छैन । |
| ड. | संस्थाले सदस्यको पूँजीलाई सुरक्षाको प्रत्याभूति दिलाउन बिमा, सेफ, सुरक्षा गार्ड, सी.सी. क्यामेरा, स्मार्ट बैंकिङ्ग, एस.एम.एस बैंकिङ्ग, लगायतको व्यवस्था गरिएको छ । | ड. | कर्जा माग गर्ने सदस्यहरु भन्दा बचत जम्मा गर्ने सदस्यहरुको संख्या निरन्तर बृद्धि हुँदै जानु । |
| ढ. | व्यवस्थित सांगठनिक संरचना रहनु । | ढ. | वित्तीय अस्थिरताका कारण पर्याप्त लभांश वितरण गर्न नसक्नु । |
| ण. | संस्थामा स्पष्ट कार्यविधि र नीतिहरू छन् । | | |
| त. | संचालक, कर्मचारी तथा सदस्यहरू समेतलाई क्षमता अभिबृद्धिको कार्यक्रमहरूको व्यवस्था गरिएको छ । | | |
| थ. | आफ्नै सुविधा सम्पन्न भवनबाट कारोबार सञ्चालन भइरहेको छ । | | |

# संस्थाका अवसर र चुनौतीहरू

| क्र. सं | संस्थाका अवसरहरू | क्र. स. | संस्थाका चुनौतीहरू |
|---|---|---|---|
| क. | सहकारी व्यवसायलाई राज्यले संविधानमै उल्लेख गरी सहकारी व्यवसायलाई स्वीकार गर्नु । | क. | राज्यको कानुन सहकारीप्रति उपेक्षित रहनु, तीन तहका सरकारबाट जारी गरिएका ऐन नियम कानुन आपसमा विरोधाभाष हुनु । |
| ख. | सहकारी दिवसका अवसरमा सहकारी व्यवसायसँग सम्बन्धित सहकारी नाराबाट संस्थालाई अगाडि बढाउनु । | ख. | सहकारी व्यवसाय बैक तथा अन्य बित्तीय संघ संस्थाको प्रतिस्पर्धी होइन भन्ने भावनाको विकास गराउन सकिएको छैन |
| ग. | स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्मका संघ संस्थाहरुसँगको पहुँच कायम गरिएको छ । | ग. | सहकारी संस्थाले बुझाएको करबाट सहकारी व्यवसाय प्रबर्द्धनका लागि कुनै पनि उपलब्धिमूलक प्रतिफल राज्यबाट प्राप्त गर्न सकिएको छैन । |
| घ. | यस बिषम परिस्थितिमा समुदायमा संस्थाप्रतिको सकारात्मक भावना कायमै रहनु । | घ. | राज्यको कानुन अहिले पनि सहकारीमैत्री छैन । त्यसको असर हाम्रो संस्थालाई समेत परेको छ । |
| ङ. | संस्थाले समुदायमा पारेको सकारात्मक प्रभावबाट संघसंस्थाहरुले हेर्ने दृष्टिकोण समेत सकारात्मक रहनु । | ङ. | स्थानीय तहलाई सहकारी मैत्री बनाउन सकिएको छैन । |
| च. | सहकारी संस्थाहरुको प्रवर्द्धनका लागि छाता संगठनहरु पर्याप्त रहनु । | च. | राज्यले आफ्नो क्षेत्राधिकार नबुझी पालिका पिच्छे फरक फरक निर्देशन जारी गर्नु । |
| छ. | मजबुत सांगठानिक संरचना रहनु । | छ. | केही गलत सहकारीका कारण सहकारीप्रतिको आकर्षण घट्दो छ । |
| ज. | बिषम परिस्थितमा समेत संस्थाको साख बजारमा कायम राखिएको छ । | ज. | समाजमा गलत मानिसहरुको कुप्रचारका कारण केही सदस्यले कर्जा बुझाउन आलटाल गर्नु । |
| झ. | संस्थाले सम्पन्न गरेका परियोजनाहरुबाट राष्ट्रिय पहिचान बन्न सक्नु । | झ. | वित्तीय सन्तुलन बिग्रने गरी गलत गतिविधि गर्ने मानिसहरुलाई राज्यले कानुनी दायरामा ल्याउन नसक्नु । |
| ञ. | स्थानीयस्तरदेखि केन्द्रीयस्तरसम्म संस्थाको तर्फबाट नेतृत्वमा प्रतिनिधित्व हुनु । | ञ. | सहकारी ऐनका कतिपय प्रावधानहरु कार्यान्वयन नहुनु । |

उल्लेखित अवस्थाको बीचबाट मेची बहुउद्देश्यीय सहकारी संस्थाले आफ्नो यात्रा तय गरिरहेको छ । सबल पक्षको संरक्षण गर्दै कमजोरीलाई हटाउनु अनि अवसरको उपयोग गर्दै चुनौतीको सामना गर्नु संस्थाको कर्तब्य हो । यो दिशामा संस्था निरन्तर अगाडि जाने कुरामा संम्पूर्ण सदस्य महानुभावहरूलाई बिश्वास दिलाउन चाहन्छु ।

## ३०. शोक प्रस्ताव :-

आ.व.२०८२/०८३ मा संस्थामा दिवंगत हुनुहुने शेयर सदस्यहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यसै प्रतिवेदनको अन्तिम पृष्ठमा समावेश गरिएका दिवंगत सदस्यहरुको आत्माको चिरशान्तिको कामना सहित शोकाकूल परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछु।

अन्त्यमा,

आदरणीय सदस्य महानुभावहरु तपाईहरुले संस्थामा गर्नुभएको कारोबारले आज संस्था यहाँसम्म आइपुगेको छ। त्यसैले आगामी आर्थिक वर्षमा समेत यहाँहरुले सबै कारोबार संस्थामै गर्नुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौ। तपाईको आम्दानी बृद्धि गरी बचत गरौं र जीवनको उत्तरार्ध सुरक्षित गरौं भन्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो व्यस्त समयलाई कटौती गरी उपस्थित भइदिनुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि ज्यूहरु तथा अतिथिज्यूहरू, साधारणसभा सफल पार्न सहयोग गर्ने सदस्यज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। संस्थालाई समय-समयमा आवश्यक निर्देशन, तालिम, सुझाव दिइ सहयोग पुर्‍याउनुहुने स्थानीय, प्रदेश र संघीय सरकारका सबै निकायहरु तथा सहकारी संगठनका छाता संघहरु, राष्ट्रिय सहकारी महासंघ, प्रदेश सहकारी संघ, जिल्ला सहकारी संघहरु, राष्ट्रिय सहकारी बैंक, अन्य साझेदार बैंक तथा वित्तीय संस्थाहरुलगायत सम्बन्धित अन्य सम्पूर्ण सरोकारवाला कार्यालयहरू साथै हामीलाई आर्थिक, नैतिक र भौतिक सहयोग गर्ने संघ-संस्थाहरूप्रति आभार व्यक्त गर्दै संस्थाको उन्नति र प्रगतिमा अहोरात्र कष्टसाध्य मेहेनत गर्ने संस्थाका सबै समिति, उपसमितिहरु र संस्थाका सेवा कार्यालय तथा कार्यालयका विभिन्न फाँटहरुमा कार्यरत कर्मचारीहरूले आफ्नो क्षमता र विवेक लगाई संस्थाको पक्षमा इमान्दारीपूर्वक कार्यसम्पादन गरेकोमा संस्थाको तर्फबाट धन्यवाद दिन चाहन्छु।

**धन्यवाद । जय सहकारी ॥**

**नारायणप्रसाद भट्टराई**
**अध्यक्ष**



## अनुसूची १

## ३० औं बर्षको तुलनात्मक स्थिति :-

### क) सदस्य संख्याः-

| क्र सं. | विवरण | दर्ता गर्दा | ५४/५५ | ६५/६६ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सदस्य संख्या | २९ | ११५ | ७९१ | ३०९९ | ३५१४ | ५७७६ | ९४८० | १३३१८ | १५२५८ | १६३४८ | १७८१७ | १९७२३ |
| क | महिला | १ | १४ | ३३४ | १६२९ | १९२८ | ३१२१ | ५२०४ | ७१९१ | ८२३९ | ९३१९ | ९६२१ | १०६७४ |
| ख | पुरुष | २८ | १०१ | ४३७ | १४४६ | १५६२ | २६३१ | ४२५२ | ६०९२ | ६९८४ | ६९९६ | ८१६७ | ९०२५ |
| ग | समूहहरू | ० | ० | २० | २४ | २४ | २४ | २४ | ३५ | ३५ | ३३ | २९ | २४ |

### ख) शेयर पूँजी तथा कोषः-

,000

| क्र सं. | विवरण | दर्ता गर्दा | ५४/५५ | ६५/६६ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शेयर पूँजी | १४५ | ७२७ | १३९३० | १२१५७७ | १४५५३९ | २१७८३२ | ३११४०२ | ३५५५७८ | ३७४९८३ | ३७१८९० | ३९७०१७ | ४०८३६९ |
| २. | जगेडा कोष | - | २१ | २६६२ | २२३३२ | ३३३५९ | ५०८७० | १००८७७ | १४७७५९ | १७६३८० | २०९१०१ | २२८६७९ | २४३६९३ |
| ३. | कर्जा जोखिम कोष | - | - | ७७३ | ११२५४ | १३४३१ | १६५१८ | २६७३३ | ३२२३३ | ३८२३३ | ४८२३३ | ६६३८२ | १०६२३ |
| ४. | अन्य कोष | - | ६४ | १३१ | २१२९५ | २५६२३ | ३६४१७ | ७३६२१ | ८४१४१ | ८५९२५ | ९११५१ | ८५५१२ | ७३८१४ |

### ग) बचतः-

,000

| क्र सं. | विवरण | ५४/५५ | ६५/६६ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | वचत संकलन | १७५१ | ५९१६१७ | २८३६५९४ | ३४३६०२२ | ४१६१२३८ | ७४३९६९२ | ९३९२२०७ | ९४९९५३७ | ९८९४४८५ | १२२४२४९६ | १३२२४९६५ |
| २. | वचत फिर्ता | ९४८ | ५१०५६ | २६५२१९६ | ३२५२५२० | ३७७०१९८ | ६९२७३५३ | ९१४९२३३ | ९२०२१९४ | ९२९९१८९ | ११५२१०५६ | १२८६३३५२ |
| ३. | वचत मौज्दात | ८०२ | ७६९९२ | ८३६४०५ | १०१९९०७ | १४१३७७८ | १९३०४१७ | २१७४४९२ | २४७१८३५ | ३०६७१३१ | ३७८८५७० | ४१५०१८३ |

### घ) कर्जाः-

,000

| क्र सं. | कर्जाको विवरण | ५४/५५ | ६५/६६ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कर्जा प्रवाह | १७२९ | ७४०५२ | ५५४७३९ | ६५३२५१ | ८७२३३४ | १९७४०५३ | १६०८७५१ | १३५६३४१ | १४६४९३६ | १७३८५५६ | २०४५८६५ |
| २. | कर्जा असुली | १२४२ | ५०२२५ | ३३९७९९ | ४३८७६८ | ५५०५८८ | १०००३१७ | १२१४८७३ | ११६६२१५ | १२५४५०६ | १४७२६५१ | १८१३३८६ |
| ३. | कर्जा लगानी | २९७१ | ७५२७० | ९९२९९९ | १२०७४८२ | १५२९२२८ | २५०२९६४ | २८९६८४२ | ३०८६९६८ | ३२९७३९८ | ३५६३३०२ | ३७९५७८१ |
| ४. | भाखा नाघेको कर्जा | - | - | १४८९ | १३०५ | ३९४९ | ९१९३ | ८७२१ | ११०४८ | १२५३० | १०८३४ | २९६०७ |
| ५. | % मा भाखा नाघेको | - | - | ०.१५ | ०.११ | ०.२६ | ०.३७ | ०.३० | ०.३५ | ०.३८ | ०.३० | ०.७८ |

### ङ) कारोबारः-

,000

| क्र सं. | विवरण | ५५/५६ | ६५/६६ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शेयर पूँजी | १३६९ | १३९३० | १२१५७७ | १४५५३९ | २१७८३२ | ३११४०२ | ३५५५७८ | ३७४९८३ | ३७१८९० | ३९७०१७ | ४०८३६९ |
| २. | बचत निक्षेप | ३१३९ | ७६९९२ | ८३६४०५ | १०१९९०७ | १४१३७७८ | १९३०४१७ | २१७४४९२ | २४७१८३५ | ३०६७१३१ | ३७८७४६२ | ४१५००१८ |
| ३. | कर्जा लगानी | ३८६९ | ७५२७० | ९९२९९९ | १२०७४८२ | १५२९२२८ | २५०२९६४ | २८९६८४२ | ३०८६९६८ | ३२९७३९८ | ३४९३७३६ | ३६८८४१५ |
| ४. | वासलात | ४८०५ | १०८३४५ | ११७८७९७ | १४५१७४२ | १९३३९४१ | २९६३४२९ | ३३९८९६२ | ३५५१७४९ | ३८७८६३८ | ४५३७९३९ | ४९१२२२० |

## अनुसूची २

## सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति र कर्मचारीहरुको बैठकको क्रियाशीलता

| क्र.सं. | समितिको नामावली | कुल अनुपातिक बैठक संख्या | उपस्थित अनुपातिक संख्या | उपस्थित अनुपातिक प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | संचालक समिति | १४४ | १३८ | ९५.८३ | |
| २. | लेखा सुपरिवेक्षण समिति | ४५ | ४१ | ९१.११ | |
| ३. | सल्लाहकार | ४ | ३ | ७५.०० | |
| ४. | वित्तीय व्यवस्थापन उपसमिति | ४० | ३६ | ९०.०० | |
| ५. | खरिद उपसमिति | ४५ | ४२ | ९३.३३ | |
| ६. | महिला बालबालिका तथा ज्येष्ठ सदस्य उपसमिति | ५४ | ५१ | ९४.४४ | |
| ७. | मानव संशाधन व्यवस्थापन उपसमिति | ५१ | ५० | ९८.०४ | |
| ८. | अनुगमन उपसमिति | ३५ | ३४ | ९७.१४ | |
| ९. | कर्जा उपसमिति | १२९ | १२७ | ९८.४५ | |
| १०. | मूल्यांकन उपसमिति | ६३ | ५५ | ८७.३० | |
| ११. | स्वास्थ्य युवा तथा खेलकुद उपसमिति | ३० | २३ | ७६.६७ | |
| १२. | सञ्चार तथा प्रकाशन उपसमिति | १२ | ११ | ९१.६७ | |
| १३. | शिक्षा तथा तालिम व्यवस्थापन उपसमिति | २० | १९ | ९५.०० | |
| १४. | दमक सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३६ | ३३ | ९१.६७ | |
| १५. | एकाई १ | ३६ | ३२ | ८८.८९ | |
| १६. | एकाई २ | २४ | २० | ८३.३३ | |
| १७. | एकाई ३ | २४ | १८ | ७५.०० | |
| १८. | एकाई ४ | १८ | १७ | ९४.४४ | |
| १९. | एकाई ५ | २४ | २३ | ९५.८३ | |
| २०. | एकाई ६ | २४ | १८ | ७५.०० | |
| २१. | एकाई ७ | ३० | २९ | ९६.६७ | |
| २२. | एकाई ८ | १८ | १३ | ७२.२२ | |
| २३. | एकाई ९ | १८ | १७ | ९४.४४ | |
| २४. | एकाई १० | १२ | १० | ८३.३३ | |
| २५. | कमल सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३० | २५ | ८३.३३ | |
| २६. | कमल कर्जा उपसमिति | ३० | २९ | ९६.६७ | |
| २७. | उर्लाबारी सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३० | २३ | ७६.६७ | |
| २८. | उर्लाबारी सेवा कार्यालय कर्जा उपसमिति | ४८ | ४८ | १००.०० | |
| २९. | मिक्लाजुङ सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३६ | २८ | ७७.७८ | |
| ३० | मिक्लाजुङ कर्जा उपसमिति | ३६ | ३६ | १००.०० | |
| ३१ | पथरी सेवा कार्यालय व्यवस्थापन उपसमिति | ४५ | ४० | ८८.८९ | |
| ३२ | पथरी सेवा कार्यालय कर्जा उपसमिति | २४ | २४ | १००.०० | |
| ३३ | चुलाचुली सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३५ | २९ | ८२.८६ | |
| ३४ | चुलाचुली सेवा कार्यालय कर्जा उपसमिति | ३० | २८ | ९३.३३ | |
| ३५ | बिर्तामोड सेवा कार्यालय व्यवस्थापन उपसमिति | २५ | २३ | ९२.०० | |
| ३६ | बिर्तामोड सेवा कार्यालय कर्जा उपसमिति | ३० | २९ | ९६.६७ | |
| ३७ | कन्काई सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३० | २७ | ९०.०० | |
| ३८ | कन्काई सेवा कार्यालय कर्जा उपसमिति | १५ | १५ | १००.०० | |
| ३९ | शिवसताक्षी सेवा कार्यालय व्यवस्थापन उपसमिति | ४० | ३६ | ९०.०० | |
| ४० | शिवसताक्षी सेवा कार्यालय कर्जा उपसमिति | ३३ | ३१ | ९३.९४ | |
| ४१ | गौरादह सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३० | २७ | ९०.०० | |
| ४२ | गौरादह सेवा कार्यालय कर्जा उपसमिति | १५ | १५ | १००.०० | |
| ४३ | लेटाङ सेवा कार्यालय व्यवस्थापन उपसमिति | ३० | २६ | ८६.६७ | |
| ४४ | लेटाङ सेवा कार्यालय कर्जा उपसमिति | १८ | १८ | १००.०० | |
| ४५ | बेलबारी सेवा कार्यालय व्यवस्थापन उपसमिति | ४५ | ४३ | ९५.५६ | |
| ४६ | बेलबारी सेवा कार्यालय कर्जा उपसमिति | २७ | २४ | ८८.८९ | |

## अनुसूची ३

## संस्थाले अभिभावकत्व ग्रहण गरेका विद्यालय, अभिभावक र विद्यार्थीको नामावली

| क्र.स. | विद्यार्थीको नाम | ठेगाना | विद्यालयको नाम | अभिभावकको नाम | सेवा केन्द्र |
|---|---|---|---|---|---|
| १ | दीपा बक्ला | दमक-९ | पाणिनी माध्यमिक विद्यालय, दमक ९ | अर्जुन बक्ला | दमक सेवा कार्यालय |
| २ | ललित ताजपुरिया | दमक-५ | हिमालय मा.वि., दमक २ | रिता ताजपुरिया | दमक सेवा कार्यालय |
| ३ | देवीकला बिक | झिलझिले, झापा | झिलझिले माध्यमिक विद्यालय, शिवसताक्षी | मैया दर्जी | शिवसताक्षी सेवा कार्यालय |
| ४ | अर्जुन मगर | मिक्लाजुङ-९ | बहुमुखी आधारभूत विद्यालय, मिक्लाजुङ-९ | हरिमाया मगर | मिक्लाजुङ सेवा कार्यालय |
| ५ | निलेश पौडेल | पथरीशनिश्चरे-८ | बुद्ध माध्यमिक विद्यालय, पथरीशनिश्चरे २ | शोभा पौडेल | पथरी सेवा कार्यालय |
| ६ | गीता देवी न्यौपाने | बुद्धशान्ति २ | आदर्श माध्यमिक विद्यालय, बुद्धशान्ति २ | लिलाप्रसाद न्यौपाने | बिर्तामोड सेवा कार्यालय |
| ७ | साक्षीदेवी विश्वकर्मा | कनकाई ३ | कन्काई माध्यमिक विद्यालय, कनकाई ३ | पम्फादेवी विश्वकर्मा | कन्काई सेवा कार्यालय |
| ८ | स्वस्तिका सापकोटा | चुलाचुली-४ | बालज्योति माध्यमिक विद्यालय, चुलाचुली ४ | हिमादेवी भट्टराई | चुलाचुली सेवा कार्यालय |
| ९ | करुणा भण्डारी | गौरादह १ | गौरादह मा.वि., गौरादह १ | इन्दिरा भण्डारी | गौरादह सेवा कार्यालय |
| १० | तुलसा दनुवार | उर्लाबारी ८ | लक्ष्मी मा.वि., उर्लाबारी, मोरङ | पवित्रा दनुवार | उर्लाबारी सेवा कार्यालय |

## अनुसूची-४

## आ.व. २०८२/०८३ मा संस्थाका समिति उप-समिति तथा संचालक तथा कर्मचारीहरूको तालिममा सहभागीको विवरण

| क्र.सं. | सहभागीको नाम | आयोजक | कार्यक्रमको शीर्षक | स्थान | अवधि |
|---|---|---|---|---|---|
| १ | नारायणपप्रसाद भट्टराई | राष्ट्रिय सहकारी महासंघ | ३३ औं साधारणसभा | पुल्चौक, काठमाण्डौं | १ दिन |
| २ | नारायणप्रसाद भट्टराई, खोमप्रसाद बगाले | साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी नीति संवाद | बिर्तामोड, झापा | २ दिन |
| ३ | सीता कार्की | दमक जसीज | महिला स्वास्थ्य सचेतना तालिम | दमक ५ | १ दिन |
| ४ | खोमप्रसाद बगाले | नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि. | वार्षिक साधारणसभाका कार्यक्रम | ललितपुर | १ दिन |
| ५ | कृष्णकुमारी खड्का | जिल्ला सहकारी संघ लि., मोरङ | एक दिवसीय महिला सहकारीकर्मी गोष्ठी | दमक, झापा | ३ दिन |
| ६ | कृष्णकुमारी खड्का | मेची बहुउद्देश्यीय सहकारी संस्था लि. | उद्घोषण तालिम | दमक, झापा | ३ दिन |
| ७ | विमला राई,मञ्जु रायमाझि, बर्षा अधिकारी, सविना चौधरी | महिला बालबालिका तथा जेष्ठ सदस्य उपसमिति | उद्घोषण तालिम | संस्थाको सभा हल | २ दिन |
| ८ | सिता सुवेदी, विमला राई, मञ्जु रायमाझी, बर्षा अधिकारी, गंगा सुवेदी | जिल्ला सहकारी संघ लि., मोरङ | एक दिवशीय महिला सहकारीकर्मी गोष्ठी | विराटनगर/श्री कृष्ण होटल | १ दिन |
| ९ | शिवप्रसाद निरौला | सहकारी विभाग, नयाँ बानेश्वर, काठमाण्डौ नेपाल । | संस्थाको विनियम निर्माण सम्बन्धी तालिम | पाथीभरा होटल ईटहरी सुनसरी | २ दिन |
| १० | मेनुका थापा | भूमि व्यवस्थ, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग नयाँ बानेश्वर काठमाण्डौ | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई सहकारी लेखा प्रणाली सम्बन्धी तालिम | दमक ६ होटल नेपालीरिका | २ दिन |
| ११ | एशिका कार्की | शिवसताक्षी नगरपालिका | संस्था व्यवस्थापन तालिम | होटल हाइजेनिक, दूधे | २ दिन |
| १२ | पोशन सापकोटा | राष्ट्रिय सहकारी महासंघ लि | संचालक क्षमता अभिवृद्धि तालिम | विराटनगर | २ दिन |
| १३ | रोमणी लामिछाने | प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, कोशी प्रदेश | TOT कार्यक्रम | प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, इनरुवा सुनसरी | ७ दिन |
| १४ | रोमणी लामिछाने मीना खरेल | जिल्ला सहकारी संघ झापा | सहकारी दिवस | बिर्तामोड | १ दिन |
| १५ | माधव ताजपुरिया | राष्ट्रिय सहकारी महासंघ लि. | सञ्चालक क्षमता अभिबृद्धि तालिम | विराटनगर, मोरङ | २ दिन |
| १६. | ओमप्रकाश मिश्र र अर्जुन आचार्य | साना किसान विकास लघुवित्त वित्तीय संस्था, शाखा विर्तामोड | क्षमता अभिबृद्धि तालिम | Grand Pacific Hotel विर्तामोड | १ दिन |
| १७. | गंगा सुवेदी | जिल्ला सहकारी संघ, मोरङ | सहकारीमा महिला सशक्तिकरण | श्रीकृष्ण होटल, बिराटनगर | १ दिन |
| १८. | टिकाराम विश्वकर्मा | कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा | कोपोमिससम्बन्धी २ दिवसीय पुनर्ताजगी एवं प्राविधिक तालिम | कमला मदन आश्रित मा.वि, कमल २ झापा | २ दिन |
| १९ | मीना खरेल | केन्द्रीय कार्यालय | उद्घोषण तालिम | दमक | १ दिन |
| २० | आशिका मैनाली | ज्येष्ठ तथा महिला बालबालिका उप समिति मेची बहुउद्देश्यीय सहकारी संस्था लि.,दमक, झापा | उद्घोषण कला तथा क्षमता बृद्धि तालिम | मेची मुख्य कार्यालयको सभाहल, दमक, झापा | २ दिन |

अनुसूची ५

## २०८२/०८३ मा सञ्चालित कार्यक्रम तथा तालिमहरु

| क्र.सं. | कार्यक्रमको नाम | आमन्त्रित संख्या | उपस्थित संख्या | अवधि दिन | संयोजन गर्ने उपसमिति |
|---|---|---|---|---|---|
| १. | ज्येष्ठ सदस्य सम्मान | १२५ | ९८ | १ दिन | महिला बालबालिका तथा ज्येष्ठ सदस्य उपसमिति |
| २. | सेवा कार्यालय व्यवस्थापन उपसमितिहरुसँगको अभिमुखीकरण कार्यक्रम | ८८ | ८२ | १ दिन | सञ्चालक समिति |
| ३. | मुख्य कार्यालय तथा सेवा कार्यालयका कर्जा तथा धितो मूल्यांकन उपसमितिसँगको अभिमुखीकरण कार्यक्रम | ६० | ५३ | १ दिन | सञ्चालक समिति |
| ४. | एकाई उपसमितिहरुसँगको अभिमुखीकरण कार्यक्रम | ७६ | ६९ | १ दिन | सञ्चालक समिति |
| ५. | मनोनित विभिन्न उपसमितिहरुसँगको अभिमुखीकरण कार्यक्रम | ६४ | ५२ | १ दिन | सञ्चालक समिति |
| ६. | समुदायमा प्राथमिक उपचारसम्बन्धी एक दिवसीय सचेतनामूलक कार्यक्रम | १७७ | ११७ | १ दिन | स्वास्थ्य, युवा तथा खेलकुद उपसमिति |
| ७. | उद्घोषण तालिम | ८७ | ६९ | २ दिन | महिला बालबालिका तथा ज्येष्ठ सदस्य उपसमिति |
| शेयर पूँजी निष्कासन वा जारी | २५,१२६,९०० | - | - | - | - | - | २५,१२६,९०० |
| **<u>सदस्यहरुलाई लाभांश</u>** | | | | | | | |
| संरक्षित पूँजी कोषबाट भुक्तानी | - | - | - | (१७,२४८,७७१) | - | - | (१७,२४८,७७१) |
| नगद लाभांश भुक्तानी | - | - | - | - | (३७,६२६,५५७) | - | (३७,६२६,५५७) |
| **आषाढ ३२, २०८२ सम्मको मौज्दात** | ३९७,०१७,३०० | २२८,६७९,६४१ | १९,७९८,२०८ | ११,४२३,७९९ | ५२,५८८,०९१ | १,७०२,१४६ | ७११,२०९,१८४ |
| **साउन १, २०८२ सम्मको समायोजित मौज्दात** | ३९७,०१७,३०० | २२८,६७९,६४१ | १९,७९८,२०८ | ११,४२३,७९९ | ५२,५८८,०९१ | १,७०२,१४६ | ७११,२०९,१८४ |
| रकमान्तर | - | ५,५९८,८१९ | - | (१२,२७४) | (२६,४१४,९७८) | - | (२०,८२८,४३२) |
| NFRS मा अवस्थान्तर हुँदाको प्रभाव | - | (६३९,२८९) | - | - | - | - | (६३९,२८९) |
| विनियोजन | - | १०,०५३,९७९ | - | ७,५४०,४८४ | २१,४९७,९२० | १,१२३,५३२ | ४०,२१५,९१५ |
| यस वर्षको प्रोदभावी आधारमा ब्याज आम्दानी | - | - | (१,३९७,५३५) | - | - | - | (१,३९७,५३५) |
| कोषबाट गरिएको खर्च | - | - | - | - | (२,६२२,६४७) | - | (२,६२२,६४७) |
| **<u>शेयरमा प्रत्यक्ष लेखाङ्कन हुने स्वामित्वकर्ता सँगको कारोबार</u>** | | | | | | | |
| शेयर पूँजी निष्कासन वा जारी | ११,३५२,१०० | - | - | - | - | - | ११,३५२,१०० |
| **<u>सदस्यहरुलाई लाभांश</u>** | - | - | - | - | - | - | - |
| संरक्षित पूँजी कोषबाट भुक्तानी | - | - | - | (११,४११,५२५) | - | - | (११,४११,५२५) |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - |
| **आषाढ ३२, २०८३ सम्मको मौज्दात** | ४०८,३६९,४०० | २४३,६९३,१५० | १८,४००,६७३ | ७,५४०,४८४ | ४५,०४८,३८६ | २,८२५,६७८ | ७२५,८७७,७७१ |

संलग्न टिपण्णीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| खीमप्रसाद [illegible] | [illegible] | मिनाकुमारी कोइराला | [illegible] थापा | नारायणप्रसाद भट्टराई | एफ.सी.ए. रजनीराज आचार्य |
| प्रमुख कार्यकारी अधिकृत | सचिव | महिला उपाध्यक्ष | वरिष्ठ उपाध्यक्ष | अध्यक्ष | साझेदार |
| | | | | | एस.डि.आर. एसोसिएट्स |
| | | | | | चार्टड एकाउन्टेन्ट्स |

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] घिमिरे | गणेश बहादुर तामाङ | डिल्लीप्रसाद न्यौपाने | नविना उप्रेती | सिता कार्की (ठाकुर बरही) | हरिप्रसाद चापागाई |
| संचालक सदस्य | संचालक सदस्य | संचालक सदस्य | संचालक सदस्य | संचालक सदस्य | लेखा सुपरिवेक्षण समिति संयोजक |

मिति: २०८३।०४।१७

स्थान: दमक, झापा, नेपाल

# मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

दमक, झापा

## इक्वीटिमा भएको परीवर्तन सम्बन्धि विवरण

२०८३ आषाढ ३२ गतेको

**नियमनकारी र अन्य कोषहरु** (रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)

| आ व २०८१/८२ | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी विकास कोष | घाटा पुर्ति कोष | सामुदायिक विकास कोष | सहकारी शिक्षा कोष | सदस्य जीवन सुरक्षण कोष | सदस्य जटिल रोग उपचार कोष | कर्मचारी बोनस कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | ३६५,९८१ | ३१,०८२,८०८ | ८,७११,१६७ | ८,७११,१६७ | ८,७११,१६७ | ५,४५३,१२४ | ६,५४३,७४९ | - | ३,२७१,८७५ | ७२,८५१,०३९ |
| रकमान्तर | - | ६,५४३,७४९ | - | - | (५,०००,०००) | (५४,१७८) | (६,५४३,७४९) | - | - | (५,०५४,१७८) |
| विनियोजन | २२८,४७६ | २३,८३०,०४४ | १,७०२,१४६ | १,७०२,१४६ | १,७०२,१४६ | ३,४०४,२९२ | - | १,७०२,१४६ | - | ३४,२७१,३९६ |
| वितरण | - | (३७,६२६,५५७) | - | - | - | - | - | - | - | (३७,६२६,५५७) |
| खर्च | (३६५,९८१) | - | - | - | (१,११४,६६१) | (५,३९८,९४६) | - | - | (३,२७१,८७५) | (१०,१५१,४६३) |
| **अन्तिम मौज्दात** | **२२८,४७६** | **२३,८३०,०४४** | **१०,४१३,३१३** | **१०,४१३,३१३** | **४,२९८,६५२** | **३,४०४,२९२** | **-** | **१,७०२,१४६** | **-** | **५४,२९०,२३७** |

| आ व २०८२/८३ | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | सहकारी विकास कोष | घाटा पुर्ति कोष | सामुदायिक विकास कोष | सहकारी शिक्षा कोष | सदस्य जीवन सुरक्षण कोष | सदस्य जटिल रोग उपचार कोष | कर्मचारी बोनस कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | २२८,४७६ | २३,८३०,०४४ | १०,४१३,३१३ | १०,४१३,३१३ | ४,२९८,६५२ | ३,४०४,२९२ | - | १,७०२,१४६ | - | ५४,२९०,२३७ |
| रकमान्तर | - | (२३,८३०,०४४) | - | - | - | (२,५८४,९३४) | - | - | - | (२६,४१४,९७८) |
| विनियोजन | १५०,८१० | १५,७२९,४५० | १,१२३,५३२ | १,१२३,५३२ | १,१२३,५३२ | २,२४७,०६४ | - | १,१२३,५३२ | - | २२,६२१,४५२ |
| वितरण | - | - | - | - | - | - | - | - | - | - |
| खर्च | (२२८,४७६) | - | - | - | (१,५७४,८१३) | (८१९,३५८) | - | - | - | (२,६२२,६४७) |
| **अन्तिम मौज्दात** | **१५०,८१०** | **१५,७२९,४५०** | **११,५३६,८४५** | **११,५३६,८४५** | **३,८४७,३७१** | **२,२४७,०६४** | **-** | **२,८२५,६७८** | **-** | **४७,८७४,०६४** |

**मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**दमक, झापा**

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु**

२०८३ आषाढ मसान्तसम्मको

**१ सामान्य जानकारी**

श्री मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड डिभिजन सहकारी कार्यालय झापामा सिमित दायित्व भएको सहकारीको रुपमा २०५४/०५/१२ मा दर्ता भएको संस्था हो । यो संस्थाको कार्यक्षेत्र हाल झापा, मोरङ र ईलाम जिल्लामा समेत विस्तारीत भएको छ। संस्थाको सहकारी विभागको दर्ता नम्बर ३/१/७ (९४-०५४/५५) हो ।

संस्थाले आफ्नो मुख्य कार्यालय दमक, थाना लाइन बाट २०५४/०९/२९ देखि कारोवार शुरु गरेको हो । संस्था मिति २०६०/१२/२९ गते आन्तारीक राजश्व कार्यलय भद्रपुरमा दर्ता भएको हो । संस्थाको आन्तरिक राजश्व कार्यलयको दर्ता नम्बर ३०१५६३३५८ रहेको छ । संस्थाले पानी उद्योग संचालन गर्नका लागी बाणिज्य विभाग अन्तर्गतको, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नम्बर १ बाट मिति २०८१।१२।०४ मा उद्योग दर्ता नम्बर झ-२६६९६ लिएको छ ।

संस्थाको आर्थिक वर्ष नेपालीमा २०८२ श्रावण १ गते देखि २०८३ आषाढ मसान्तसम्म रहेको छ । यो वित्तीय विवरण संस्थाले आर्थिक वर्ष २०८२।८३ मा गरेका आर्थिक कारोबारको आधारमा तयार गरिएको छ ।

संस्थाका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- सदस्यको खाँचो पूर्ति गर्नको लागि एकजुट भई काम गर्न प्रोत्साहित गर्ने,
- सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययीताको भाव सिर्जना गर्ने र वचत गर्ने वानीको अभिवृद्धि गर्ने,
- सदस्यहरुको आर्थिक तथा सामाजिक जीवन स्तर उठाउने,
- नियमित निक्षेप संकलन गर्ने,
- नियमित रुपमा ऋण प्रवाह गर्ने,
- संस्थाले बैंक, फाइनान्स कम्पनी, विकास बैंक, सरकारी तथा गैह सरकारी निकायहरुबाट 'थोककर्जा (Wholesale Lending) प्राप्त गरि लघुवित्त क्षेत्रमा कर्जा लगानी गर्न सक्नेछ ।
- सदस्यको जिवनको उत्तरार्धलाई सुनिश्चीत गर्न विविध कार्यहरु गर्ने ।
- संस्थाले एम्वुलेन्स सेवा, सव वाहन सेवा स्वास्थ क्लिनिक संचालन गर्ने ।
- संस्थाले एकल वा साझेदारी रुपमा जलविद्युत, रसायनिकमल कारखाना, आवसीय परियोजना, यातायात, कृर्षी उपकरण, भारी कृर्षी उपकरण, फलफुल प्रसोधन, जडिवुटी प्रसोधन, शीत भण्डार, अस्पताल शिक्षालय र प्राविधिक शिक्षालय, प्रयोगशाला, सदस्यको माग अनुसार व्यावसायीक वा आवसिय भवनहरु निमार्ण गरी भाडामा वा निजि प्रयोजनका लागी किस्ता वन्दीमा हस्तान्तरण गर्नु ।
- आर्थिक अवस्थामा सुधार ल्याउने किसिमका विभिन्न क्रियाकलापहरु गर्नु र विषयगत विशिष्टीकृत सहकारी संघहरु को शेयर खरिद गर्न ।
- वैदेशिक कम्पनीहरुको एजेन्सी लिई आन्तरिक रेमिटान्स कारोवार संचालन गर्ने ।
- सदस्यहरुको समूह निर्माण गर्नु, समुहलाई व्यवसायिक खेती प्रणालीमा उत्प्रेरित गर्दै आय आर्जनको काममा लगाउनु, बचत गराउनु, सामुहिक ऋण प्रवाह गर्नु

SDR ASSOCIATES
A member firm of IR Global, UK
Chartered Accountants

## २ वित्तीय लेखाङ्कनका आधारहरु

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard- NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board- ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal- ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय स्थिति विवरण, नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संस्थाले सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गिकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले एकिकृत वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

### २.२ मापनको आधार

वित्तीय विवरणहरू ऐतिहासिक लागत आधारमा तयार गरिएका छन्, तर केही महत्वपूर्ण बुँदाहरुलाई सम्बन्धित खण्डको आवश्यकता गरे अनुसार उचित मूल्यमा मापन गरिएको छ ।

### २.३ निरन्तरता (Going Concern)

संस्थाको संचालक समितिले संस्थाको निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्यांकन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । साथै संचालक समितिले संस्थाको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ संस्थाको वित्तीय विवरण निरन्तरतामा (Going Concern) आधारित रहेर तयार पारिएको छ ।

### २.४ प्रस्तुतीकरण

तुलनालाई सहज बनाउने उद्देश्यले NFRS ले अनुमति दिएको हदसम्म विगत वर्षहरूका रकमहरूलाई आवश्यकता अनुसार पुनर्लेखन, पुनर्तालिकीकरण तथा पुनर्वर्गीकरण गरिएको छ ।

संस्थाले चालू/गैर-चालू वर्गीकरणमा आधारित भएर वित्तीय स्थितिको विवरणमा सम्पत्ति र दायित्वहरू प्रस्तुत गर्दछ । संस्थाले निम्न अवस्थामा सम्पत्तिलाई चालू सम्पत्तिमा वर्गीकरण गर्दछ :

- सामान्य संचालन चक्रमा प्राप्त हुने वा बिक्री वा उपभोग गर्ने अपेक्षा गरिएको
- मुख्यतया व्यापारको उद्देश्यको लागि राखिएको
- प्रतिवेदन अवधि पछिको बाह्र महिना भित्र प्राप्त हुने अपेक्षा गरिएका वा
- नगद वा नगद सरह, जुन प्रतिवेदन अवधि पछिको कम्तिमा बाह्र महिनासम्म दायित्व फर्छ्यौट गर्न प्रतिबन्धित नभएका

अन्य सबै सम्पत्तिहरूलाई गैर-चालू सम्पत्ति अन्तर्गत वर्गीकरण गरिन्छ ।

संस्थाले निम्न अवस्थामा दायित्वलाई चालू वर्गीकरण गर्दछ :

- सामान्य संचालन चक्रमा फर्छ्यौट हुने अपेक्षा गरिएको
- मुख्यतया व्यापारको उद्देश्यको लागि राखिएको
- प्रतिवेदन अवधि पछिको बाह्र महिना भित्र फर्छ्यौट हुनपर्ने वा
- प्रतिवेदन अवधि पछिको कम्तिमा बाह्र महिनासम्म दायित्व फर्छ्यौट गर्न स्थगित गर्ने सर्त सहितको अधिकार नभएको

अन्य सबै दायित्वहरूलाई गैर-चालू दायित्व अन्तर्गत वर्गीकरण गरिन्छ ।

स्थगन कर सम्पत्ति र दायित्वहरूलाई गैर-चालू सम्पत्ति/दायित्वको रूपमा वर्गीकरण गरिन्छ ।
संस्थाको सञ्चालन चक्रलाई बाह्र महिनाको अवधिको रूपमा परिभाषित गरिएको छ ।
आय विवरण 'प्रकृति अनुसार' वर्गीकरण विधि प्रयोग गरेर तयार गरिएको छ ।
नगद प्रवाह विवरण अप्रत्यक्ष विधि प्रयोग गरेर तयार गरिएको छ ।

SDR ASSOCIATES — A member firm of IR Global, UK — Chartered Accountants

### २.५ छुट (Discounting)

दायित्वको चुक्ता र सम्पत्तिको प्राप्ति एक वर्ष भन्दा बढी समय पछि मात्र हुने भएमा र ती दायित्व तथा सम्पत्तिहरुको असर सारभुत भएमा संस्थाले त्यस्ता सम्पत्ति र दायित्वलाई छुट गर्ने गर्दछ । छुटको दर निर्धारण गर्नको लागि संस्थाले विभिन्न आन्तरिक तथा बाह्य तत्वहरुको विश्लेषण गर्दछ ।

### २.६ लेखाङ्कन नीतिहरू

संस्थाले NFRS मा उल्लिखित लेखा नीतिमा निर्दिष्ट भई वित्तीय विवरण तयार गरेको छ । NFRS बमोजिम वित्तीय विवरण तयार गर्दा तिनको लेखा नीतिहरु अवलम्बन गरी लागू गरिएका छन् । विशिष्ट लेखाङ्कन नीतिहरू वित्तीय विवरणका प्रत्येक बुँदाहरुको विशेष खण्डमा समावेश गरिएको छ ।

### २.६.१ लेखा नीतिमा परिवर्तन

सबै वर्षहरूमा नीतिहरूको एकरूपता कायम राखिएको छ । लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भव भएसम्म असरहरु समेत खुलाइएको छ । अन्यथा उल्लेख नगरिएको अवस्था बाहेक, चालू वर्षमा कुनैपनि लेखाङ्कन नीतिहरूमा परिवर्तन गरिएको छैन ।

### २.७ लेखाङ्कन अनुमान, धारणा र स्वविवेकको प्रयोग

NFRS बमोजिम वित्तीय विवरण तयार गर्दा संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ । यी अनुमानहरु उपलब्ध जानकारी र संस्थाको व्यवस्थापनको स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्दथे भन्ने पनि निर्धारण हुन सक्नेछ ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाइएको छ । वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिलेकाहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन् । संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको उचित मूल्य अनुमान गर्न विभिन्न मुल्यांकन विधि र प्रविधिहरु प्रयोग गरिएको छ । संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखाङ्कन गरिन्छ ।

वित्तीय विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यस अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत सोही स्थानमा उल्लेख गरिएको छ ।

### २.८ प्रतिवेदन अवधि र वित्तीय विवरणको स्वीकृति

**क) प्रतिवेदन अवधि**

संस्थाले नेपाल लेखामान बोर्ड (Accounting Standards Board- ASB) द्वारा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards- NFRS) बमोजिम आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण तयार गरेको छ । वित्तीय विवरण १ श्रावण २०८२ देखि ३२ आषाढ २०८३ सम्मको प्रतिवेदन अवधिलाई समेट्दछ तथा तुलनात्मक तथ्याङ्क आर्थिक वर्ष २०८१/८२ को प्रस्तुत गरिएको छ ।

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| तुलनात्मक वासलात मिति | ३२ आषाढ २०८२ | १६ जुलाई २०२५ |
| तुलनात्मक प्रतिवेदन अवधि | १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ | १७ जुलाई २०२४ देखि १६ जुलाई २०२५ |
| वासलात मिति | ३२ आषाढ २०८३ | १६ जुलाई २०२६ |
| प्रतिवेदन अवधि | १ श्रावण २०८२ देखि ३२ आषाढ २०८३ | १७ जुलाई २०२५ देखि १६ जुलाई २०२६ |

**ख) वित्तीय विवरणको जिम्मेवारी**

सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार संस्थाको हिसाबकिताब तथा लेखा राख्ने अन्तिम जिम्मेवारी सञ्चालकहरु वा अन्य पदाधिकारीहरुमा रहेकोछ । सञ्चालक समितिले वित्तीय विवरणको तयारी तथा प्रस्तुतिको जिम्मेवारी स्वीकार गर्दछ ।

SDR ASSOCIATES A member firm of IR Global, UK Chartered Accountants

**ग) संचालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरण मिति २०८३ साउन १७ गते सम्पन्न संस्थाको संचालक समितिको बैठकले साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरेको छ।

**२.९ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

यस वित्तीय प्रतिवेदन नेपाली रुपैंया (ने.रु.) मा तयार पारिएको छ। संस्थाले नेपाली मुद्रामा मात्र कारोबार गर्न नियमाकीय व्यवस्था रहेको छ। सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैंयामा उल्लेख गरिएको छ। यस आर्थिक वर्षमा संस्थाको कार्यात्मक तथा प्रस्तुति मुद्रामा परिवर्तन भएको छैन।

**२.१० गाभ्ने र गाभिने (Merger and Acquisition)**

यस आ.व. मा कुनै पनि संस्थासँग Merger and Acquisition भएको छैन।

**२.११ समावेश नगरिएका संस्थाको अतिरिक्त खुलासा**

संस्थाको कुनै पनि किसिमको सहायक संस्थाहरु नरहेको हुदाँ यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै कारोबार छैन।

**२.१२ प्रतिवेदन अवधि पछिका घटनाहरु**

संस्थाले प्रतिवेदन अवधि सकिएपछि समायोजन वा गैर समायोजन घटनाहरुको रुपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ। सबै समायोजन घटनाहरु अतिरिक्त खुलासाका साथ विवरणमा समावेश गरिएको छ र गैर समायोजन घटनाहरुको सम्भावित वित्तीय प्रभाव सकेसम्म टिप्पणीहरुमा खुलाइएको छ। यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेला सम्मको संस्थालाई प्रभाव पार्ने अवधिमा कुनै उल्लेख्य घटनाहरु भएका छैनन्।

SDR ASSOCIATES
A member firm of IR Global, UK
Chartered Accountants

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३: प्रमुख लेखा नीतिहरु

वित्तीय विवरण तयार गर्दा आधार मानिएका लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएका छन् ।

### टिप्पणी ३.१: नगद तथा नगद सरह

नगद प्रवाह विवरणको प्रयोजनको लागि नगद तथा नगद सरहमा संस्थासँग रहेको नगद, बैंक तथा वित्तीय संस्थासँगको मौज्दात, कल र छोटो सूचनामा प्राप्त हुने पैसा (Money at Call and Short Notice) र प्राप्ती मिति (Acquisition Date) बाट तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने अत्याधिक तरल मौद्रिक सम्पत्ति समावेश छन् र यि मौद्रिक सम्पत्तिलाई उचित मूल्यमा परिवर्तन गर्दाको जोखिम नगण्य छन् । नगद तथा नगद सरहको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| नगद | ३२,९२३,४६३ | २८,१८०,६०२ |
| बैक तथा वित्तीय संस्थामा रहेको मौज्दात (३.१.१) | ७६६,७८७,००२ | ६९०,३१२,४४२ |
| **जम्मा नगद तथा नगद सरह** | **७९९,७१०,४६४** | **७१८,४९३,०४४** |

### टिप्पणी ३.१.१: बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, सावा तथा ब्याज प्राप्त गर्ने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाहरूमा राखिएका वित्तीय सम्पत्ति हुन् । बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| आई.एम.ई. कोअपरेटिभ लि. | ३०१,७५७ | ६९६,९३४ |
| राष्ट्रिय बाणिज्य बैंक लि. | १३,२८४,४१३ | ३,५३०,५०७ |
| सिद्धार्थ बैंक लि. | १९२,५७९,११४ | १६५,७७०,८५४ |
| एन.आई.सि.एसिया बैंक लि. | ७६,२९३,५५० | १७,८०१,७६५ |
| कृषि विकास बैंक लि. | ६९३,९५२ | २,०७८,६१७ |
| प्रभु बैंक लि. | १०,८१६,०९३ | ३५,७९०,७५६ |
| प्राइम बैंक लि. | ६०,७३२,०७२ | ७८,८८३,२६९ |
| सिटिजन्स बैंक लि. | २,८६७,६९४ | १४,६२० |
| माछापुच्छ्रे बैंक लि. | ६६९,१०५ | ३,३४२,९७५ |
| लक्ष्मी सनराइज बैंक बैक लि. | ५२,८१५,८६१ | २८,९३२,५५९ |
| सानिमा बैंक लि. | ८,५६५,२१२ | २०,३७९,७३४ |
| ग्लोबल आइएई बैंक लि. | ७,२२३,७५८ | ३,६७४,३९४ |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | १६,६०६,२८३ | ५२,२५६,२९६ |
| कुमारी बैंक लि. | ५५,१३८,३१८ | ४२,३८५,१२२ |
| कुमारी बैक लि | १९,५१५,०९३ | ३५४,९२५ |
| एक्सल डेभलपमेन्ट बैंक लि. | ३३,२२७,३५८ | ३६,७२४,३७९ |
| राष्ट्रिय सहकारी बैंक लि., झापा | १४१,५८२,९६२ | १४१,८३३,३०२ |
| नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी लि. | १००,१५७ | - |
| झापा जिल्ला सहकारी संघ लि. | १,१३९,६८० | १,०२१,५७४ |
| कामना सेवा बिकास बैंक लि. | २,३६४,५७६ | ६३,६८३ |
| सप्तकोशी बिकास बैंक लि. | ३,४७२,४७४ | १७,११९,२९३ |
| राष्ट्रिय सहकारी बैंक लि., क्रमिक खाता | २,६७३,९०६ | २,००४,९४३ |
| एन.एम.बि बैंक लि. | ६४,१२३,६१३ | ३५,६५१,९३९ |
| **जम्मा बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात** | **७६६,७८७,००२** | **६९०,३१२,४४२** |

SDR ASSOCIATES A member firm of IR Global, UK Chartered Accountants

**वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

प्रारम्भिक पहिचान

**क) पहिचानको मिति**

कुनै करार वा सम्झौता अन्तर्गत सृजित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

**ख) वर्गीकरण वित्तीय उपकरणको पहिचान तथा शुरुवाती मापन**

वित्तीय उपकरणहरुको शुरुवाति पहिचानमा वर्गीकरण गर्दा त्यसको उद्देश्य, प्रकृति र प्राप्त (acquire) गर्दाको व्यवस्थापनको सोचमा भर पर्दछ । सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सृजना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरीआएको मूल्यमा मापन गरिएको छ । नाफा/नोक्सान हिसाब मार्फत उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको सम्बन्धमा हुने कारोवार खर्चलाई नाफा/नोक्सान विवरणमा देखाइन्छ ।

**ग) वित्तीय उपकरणहरुको वर्गिकरण तथा त्यसपछिको (Subsequent) मापन**

**अ) वित्तीय सम्पत्तिको वर्गिकरण तथा त्यसपछिको (Subsequent) मापन**

वित्तीय सम्पत्तिलाई शुरुमा निम्न बमोजिम कुनै एक वर्गमा वर्गिकृत गरिन्छ :

१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति
- व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्ति
- नाफा/नोक्सान विवरण मार्फत उचित मूल्य (FVTPL) मा निर्दिष्ट वित्तीय सम्पत्ति

२) परिषोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति

३) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति

वित्तीय सम्पत्तिको शुरुवाती वर्गिकरणको आधारमा त्यसपछिको (Subsequent) मापन हुन्छ ।

**१) नाफा/नोक्सान विवरण मार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्ति व्यापारिक प्रयोजनको लागि धारण गरेको वा FVTPL मा निर्दिष्ट गरिएको भए त्यस्ता सम्पत्ति नाफा नोक्सान विवरण मार्फत उचित मूल्यको आधारमा वर्गिकरण गरिएको हुन्छ ।

**१.१) व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्तिलाई निकट भविष्यमा बिक्रि अथवा पुनःखरिदको निम्ति प्राप्त गरिएको खण्डमा त्यस्ता सम्पत्तिलाई व्यापारिक प्रयोजनको लागि धारण गरेको भनेर वर्गिकरण गरिन्छ । यसलाई पोर्टफोलियोको भागको रुपमा राखि अल्पकालिन नाफाको लागि एकसाथ व्यवस्थापन गरिन्छ । Hedging उपकरणको लागि निर्दिष्ट नगरिएका Derivative वित्तीय उपकरणहरु पनि यो वर्गमा सामेल गरिएको छ ।

व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्तिलाई वित्तीय विवरणमा उचित मूल्यको आधारमा लेखाङ्कन गरिन्छ । उचित मूल्यको परिवर्तनलाई खुद व्यापारिक आम्दानीमा लेखाङ्कन गरिन्छ । भुक्तानी पाउने अधिकार स्थापित भएपश्चात लाभांश आम्दानीलाई खुद व्यापारिक आम्दानीमा देखाइन्छ ।

Derivative उपकरण बाहेकका व्यापारिक प्रयोजनको लागि धारण गरेको सम्पत्ति पोर्टफोलियोको संस्थाले निकट भविष्यमा बिक्रि गर्ने मनसाय अझै सहि छ वा छैन भनी समीक्षा गर्दछ । बजार सक्रिय नरहेका कारण यदि संस्थाले वित्तीय सम्पत्तिको व्यापार गर्न नसके तथा भविष्यमा बेच्ने अपेक्षा परिवर्तन गरेमा संस्थाले वित्तीय सम्पत्तिलाई पुनर्वर्गिकरण गर्न सक्दछ । सरकारी धितोपत्र र इक्विटी उपकरणहरु जसको प्रमुख उद्देश्य निकट समयभित्र बेच्नु अथवा पुनःखरिद गर्नु रहेको छ, ती सम्पत्तिहरु यस वर्गमा पर्दछन ।

**१.२) नाफा/नोक्सान विवरण मार्फत उचित मूल्य (FVTPL) मा निर्दिष्ट वित्तीय सम्पत्ति**

संस्थाले वित्तीय सम्पत्तिलाई FVTPL मा निम्न अवस्थामा निर्दिष्ट गर्दछ :

- निर्दिष्ट गर्दा मापन वा पहिचानमा पूर्ण वा उल्लेखनिय रुपमा अस्थिरता घटाउँछ जुन अन्य तरिकाबाट सम्पत्ति मापन गर्दा उत्पन्न हुन्छ ।
- त्यस्ता सम्पत्तिहरु जुन वित्तीय सम्पत्ति, वित्तीय दायित्व अथवा दुवैको अंग हुन् र सोको व्यवस्थापन तथा मूल्याङ्कन उचित मूल्यको आधारमा जोखिम व्यवस्थापन वा लगानी रणनीति अनुरुप गरिन्छ ।
- त्यस्ता सम्पत्ति जसमा एक वा एक भन्दा बढी Embedded Derivatives समावेश गरिएको हुन्छ र त्यसल महत्वपूर्ण तरिकाले सम्झौतामा हुन सक्ने नगद प्रवाहलाई परिवर्तन गर्दछ ।

FVTPL मा निर्दिष्ट गरिएको वित्तीय सम्पत्तिलाई उचित मूल्यमा लेखाङ्कन गरिन्छ र सो उचित मूल्यमा कुनै पनि प्रकारको परिवर्तन भएमा सोलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । पाकेको ब्याजलाई प्रभावकारी ब्याजदर अनुसार ब्याज आम्दानीमा लेखाङ्कन गरिन्छ । त्यसैगरी लाभांश पाउनुपर्ने अधिकार स्थापित भएपछि अन्य संचालन आम्दानीमा लेखाङ्कन गरिन्छ ।

संस्थाले कुनै पनि वित्तीय सम्पत्तिहरुलाई शुरुवाती लेखाङ्कन गर्दा FVTPL मा निर्दिष्ट गरेको छैन ।

SDR ASSOCIATES
A member firm of HLB Global, UK
Chartered Accountants

**२) परिशोधित लागत (Amortised Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

परिशोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्ति गैर Derivative वित्तीय सम्पत्ति हो जसको निश्चित वा निर्धारित भुक्तानी रकम र निश्चित भुक्तानी समय हुन्छ र संस्थाले परिपक्वतासम्म धारण गर्ने क्षमता र मनसाय राखेको हुन्छ। शुरुवाती मापन पश्चात् परिशोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय सम्पत्तिलाई प्रभावकारी ब्याजदरको प्रयोगबाट परिशोधित मूल्यमा हानि नोक्सानी घटाई मापन गरिन्छ। परिशोधनलाई ब्याज आम्दानी शिर्षकमा नाफा नोक्सान विवरणमा देखाइन्छ र लगानीमा हुन सक्ने कुनै प्रकारको हानि नोक्सानीलाई पनि नाफा नोक्सान विवरणमा देखाइन्छ।

**कर्जा तथा सापट**

कर्जा तथा सापट अन्तर्गत निम्न उल्लेखित बाहेकका सक्रिय बजारमा सूचिकृत नभएका गैर Derivative वित्तीय सम्पत्ति समेत पर्दछन् जसको भुक्तानी निश्चित वा निर्धारित हुन्छन् :

- संस्थाले निकट समयावधिमा वा तुरुन्त बेच्ने मनसाय राखेको र संस्थाले शुरुवाती पहिचान गर्दा FVTPL मा निर्दिष्ट गरेको,
- संस्थाले सुरुवाती पहिचान गर्दा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरेको,
- कर्जा बिग्रेको अवस्थामा बाहेक संस्थाले करार अनुसारको नगदी प्रवाह मार्फत सुरुवाति लगानी उल्लेखनीय मात्रामा उठाउन नसक्ने कर्जा तथा सापटमा ग्राहकलाई दिएको कर्जा पर्दछन्। शुरुवाति मापन पछि कर्जा तथा सापटलाई तत्पश्चात् प्रभावकारी ब्याजदर (EIR) को प्रयोग गरी परिषोधित मूल्यमा हानि घटाएर मापन गरिन्छ। परिषोधनलाई नाफा/नोक्सान विवरणमा ब्याज आम्दानीमा देखाइन्छ। हानि नोक्सानीबाट भएको घाटालाई नाफा/नोक्सान विवरणमा कर्जाको जोखिम व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी शिर्षक अन्तर्गत लेखाङ्कन गरिन्छ।

**३) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य (FVTOCI) मा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति**

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुमा इक्विटी र कर्जा उपकरणहरु पर्दछन्। जुन इक्विटी लगानी "व्यापारिक प्रयोजनको निम्ति धारण" र "FVTPL मा निर्दिष्ट" अन्तर्गत समावेश भएका हुँदैनन, त्यस्ता इक्विटी लगानीहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ। परिपक्वता मितिसम्म धारण गर्ने वा भविष्यमा बेचेर लाभ कमाउने उद्देश्यले खरिद गरिएका कर्जा उपकरणहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ।

प्रारम्भिक मापनपछि अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुलाई जगेडा कोषमा मापन गरिन्छ। प्राप्त नभएको नाफा र नोक्सानलाई प्रत्यक्ष रूपमा अन्य विस्तृत आय/खर्च मार्फत 'उचित मूल्य कोष शिर्षकमा इक्विटीमा लेखाङ्कन गरिन्छ। यदि संस्थाले सोही सेक्युरिटिमा एक भन्दा बढी लगानी धारण गर्छ भने सो को विक्रि गर्दा त्यसलाई First in First out आधारमा विक्रि गरिएको मानिन्छ। अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुबाट आर्जित ब्याजलाई EIR प्रयोग गरी ब्याज आय भनेर लेखाङ्कन गरिन्छ। भुक्तानी लिने अधिकार सिर्जना भएपश्चात लाभांश आम्दानीलाई नाफा नोक्सान विवरणमा अन्य संचालन आम्दानी अन्तर्गत देखाइन्छ। त्यस्ता लगानीको हानिबाट सिर्जना भएको घाटालाई उचित मूल्य कोषबाट हटाई नाफा/नोक्सान विवरणमा कर्जाको जोखिम व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी भनेर देखाइन्छ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुमा यदि विदेशी मुद्रामा देखाइएको मौद्रिक सेक्युरिटीज भए ती सम्पत्तिहरुको परिशोधित मूल्यमा भएको परिवर्तन वा किताबी मूल्यमा हुने अन्य परिवर्तनले गर्दा विनिमय भिन्नता आएको खण्डमा अन्य विस्तृत आम्दानीमा देखाइन्छ।

सामान्यतया वित्तीय उपकरणको शुरुवाति उचित मूल्य भनेको कारोबार मूल्य (consideration दिँदा वा लिँदाको उचित मूल्य) हुन्छ। केहि विशेष परिस्थितिमा भने समान उपकरणको वर्तमान बजारको कारोवार मूल्यको आधारमा उचित मूल्यको मापन गरिन्छ वा अन्य मूल्याङ्कन प्रविधि जस्तै ब्याजदर yield, option को अस्थिरता र विनिमय दर अनुसार मापन गरिन्छ। कारोवार मूल्य र उचित मूल्यको भिन्नतालाई संस्थाले व्यापारिक आम्दानी वा नोक्सान भनेर वित्तीय उपकरणको सुरुवातमा लेखाङ्कन गर्दछ।

Unobservable बजारको तथ्याङ्कले वित्तीय उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्छ भने मूल्याङ्कन मोडेलले देखाएको उचित मूल्य र कारोवार मूल्य बीचको सम्पूर्ण सुरुवाती भिन्नतालाई नाफा नोक्सान विवरणमा तुरुन्त लेखाङ्कन गरिदैन। यस भिन्नतालाई कारोबारको समयावधि वा उपयुक्त आधारहरु जस्तै observable inputs भएपछि, कारोवार समाप्त वा बन्द भएपछि वा संस्था offsetting कारोवारमा प्रवेश गरेपछि लेखाङ्कन गरिन्छ।

SDR ASSOCIATES Chartered Accountants A member firm of IR Global UK

**आ) वित्तीय दायित्वको वर्गिकरण तथा त्यसपछिको मापन**

शुरुवातमा नै संस्थाले वित्तीय दायित्वको वर्गिकरण गर्दछ । सोही रुपमा वित्तीय दायित्वहरुलाई निम्न बमोजिम विभाजन गरिएको छ :

१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्व,

क) व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व,

ख) FVTPL मा निर्दिष्ट वित्तीय दायित्व,

२) परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय दायित्व ।

**१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व अन्तर्गत व्यापारिक प्रयोजनको लागि धारण गरिएका वित्तीय दायित्व र FVTPL मा निर्दिष्ट वित्तीय दायित्व पर्दछन् । शुरुवाति पहिचान पश्चात् नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्वमा कुनै प्रकारको परिवर्तन भएमा नाफा नोक्सान विवरणमा देखाइन्छ ।

**१.१) व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व**

यदि वित्तीय दायित्वलाई निकट भविष्यमा बिक्रि अथवा पुनःखरिदको निम्ति प्राप्त गरिएको छ भने त्यसलाई व्यापारिक प्रयोजनको लागि धारण गरेको भनेर वर्गिकरण गरिन्छ । यसलाई पोर्टफोलियोको भागको रुपमा राखि अल्पकालिन नाफाको लागि एकसाथ व्यवस्थापन गरिन्छ । यो वर्गमा Derivative वित्तीय उपकरणहरु पनि सामेल गरिएको छ जुन Hedging उपकरणको लागि निर्दिष्ट गरिएको छैन ।

**१.२) FVTPL मा निर्दिष्ट वित्तीय दायित्व**

संस्थाले वित्तीय दायित्वलाई FVTPL मा निम्न परिस्थितिहरुमा प्रस्तुत गर्दछ :

• निर्दिष्ट गर्नाले मापन वा पहिचानमा पूर्ण वा उल्लेखनिय रुपमा अस्थिरता घटाउँछ जुन अन्य तरिकाबाट दायित्व मापन गर्दा उत्पन्न हुन्छ ।

• त्यस्ता दायित्वहरु जुन वित्तीय सम्पत्ति, वित्तीय दायित्व अथवा दुबैको अंग हुन् र सोको व्यवस्थापन तथा मूल्याङ्कन उचित मूल्यको आधारमा जोखिम व्यवस्थापन वा लगानी रणनिति अनुरुप गरिन्छ ।

• त्यस्ता दायित्वहरु जसमा एक वा एक भन्दा बढी embedded derivatives समावेश गरिएको हुन्छ र त्यसले महत्वपूर्ण तरिकाले सम्झौतामा हुन सक्ने नगद प्रवाहलाई परिवर्तन गर्दछ ।

**२) परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय दायित्व**

नाफा नोक्सान विवरणमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई परिषोधित लागतमा वर्गीकृत गरिएको छ । शुरुवाती मापन पश्चात् परिषोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिन्छ । निश्चित भुक्तानी अवधि भएका निक्षेप तथा कर्जा उपकरणहरुलाई परिषोधित लागतमा करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । शेयर/ऋणपत्र जारी रकम कम हुने हुदा सो सारभुत नभएको (immaterial) मानी शेयर/ऋणपत्र जारी खर्च लेखाङ्कन गर्ने संस्थाको निती रहेको छ । त्यसैले शेयर/ऋणपत्रको उचित मूल्य गणना गदा शेयर/ऋणपत्र जारी खर्चलाई समावेश गरिएको छैन । परिषोधनलाई ब्याज खर्च शिर्षकमा नाफा नोक्सान विवरणमा देखाइन्छ र दायित्व निसर्ग हुँदाको समयको नाफा वा घाटालाई पनि नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

**घ) वित्तीय उपकरणहरुको पुनःवर्गिकरण**

**अ) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुनःवर्गिकरण**

संस्थाले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका Derivative वित्तीय उपकरणहरुलाई पुनःवर्गीकरण गर्दैन । FVTPL मा निर्दिष्ट गरिएका गैर Derivative वित्तीय उपकरणहरु प्रारम्भिक लेखाङ्कन पछि पुनःवर्गीकरण गरिदैन । संस्थाले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुनःवर्गीकरण सो उपकरण प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक मोडेलमा परिवर्तन भएको अवस्थामा मात्र गर्न सक्दछ । शुरुवाती मापन नाफा/नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएको सम्पत्तिको रुपमा भएको र जुन कर्जा तथा सापटको परिभाषामा समेत पर्दछ भने संस्थाले यदि त्यस सम्पत्तिलाई परिपक्कता मितिसम्म धारण गर्ने मनसाय र क्षमता राख्दछ भने त्यस सम्पत्तिलाई FVTPL बाट पुनःवर्गीकरण गर्न सकिन्छ ।

पुनःवर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई पुनःवर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य मानिन्छ । यसरी पुनःवर्गीकरण गर्दा पुनःवर्गीकरण मिति सम्म लेखाङ्कन भई सकेको कुनै पनि नाफा वा नोक्सानलाई
नाफा वा नोक्सानको विवरणमा फिर्ता गरिदैन ।

यदि वित्तीय सम्पत्ति पुनःवर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सोको प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी ब्याजदरमा समायोजन गरिन्छ ।

SDR ASSOCIATES A member firm of IR Global, UK Chartered Accountants

**आ) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय उपकरणको पुन:वर्गिकरण**

सोच वा क्षमतामा परिवर्तन भएमा र विश्वसनीय उचित मूल्य उपलब्ध नभएको दुलर्भ परिस्थितिहरुमा वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य वर्गवाट निकाली पुन:वर्गीकरण गरिन्छ । प्रारम्भिक लेखाङ्कन गर्दा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति कर्जा तथा सापटका परिभाषामा परेको खण्डमा र यदि संस्थाको सोच तथा क्षमता परिपक्वतासम्म वा धेरै लामो समय सम्म धारण गर्ने रहेको छ भने ती सम्पत्तिलाई संस्थाले अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य बर्गिकरणवाट कर्जा तथा सापट शिर्षकमा सार्न सक्दछ । पुन:वर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई, पुन:वर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य मानिन्छ । नयाँ परिषोधित मूल्य र परिपक्वताको मूल्य बीचको फरक प्रभावी ब्याजदरको प्रयोग गरेर सम्पत्तिको बाँकी अवधिमा अपलेखन गरिन्छ । अन्य विस्तृत आम्दानीको विवरणमा लेखाङ्कन भैसकेका पुन:वर्गिकृत वित्तीय सम्पत्तिसँग सम्बन्धित कुनै पनि लाभ वा हानिको निम्नानुसार लेखाङ्कन गरिन्छ :

**१) निश्चित परिपक्कता भएका वित्तीय सम्पति**

पुन:वर्गीकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई लगानीको बाँकी समयावधिमा प्रभावकारी ब्याजदरका आधारमा नाफा/नोक्सान विवरणमा अपलेखन गरिन्छ । यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुन:वर्गीकरण गरिन्छ ।

**२) निश्चित परिपक्कता नभएका वित्तीय सम्पत्ति**

पुन:वर्गिकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई सो वित्तीय सम्पत्ति विक्रि वा निसर्ग भएमा मात्रै नाफा/नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुन:वर्गीकरण गरिन्छ । यदि वित्तीय सम्पत्ति पुन:वर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सोको प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी ब्याजदरमा समायोजन गरिन्छ ।

**इ) परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरणको पुन:वर्गीकरण**

सोच र क्षमतामा परिवर्तनको कारण कुनै उपकरणलाई परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरण अन्तर्गत वर्गीकरण गर्न उपयुक्त छैन भने संस्थाले ती उपकरणलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा पुन:वर्गीकरण गर्न सक्दछ । वित्तीय उपकरणको पुन:वर्गीकरण गर्नु अघिको किताबी मूल्य र उचित मूल्य बीचको फरकलाई अन्य विस्तृत आम्दानीमार्फत इक्विटीमा लेखाङ्कन गरिन्छ ।

**ङ) वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**अ) वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्थाको वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ :

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा,
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा,
- संस्थाले 'pass-through' व्यवस्था अनुरुप प्राप्त भएको नगद प्रवाह, तेश्रो पक्षलाई भुक्तानी भएको नगद प्रवाह तेश्रो पक्षलाई भुक्तानी गर्ने दायित्व धारण गरेमा तथा संस्थाले सो सम्पत्तिको सम्पुर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गरेमा वा जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफै साथ नराखी सम्पत्तिको नियन्त्रण हस्तान्तरण गरेमा ।

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत आम्दानीको विवरणमा रहेको संचित नाफा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

उल्लेखनीय जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफू साथ नराखी वा सो सम्पत्तिको नियन्त्रण हस्तान्तरण नगरी संस्थाले नगद प्रवाह प्राप्तिको अधिकार हस्तान्तरण गरेमा वा 'pass-through' को व्यवस्था गरेमा, संस्थाको संलग्नताका हद सम्म सम्पत्ति लेखाङ्कन गरिन्छ । त्यस अवस्थामा संस्थाले सम्बन्धित दायित्व पनि लेखाङ्कन गर्दछ । हस्तान्तरित सम्पत्ति र दायित्वलाई संस्थासँग रहेको अधिकार तथा दायित्व दर्शाउने आधारमा मापन गरिन्छ ।

संस्थाको यथावत संलग्नताले हस्तान्तरित सम्पत्तिको ग्यारेन्टिको रुप लिएमा, यथावत संलग्नताको हद, किताबी मूल्य तथा संस्थाले पुन:भुक्तानी गर्नुपर्ने सक्ने अधिकतम प्राप्त प्रतिफल मध्ये जुन कम छ सो रकममा मापन गरिन्छ ।

SDR ASSOCIATES
A member firm of IR Global, UK
Chartered Accountants

**आ) वित्तीय दायित्वको निसर्ग**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । हालको वित्तीय दायित्वलाई सोही ऋणदाताको अर्को वित्तीय दायित्वमार्फत प्रतिस्थापन भएमा र सो हुँदा उल्लेखनीय फरक प्रावधानहरु वा हालको दायित्वको प्रावधानहरु उल्लेखनीय रुपमा परिमार्जन भएमा, त्यस्ता परिमार्जन र परिवर्तनलाई निसर्ग भएको मानेर नयाँ दायित्व लेखाङ्कन गरिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

**ग) पुनःखरिद (Repurchase Agreement) तथा रिभर्स पुनःखरिद (Reverse Repurchase Agreement) सम्झौताहरु**

निश्चित भविष्यमा पुनःखरिद गर्ने सम्झौता गरी बेचेका securities हरुलाई संस्थाले वित्तीय अवस्थाको विवरणबाट हटाउँदैन किनकि संस्थाले प्रायः सबै जोखिम र स्वामित्व आफ्नो अधिनमा राखेको हुन्छ । पुनःखरिद सम्झौता अन्तर्गत बेचेका धितोपत्रहरु (securities) बाट प्राप्त नगदको हकमा र आर्जित (accrued) ब्याजको हकमा समेत संस्थाले वित्तीय अवस्थाको विवरणमा फिर्ता गर्नु पर्ने दायित्व लेखाङ्कन गर्दछ । बिक्री र पुनःखरिद मूल्य बीचको अन्तरलाई ब्याज खर्चको रुपमा मानिन्छ र प्रभावकारी ब्याजदरको उपयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । संस्थासँग धितोपत्रहरुलाई बेच्ने वा पुनः pledge गर्ने अधिकार छ भने उचित लागे अनुसार संस्थाले आफ्नो वित्तीय अवस्थाको विवरणमा धितोपत्रहरुलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) वा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) को रुपमा पुनःवर्गीकरण गर्न सक्दछ ।

त्यसैगरी भविष्यमा पुनःबिक्रि गर्ने सम्झौता गरी खरिद गरेका धितोपत्रहरुलाई संस्थाले वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गर्दैन । पुनःबिक्रि सम्झौता अन्तर्गत खरिद गरेका धितोपत्रहरु बाट प्राप्त नगद र अर्जित ब्याजको रकमलाई समेत संस्थाले वित्तीय अवस्थाको विवरणमा 'reverse repurchase agreements अन्तर्गत लेखाङ्कन गर्दछ । खरिद र पुनःबिक्रि मूल्य बीचको अन्तरलाई ब्याज आम्दानीको रुपमा मानिन्छ र प्रभावकारी ब्याजदरको प्रयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । यदि धितोपत्रहरु पुनःबिक्रि सम्झौतामा खरिद गरी तेस्रो पक्षहरुलाई बेचेको छ भने धितोपत्रहरु फिर्ता गर्ने दायित्वलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व अन्तर्गत short sale को रुपमा लेखाङ्कन गरिन्छ र उचित मूल्यमा मूल्याङ्कन गर्दा हुने कुनै नाफा वा नोक्सानलाई खुद व्यापारिक आम्दानी अन्तर्गत लेखाङ्कन गरिन्छ ।

**वित्तीय उपकरणहरुको समायोजन (Offsetting)**

यदि संस्थासँग कुनै वित्तीय सम्पत्ति र दायित्वलाई समायोजन गर्ने कानुनी अधिकार छ र संस्थाले ती सम्पत्ति र दायित्वलाई खुदमा समायोजन गर्ने मनसाय राखेको छ भने वित्तीय अवस्थाको विवरणमा ती सम्पत्ति र दायित्वलाई समायोजन गरी खुद रकम देखाइन्छ । आम्दानी तथा खर्चलाई NFRS बमोजिम वा एकै प्रकृतिका कारोवारबाट उत्पन्न भएको खण्डमा मात्र समायोजन गरी खुद रकममा प्रस्तुत गरिन्छ ।

**परिशोधित मूल्यको माप**

वित्तीय सम्पत्ति र वित्तीय दायित्वको परिशोधित मूल्य भन्नाले त्यस्ता वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सुरुवातमा लेखाङ्कन भएको रकमबाट साँवा भुक्तानी रकम तथा हानि नोक्सानी घटाई, शुरुवातमा लेखाङ्कन भएको रकम र परिपक्कतामा प्राप्त हुने रकम बीचको भिन्नतालाई प्रभावकारी ब्याजदरमा समायोजन गर्दा आएको संचित परिशोधन रकमलाई समेत समायोजन गरी आएको रकमलाई जनाउदछ ।

**उचित मूल्यको मापन**

उचित मूल्य भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिर्नुपर्ने रकम हो । दायित्वको उचित मूल्यले यसको कार्यान्वयन नहुने जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार उचित मूल्य निर्धारण गरिन्छ :
श्रेणी १ : उचित मूल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।
श्रेणी २ : जसको मूल्याङ्कन निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचिकृत मूल्यहरू छन् वा निष्कृय बजारमा समान वा यस्तैं उपकरणहरूका लागि सूचिकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण तथ्यांकहरू भेटिन्छन् ।
श्रेणी ३ : पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक तथ्यांक जसले उपकरणको मापनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ र बजारको तथ्यांकमा आधारित हुदैनन् ।

SDR ASSOCIATES
A member firm of IR Global, UK
Chartered Accountants

उपलब्धता अनुसार संस्थाले वित्तीय उपकरणको उचित मूल्य उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ। यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध भएमा बजारलाई सक्रिय मानिन्छ र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ। यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने संस्थाले मूल्याङ्कन विधि प्रयोग गरी उचित मूल्य स्थापना गर्दछ। मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध भएमा) बीचको arm's length कारोबार समावेश हुन्छ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको उचित मूल्यको उचित प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको उचित मूल्य)। यद्यपि प्रारम्भिक पहिचान र मापनमा वित्तीय उपकरणको उचित मूल्य यसको कारोबार मूल्यभन्दा भिन्न हुन सक्छ। यदि त्यस्तो उचित मूल्य सोही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा केवल प्रत्यक्ष बजारबाट तथ्यांक समावेश गरिएको मूल्याङ्कन विधि प्रयोग गरीएको छ भने तब उचित मूल्य र कारोबार मूल्य बीचको भिन्नतालाई उपकरणको अवधिसम्म उचित ढङ्गले नाफा वा नोक्सान विवरणमा पहिचान र लेखाङ्कन गरिन्छ।

### च) वित्तीय सम्पत्तिमा हुने नोक्सानी

सहकारी संस्थाले **NFRS अन्तर्गत Expected Credit Loss Model (ECL)** अनुसार ऋण नोक्सानी व्यवस्था गनुपर्दछ। सो बमोजिम वित्तीय उपकरणहरुको शुरुवात देखि नै अनुमानित ऋण नोक्सानीको लेखाङ्कन गर्नुपर्दछ। यसले लेखाङ्कन विधि र जोखिम व्यवस्थापन गतिविधिलाई समेटी अनुमानित नोक्सानी लेखाङ्कन गर्ने सीमा (threshold) कम गर्दछ। त्यस्तै, संस्थाले विद्यमान राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२।०२।०९ मा "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकिय मापदण्ड, २०८२" को परिच्छेद ३ को बुँदा ४(१) बमोजिम असल, कमसल, शंकास्पद र खराब ऋणमा क्रमश: १, २५, ५० र १०० प्रतिशतका दरले ऋण नोक्सानी व्यवस्थाको लेखाङ्कन गर्नुपर्दछ।

तर आर्थिक वर्ष २०८२।८३ मा संस्थाले पारित गरेको वार्षिक बजेट तथा संचालक समितिको निर्णय बमोजिम थप गरेको रकमलाई मात्र एकमुष्ठ रुपमा ऋण नोक्सानी व्यवस्था गर्ने निति अवलम्बन गरेको छ ।

### व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति मुलत: छोटो समयमा खरिद बिक्री गरी नाफा कमाउने उद्देश्य राखी गरिएको लगानी हुन्छ। व्यापारिक लगानीको मूल्यमा हुने आवधिक उतारचढावलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

### ब्युत्पन्न (डेरिभेटिभ) सम्पत्ति र दायित्वहरु

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको ब्युत्पन्नमा ती सबै ब्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन्। जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका ब्युत्पन्नहरु वित्तीय स्थितिको विवरणमा उचित मूल्यमा मापन गरिन्छ। तर संस्थाको मिति २०८३ आषाढ मसान्तसम्म कुनै पनि ब्युत्पन्न सम्पत्ति वा दायित्वहरु रहेको छैन।

### टिप्पणी ३.२: बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती

बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती, साँवा तथा ब्याज प्राप्त गर्ने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाहरूमा राखिएका वित्तीय सम्पत्ति हुन्। यी वित्तीय सम्पत्तिहरू संस्थाको व्यवसाय मोडेल (Business Model) अन्तर्गत राखिएको छ, जसको उद्देश्य करार अनुसार साँवा र ब्याजको नगद प्रवाहहरू (Contractual Cash Flow) सङ्कलन गर्नु हो। ती सम्पत्तिहरु प्रभावकारी ब्याजदर (Effective Interest Rate) प्रयोग गरी परिशोधित लागत न्युन क्षयिकरण (Ammortized Cost less impairment) मा लेखांकन गरिएको छ। फलस्वरुप त्यसबाट उत्पन्न हुने ब्याज आम्दानी र क्षयिकरणलाई नाफा/(नोक्सान) विवरणमा प्रस्तुत गरिएको छ। मुद्दतीमा गरिएको लगानीको प्रारम्भिक मापन रकम र परिशोधित लागत बराबर रहेको छ। बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दतीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| <u>मुद्दती बचत</u> | | |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | २०,०००,००० | - |
| एक्सल डेभलपमेन्ट बैंक लि., दमक | ३०,०००,००० | ३०,०००,००० |
| राष्ट्रिय सहकारी बैंक लि., आवधिक बचत | ५०,०००,००० | ५०,०००,००० |
| कुमारी बैंक लि. | ५०,०००,००० | - |
| **जम्मा बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती** | **१५०,०००,०००** | **८०,०००,०००** |

SDR ASSOCIATES Chartered Accountants A member firm of IR Global, UK

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३.३: कर्जा लगानी

संस्थाले सहकारी ऐन, नियमावली, संस्थाको आन्तरिक नितिको आधिनमा रहि आफ्ना सदस्य र कर्मचारीहरुलाई कर्जा लगानी गरेको छ। कर्जा लगानीको विवरण यस अन्र्तगत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| सदस्यहरुलाई प्रदान गरिएको कर्जा (३.३.१) | ३,६४७,२३२,५५२ | ३,४४७,५५१,७५४ |
| कर्मचारीलाई प्रदान गरिएको कर्जा (३.३.२) | ४१,१८२,५१० | ४६,१८४,४०३ |
| **जम्मा** | **३,६८८,४१५,०६२** | **३,४९३,७३६,१५७** |

### टिप्पणी ३.३.१: सदस्यहरुलाई प्रदान गरिएको कर्जा

संस्थाले सदस्यहरूलाई विभिन्न शीर्षकहरूमा ऋण तथा सापटी प्रदान गर्दै आएको छ। यी वित्तीय सम्पत्तिहरू व्यवसाय संस्थाको मोडेल (Business Model) अन्तर्गत लेखाङ्कन गरिन्छ जसको उद्देश्य करार अनुसारको नगद प्रवाहहरू (Contractual Cash Flow) सङ्कलन गर्नु हो जुन केवल मूलधन र ब्याजको भुक्तानी हो।

यी वित्तीय सम्पत्तिहरू प्रारम्भिक मापन पछि प्रभावकारी ब्याजदर विधि अपनाई परिशोधित लागत (Amortized Cost) मा मापन गरिन्छ। यसरी मापन गर्दा आएको परिशोधन खर्च र हानी नोक्सानीलाई नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ। प्रभावकारी ब्याज दर विधिको यथार्थ गणना गर्न लाग्ने खर्च उक्त विधिको पालना गर्दा हुने फाइदाभन्दा बढी हुने संस्थाको अनुमान छ। जस अनुसार कर्जाको प्रभावकारी ब्याजदर (Effective Interest Rate) को गणनामा अग्रिम कर्जा सापटीमा प्राप्त कमिशनको रकम सारभुत नभएको (immaterial) भएकोले समावेश गरेको छैन जुन कर्जा स्वीकृती भएको अवधीमा नाफा/नोक्सामा लेखाङ्कन गरिएको छ।

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| व्यापारीक कर्जा | २,१९३,८३२,१०३ | २,२३२,०७५,४३५ |
| आवधिक कर्जा | १०१,६८४,३६० | १०५,१४०,४५९ |
| स्मार्ट व्यापारीक कर्जा | २०३,२८६,४६५ | २११,४०८,५२९ |
| सवारी साधन कर्जा | १२,६४८,८९७ | १४,५३५,७९९ |
| शेयर लाभास कोष (३.१८.३) | १५,७२९,४५० | २३,८३०,०४४ |
| सहकारी सदस्य शिक्षा कोष (३.१८.४) | २,२४७,०६४ | ३,४०४,२९२ |
| संस्था (सहकारी) विकास कोष (३.१८.५) | ११,५३६,८४५ | १०,४१३,३१३ |
| घाटापुर्ति कोष (३.१८.६) | ११,५३६,८४५ | १०,४१३,३१३ |
| सामुदायीक विकास कोष (३.१८.७) | ३,८४७,३७१ | ४,२९८,६५२ |
| सदस्य जटिल रोग कोष (३.१८.८) | २,८२५,६७८ | १,७०२,१४६ |
| **जम्मा** | **५५,४१४,५४८** | **६५,७१४,०३६** |

**टिप्पणी ३.१८.१: संरक्षित पुजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट नियमनकारी कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पूँजी फिर्ता कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ११,४२३,७९९ | १८,२९९,०७५ |
| साधरण जगेडा कोषमा रकमान्तर गरिएको | (१२,२७४) | (१,०५०,३०४) |
| यस आ.व मा कोषबाट वितरण | (११,४११,५२५) | (१७,२४८,७७१) |
| यस आ.व मा थप | ७,५४०,४८४ | ११,४२३,७९९ |
| **अन्तिम मौज्दात** | **७,५४०,४८४** | **११,४२३,७९९** |

SDR ASSOCIATES A member firm of IR Global UK Chartered Accountants

### टिप्पणी ३.१८.२: सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट नियमनकारी कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ। सहकारी प्रवर्द्धन कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | २२८,४७६ | ३६५,९८१ |
| यस आ.व मा भुक्तानी | (२२८,४७६) | (३६५,९८१) |
| यस आ.व मा थप | १५०,८१० | २२८,४७६ |
| **अन्तिम मौज्दात** | **१५०,८१०** | **२२८,४७६** |

### अन्य बाँडफाँड भएका कोषहरु

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरु: शेयर लाभांश कोष, घाटापूर्ति कोष, सहकारी सदस्य शिक्षा कोष, संस्था (सहकारी) विकास कोष, सामुदायिक विकास कोष र सदस्य जटिल रोग उपचार कोष मा बाँडफाँड गनुपर्ने व्यवस्था गरेको छ तर संस्थाले खुद मुनाफाबाट नियमनकारी कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडफाँड पछिको रकम निम्न उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ।

| कोष | विनियोजन |
|---|---|
| शेयर लाभांस कोष | ७०% |
| सहकारी सदस्य शिक्षा कोष | १०% |
| संस्था (सहकारी) विकास कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सामुदायीक विकास कोष | ५% |
| सदस्य जटिल रोग उपचार कोष | ५% |
| **कुल** | **१००%** |

### टिप्पणी ३.१८.३: शेयर लाभासं कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | २३,८३०,०४४ | ३१,०८२,८०८ |
| सदस्य जिवन सुरक्षण कोषमा रकमान्तर गरिएको | - | ६,५४३,७४९ |
| कर्जा नोक्सानी कोषमा रकमान्तर गरिएको | (२३,८३०,०४४) | - |
| शेयर लाभास वितरण | - | (३७,६२६,५५७) |
| यस आ.व मा थप | १५,७२९,४५० | २३,८३०,०४४ |
| **अन्तिम मौज्दात** | **१५,७२९,४५०** | **२३,८३०,०४४** |

SDR ASSOCIATES
A member firm of IR Global, UK
Chartered Accountants

टिप्पणी ३.१८.४: सहकारी सदस्य शिक्षा कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ३,४०४,२९२ | ५,४५३,१२४ |
| यस आ.व मा कोषबाट खर्च | (८१९,३५८) | (५,३९८,९४६) |
| रकमान्तर | (२,५८४,९३४) | (५४,१७८) |
| यस आ.व मा थप | २,२४७,०६४ | ३,४०४,२९२ |
| **अन्तिम मौज्दात** | **२,२४७,०६४** | **३,४०४,२९२** |

टिप्पणी ३.१८.५: संस्था (सहकारी) विकास कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | १०,४१३,३१३ | ८,७११,१६७ |
| यस आ.व मा थप | १,१२३,५३२ | १,७०२,१४६ |
| **अन्तिम मौज्दात** | **११,५३६,८४५** | **१०,४१३,३१३** |

टिप्पणी ३.१८.६: घाटापुर्ति कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | १०,४१३,३१३ | ८,७११,१६७ |
| यस आ.व मा थप | १,१२३,५३२ | १,७०२,१४६ |
| **अन्तिम मौज्दात** | **११,५३६,८४५** | **१०,४१३,३१३** |

टिप्पणी ३.१८.७: सामुदायीक बिकास कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | ४,२९८,६५२ | ८,७११,१६७ |
| यस आ.व मा कोषबाट खर्च | (१,५७४,८१३) | (१,११४,६६१) |
| रकमान्तर | - | (५,०००,०००) |
| यस आ.व मा थप | १,१२३,५३२ | १,७०२,१४६ |
| **अन्तिम मौज्दात** | **३,८४७,३७१** | **४,२९८,६५२** |

टिप्पणी ३.१८.८: सदस्य जटिल रोग कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | १,७०२,१४६ | - |
| यस आ.व मा थप | १,१२३,५३२ | १,७०२,१४६ |
| **अन्तिम मौज्दात** | **२,८२५,६७८** | **१,७०२,१४६** |

टिप्पणी ३.१८.९: कर्मचारी बोनस कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | - | ३,२७१,८७५ |
| यस आ.व मा बोनस वितरण | - | (३,२७१,८७५) |
| **अन्तिम मौज्दात** | **-** | **-** |

टिप्पणी ३.१८.१०: सदस्य जिवन सुरक्षा कोष

| विवरण | ३२ आषाढ, २०८३ | ३२ आषाढ, २०८२ |
|---|---|---|
| शुरु मौज्दात | - | ६,५४३,७४९ |
| अन्य कोषमा रकमान्तर गरिएको | - | (६,५४३,७४९) |
| **अन्तिम मौज्दात** | **-** | **-** |

SDR ASSOCIATES Chartered Accountants A member firm of IR Global, UK

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### आयको लेखाङ्कन

आय भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ। संस्थामा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखाङ्कन गरिदै आइएको छ। आयहरुको प्राप्तीको सम्भव छैन भन्ने अनुमान भएमा तिनलाई आय अवधिमा लेखाङ्कन गरिदैन। संस्थाको आयमा व्याज आम्दानी, शुल्क, कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छन्।

### टिप्पणी ३.१९: ब्याज आम्दानी

परिशोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति (financial assets measured at amortised cost), अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकृत ब्याज भएको वित्तीय सम्पत्ति (financial assets measured at fair value through OCI) र नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा निर्दिष्ट वित्तीय सम्पत्तिहरू (financial assets measured at fair value through profit and loss) मा प्रभावकारी ब्याजदरसँग लगभग समान दर अनुसार ब्याज आम्दानी लेखाङ्कन गरिन्छ। प्रभावकारी ब्याजदरको यथार्थ गणना गर्न लाग्ने खर्च त्यसबाट हुने फाइदाभन्दा बढी हुने संस्थाको अनुमान छ। प्रभावकारी ब्याजदर भनेको त्यस्तो ब्याजदर हो जसले भविष्यको अनुमानित नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discounting गर्दछ।

जब लिनुपर्ने रकममा हानि (impairment) हुन्छ, संस्थाले त्यसको किताबी मूल्यलाई प्राप्त योग्य रकमसम्म घटाउँछ जसको निम्ति भविष्यको नगद प्रवाहलाई मौलिक प्रभावकारी ब्याजदरले discounting गरिन्छ। नोक्सानी भएको कर्जाको ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदरसँग लगभग समान दर अनुसार लेखाङ्कन गरिन्छ। ब्याज आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| सदस्यहरुलाई ऋण लगानी वापत प्राप्त ब्याज आम्दानी (३.१९.१) | ३६१,९८०,०३५ | ४१२,८५०,०८१ |
| कर्मचारीहरुलाई ऋण लगानी वापत प्राप्त ब्याज आम्दानी (३.१९.२) | ३,९००,६१४ | ५,६१५,०५० |
| अन्य लगानी तथा निक्षेप बाट प्राप्त ब्याज आम्दानी | ७,३९५,६४५ | ९,४१०,३७५ |
| **जम्मा ब्याज आम्दानी** | **३७३,२७६,२९५** | **४२७,८७५,५०६** |

ब्याज आम्दानीलाई प्रोद्भावी आधारमा लेखाङ्कन गरिएको छ। तर क्रेडिट जोखिम उल्लेखनीय वृद्धि भएको ऋण लगानीमा ब्याज आम्दानीलाई प्रोद्भावी आधारमा लेखाङ्कन गरिएको छैन। यस बमोजिम संस्थाले आ.व २०८२।८३ मा रु. १३,९७,५३५ र आ.व २०८१।८२ मा रु. २४,३६,१३५ प्रोद्भावी आधारमा ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन।

### टिप्पणी ३.१९.१: सदस्यहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| बचत जमानत कर्जा | १०,५९९,८९९ | १२,५५२,८२५ |
| व्यापारिक कर्जा | २१६,४६७,५५४ | २९५,५३१,०८४ |
| स्मार्ट व्यापारिक कर्जा | २२,२८४,३४३ | २१,७६१,६६० |
| सवारी साधन कर्जा | १,५३९,७२८ | १,७१२,७६९ |
| आवास तथा जग्गा खरिद कर्जा | ८८,७५५,४२१ | ५५,६७७,८६० |
| कृषि कर्जा | ८०२,२८२ | ७८०,४८७ |
| शैक्षिक कर्जा | १,६५४,९९० | २,०७४,५९५ |
| औद्योगिक कर्जा | २२८,८०२ | ४४८,५५० |
| माइक्रोफाइनान्स कर्जा | ४,७७५,८२१ | ६,७६५,२०२ |
| युवा स्वरोजगार कोष | ७,०४९ | ९८,५०० |
| मेची आवास कर्जा | ८,१४७,९१२ | ११,८९७,२३३ |
| मेची लघु कर्जा | २,१२३,१३० | २,६०१,५०७ |
| साना तथा मझौला कर्जा | २,०६३,५२१ | ४९२,३८८ |
| अन्य कर्जा | ३,९२७,११८ | २,८९१,५५६ |
| NFRS अनुसार प्रोद्भावी आधारमा ब्याज आम्दानी | (१,३९७,५३५) | (२,४३६,१३५) |
| **जम्मा सदस्यहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज आम्दानी** | **३६१,९८०,०३५** | **४१२,८५०,०८१** |

SDR ASSOCIATES A member firm of IR Global, UK Chartered Accountants

**टिप्पणी ३.१९.२: कर्मचारीहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज**

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| कर्मचारी ऋण लगानी बाट प्राप्त ब्याज | ३,९५१,३४१ | ४,५१७,२३५ |
| NFRS अनुसार कर्मचारी ऋण लगानी बाट प्राप्त ब्याजको समायोजन | (५०,७२७) | १,०९७,८१५ |
| **जम्मा कर्मचारीहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज आम्दानी** | **३,९००,६१४** | **५,६१५,०५०** |

**टिप्पणी ३.२०: ब्याज खर्च**

निक्षेप लगायत सबै वित्तीय दायित्वहरूमा ब्याज खर्च प्रभावकारी ब्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । सबै ब्यापार दायित्वमा ब्याज खर्च संस्थाको ब्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र ब्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| **सदस्यको बचतमा ब्याज** | | |
| साधारण बचत | ८७३,०२७ | ७०६,८३१ |
| क्रमिक बचत | १४,९१७,४८८ | १८,३६९,९१० |
| आवधिक बचत | ६२,८३४,९९२ | ९४,९१८,०२३ |
| दिर्घकालीन बचत | ७४,११७,९८२ | ६०,४९१,४५१ |
| बाल बचत | ८,१४७,५६० | ९,८२७,१५८ |
| विशेष बचत | ५,०३६,७८७ | ६,५७०,१२१ |
| जेष्ठ नागरिक बचत | ४,४४४,४५७ | २,७२७,९५३ |
| कर्मचारी बचत | ७०८,११८ | ९५२,३३० |
| नारी बचत | २१२,२५१ | २२६,४१५ |
| बुहारी बचत | ७७,०७९ | ५७,४९३ |
| बचत | ३६,१४०,२८० | ४१,३००,०९६ |
| पर्व वचत | ४४८,४४५ | १०४,२७८ |
| योजना वचत | १,१७७,४५१ | १,३७६,६९२ |
| संस्थागत बचत (गैर-नाफामुलक संस्था) | - | ९,५४३ |
| पेन्सन बचत | ८६२,१५८ | १,२२३,६०० |
| अर्ध वार्षिक ब्याज वचत | १,९४७,२४५ | १,५८३,९६० |
| मेची मेगा वचत | ५,०९३,६४४ | ६,११३,१५४ |
| मोहर वचत | ६१,२०२ | ३६,१५१ |
| सदस्य बिमा वचत | - | ३,२९३,६९४ |
| **जम्मा** | **२१७,१००,१६७** | **२४९,८८८,८५४** |
| **बैंक तथा वित्तीय संस्थालाई भुक्तानी गरेको ब्याज खर्च** | | |
| राष्ट्रिय सहकारी बैंक लि., झापा | - | ४५५,१४६ |
| युवा स्वारोजगार कोष | ९,७५९ | ७७,६७१ |
| बैंक कर्जाको कारोवार तथा अन्य शुल्क | १३,४७३ | ११,७७८ |
| **जम्मा** | **२३,२३१** | **५४४,५९५** |
| **पट्टा बापतको दायित्वमा ब्याज खर्च** | | |
| पट्टा बापतको ब्याज खर्च | १,२९५,०१६ | १,३०५,७३४ |
| **कूल ब्याज खर्च** | **२१८,४१८,४१४** | **२५१,७३९,१८२** |

### टिप्पणी ३.२१: अन्य आम्दानी

अन्य आम्दानीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| शुल्क तथा कमिशन आय (३.२१.१) | १२,२६५,५६८ | १२,०६१,२२४ |
| ऋण गतिविधिबाट प्राप्त आय (३.२१.२) | ६४९,२५३ | ९०७,२४० |
| बिक्रिबाट आय (३.२१.३) | ३४,५०० | १२,५०० |
| लाभांश आय (३.२१.४) | - | ६६,८११ |
| विविध आम्दानी (३.२१.५) | १,३६२,४५५ | १,४२१,२९० |
| **जम्मा अन्य आम्दानी** | **१४,३११,७७६** | **१४,४६९,०६५** |

### टिप्पणी ३.२१.१ शुल्क तथा कमिशन आय

कर्जा नवीकरण शुल्क लगायत कर्जा सेवाबाट प्राप्त हुने शुल्क तथा कमिसन, कर्जा नवीकरण वा स्वीकृत भए पश्चात् आम्दानीमा लेखाङ्कन गरिन्छ । कुनै सेवा प्रदान गर्दा निर्धारण गरिएको लागत भन्दा लाभ बढी भएको अवस्थामा शुल्क र कमिशनहरु प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ । जब प्रोद्‌भावी आधारमा लेखाङ्कन गरिएको शुल्क र कमिशनको लाभ भन्दा लागत बढी हुन्छ, त्यस्तो अवस्थामा कमिशन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्कन गरिन्छ ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| प्रवेश शुल्क | १८६,९०० | १६८,२०० |
| सेवा शुल्क आम्दानी | १०,५२९,८६० | १०,४१६,०२० |
| सभाहलबाट आम्दानी | १,४३१,७६९ | १,२९६,९३९ |
| रेमिटेन्स आम्दानी | ११७,०३९ | १८०,०६५ |
| **जम्मा शुल्क तथा कमिशन आय** | **१२,२६५,५६८** | **१२,०६१,२२४** |

### टिप्पणी ३.२१.२ ऋण गतिविधिबाट प्राप्त आय

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| घर जग्गा मूल्यांकन आम्दानी | २३१,४७० | २३२,५९० |
| कर्जा ताकेता आम्दानी | २४७,००० | ४२८,००० |
| कर्जा माग फारम आम्दानी | १७०,७८३ | २४६,६५० |
| **जम्मा ऋण गतिविधिबाट प्राप्त आय** | **६४९,२५३** | **९०७,२४०** |

### टिप्पणी ३.२१.३ बिक्रि आय

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| स्क्र्याप बिक्रि आम्दानी | ३४,५०० | १२,५०० |
| **जम्मा बिक्रि आय** | **३४,५००** | **१२,५००** |

SDR ASSOCIATES
A member firm of IR Global UK
Chartered Accountants

**टिप्पणी ३.२१.४ लाभांश आय**

शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ । संस्थाको लगानी रहेको संस्था, संघ वा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरे पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ । बोनस शेयर घोषणा भई सो प्राप्त हुने अधिकार स्थापित भए तापनि आय आर्जन स्वरुप लेखांकन गरिँदैन ।

| **विवरण** | **आ.व. २०८२/८३** | **आ.व. २०८१/८२** |
|---|---|---|
| लाभांश आम्दानी | - | ६५,७७९ |
| संरक्षीत पूँजी बापत प्राप्त लाभांस आम्दानी | - | १,०३२ |
| **जम्मा लाभांश आय** | - | **६६,८११** |

**टिप्पणी ३.२१.५ विविध आम्दानी**

विविध आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| **विवरण** | **आ.व. २०८२/८३** | **आ.व. २०८१/८२** |
|---|---|---|
| सदस्य निवेदन दस्तुर | २३४,३२५ | २११,७२५ |
| स्मार्ट बैकिंक दस्तुर | ५४३,८०० | ४७५,४०० |
| पासबुक तथा चेकबुक आम्दानी | २७९,८२४ | २३५,५७५ |
| अन्य निवेदन दस्तुर आम्दानी | ७५,८०० | २७,१०२ |
| अन्य विविध आम्दानी | २२८,७०७ | ४७१,४८७ |
| **जम्मा विविध आम्दानी** | **१,३६२,४५५** | **१,४२१,२९०** |

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३.२२: कर्मचारी खर्च

कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत संस्थाले कर्मचारीलाई प्रदान गर्ने सम्पूर्ण रकम तथा सेवा सुविधालाई कर्मचारी खर्च अन्तर्गत प्रस्तुत गरिन्छ । यस्तो खर्चलाई अल्पकालीन खर्च तथा दीर्घकालीन खर्चका रुपमा वर्गीकरण गर्न सकिन्छ । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कन NAS 19 "Employee Benefits" को प्रावधान बमोजिम गरिएको छ । कर्मचारी खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| **अल्पकालीन कर्मचारी सुविधा खर्च (३.२२.१)** | | |
| अल्पकालीन कर्मचारी खर्च | ५८,०१८,९३६ | ५४,७०९,७३६ |
| **दीर्घकालीन कर्मचारी सुविधा खर्च (३.२२.२)** | | |
| परिभाषित योगदान योजना खर्च | ७,०८१,५७७ | ६,४७६,२५७ |
| परिभाषित सुविधा योजना खर्च | - | - |
| **अन्य दीर्घकालिन सुविधा योजना खर्च (आम्दानी) (३.२२.३)** | - | - |
| **जम्मा कर्मचारी खर्च** | **६५,१००,५१३** | **६१,१८५,९९३** |

### टिप्पणी ३.२२.१: अल्पकालीन कर्मचारी सुविधा खर्च

**क) अल्पकालीन कर्मचारी खर्च**

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू छुट (Discounting) नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको आधारमा खर्च गरिन्छ । बोनस ऐन, २०३० ले तोके बमोजिम कर्मचारी बोनस रकम लेखाङ्कन गरिएको छ ।

अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखिति कुरा समावेश हुन्छन (प्रतिवेदन अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैर-नगद लाभ

**ख) कर्मचारी कर्जा र स्थगन कर्मचारी खर्चको अपलेखन:**

संस्थाले आफ्ना कर्मचारीहरूलाई प्रदान गरेको सहुलियतपूर्ण कर्जामा प्रचलित बजारको ब्याजदर र संस्थाले तोकेको सहुलियतपूर्ण ब्याजदर बीचको फरक रकमलाई सुरुआती चरणमा 'स्थगन कर्मचारी खर्च' को रूपमा लेखाङ्कन गरेको छ । यसरी सिर्जना भएको उक्त 'स्थगन कर्मचारी खर्च' लाई १० वर्षको अवधिमा समानुपातिक रूपमा नाफा नोक्सान हिसाबमा 'कर्मचारी कर्जासंग सम्बन्धित खर्च' अन्तर्गत अपलेखन गर्ने नीति अवलम्बन गरिएको छ । चालू आर्थिक वर्षमा सोही नीति अनुरूपको रकम खर्च लेखिएको छ ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| तलब तथा ज्याला | ४५,२८४,१०४ | ४०,५७२,७०८ |
| पोशाक खर्च | ७१२,०५० | ६६०,५७६ |
| दशैं भत्ता | ३,३७७,३५४ | २,८२५,७२२ |
| बिदा बापत खर्च | २,५१३,५३६ | १,८३१,५१९ |
| अन्य सुविधा | १,०३४,०६३ | १,२३५,४६२ |
| कर्मचारी बोनस खर्च | ४,७२८,१२७ | ७,३०१,६०७ |
| कर्मचारी कर्जासगं सम्बन्धित खर्च | ३६९,७०२ | २८२,१४२ |
| **जम्मा अल्पकालीन कर्मचारी सुविधा खर्च** | **५८,०१८,९३६** | **५४,७०९,७३६** |

**टिप्पणी ३.२२.२: दीर्घकालीन कर्मचारी सुविधा खर्च**

संस्थाको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष आदि तथा कर्मचारीले स्वेच्छिक रुपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरु यस खर्च अन्तर्गत पर्दछन् ।

**क) परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवा पछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले योगदानलाई छुट्टै संस्थामा भुक्तानी गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको प्रतिवेदन अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई छुट (Discounting) गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ ।

संस्थाका सबै कर्मचारीले समाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन् । त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन् । संस्थाले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखाङ्कन गरेको छ ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| सामाजिक सुरक्षा कोष योगदान | ७,०८१,५७७ | ६,४७६,२५७ |
| **जम्मा परिभाषित योगदान योजना खर्च** | ७,०८१,५७७ | ६,४७६,२५७ |

**ख) परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान लगाएर छुट्टै गणना गरिन्छ । यस अन्तर्गत वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा गरेको कमाईलाई वर्तमान मूल्य निर्धारण गर्न छुट (Discounting) गरिन्छ । यसको लेखाङ्कन गर्दा विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको उचित मूल्य दायित्वमा घटाइन्छ ।

संस्थाले परिभाषित लाभ योजनाको पुनर्मूल्याङ्कनबाट प्राप्त हुने बिमाङ्कीय लाभ वा नोक्सान (Actuarial Gains and Losses) तथा सोसँग सम्बन्धित स्थगन कर (Deferred Tax) को प्रभावलाई अन्य विस्तृत आय (Other Comprehensive Income) मा लेखाङ्कन गर्दछ । सेवा लागत र खुद ब्याज खर्च जस्ता अन्य सम्बन्धित खर्चहरूलाई नाफा वा नोक्सान हिसाब (Profit or Loss) मा समावेश गर्दछ । परिभाषित लाभ योजनाको कटौती वा भुक्तानी (Settlement) भएको अवस्थामा हुने नाफा वा नोक्सानलाई सोही अवधिमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गर्दछ ।

चालु तथा तुलनात्मक आर्थिक वर्षमा संस्थामा कुनै पनि परिभाषित लाभ योजना खर्च छैन ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| उपदान खर्च | - | - |
| **जम्मा परिभाषित लाभ योजना खर्च** | - | - |

**टिप्पणी ३.२२.३ अन्य दीर्घकालिन सुविधा योजना खर्च (आम्दानी)**

अल्पकालिन कर्मचारी सुविधा, रोजगार पछिको लाभ र रोजगार समाप्तिको लाभ बाहेकका लाभहरु अन्य दीर्घकालिन कर्मचारी सुविधा अन्तर्गत पर्दछन् । चालु तथा तुलनात्मक आर्थिक वर्षहरूको अन्त्यसम्म संस्थामा कुनै पनि अन्य दीर्घकालिन सुविधा योजना खर्च छैन ।

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| अन्य दीर्घकालिन सुविधा योजना खर्च (आम्दानी) | - | - |
| **जम्मा अन्य दीर्घकालिन सुविधा योजना खर्च (आम्दानी)** | - | - |

SDR ASSOCIATES Chartered Accountants A member firm of IR Global, UK

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३.२३: ह्रासकट्टी तथा परिशोधन खर्च

ह्रासकट्टी तथा परिशोधन खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| जायजेथा, प्लाण्ट तथा उपकरणको ह्रासकट्टि खर्च | ३,७५८,४९३ | ४,०९७,४१७ |
| अदृष्य सम्पत्तिको परिशोधन खर्च | ३२०,८३५ | ३०८,६४२ |
| प्रयोग गर्ने अधिकार भएको सम्पत्तिको परिशोधन खर्च | ३,२३९,९२२ | २,९५२,३३२ |
| **जम्मा ह्रासकट्टि तथा परिशोधन खर्च** | **७,३१९,२५०** | **७,३५८,३९१** |

### टिप्पणी ३.२४: अन्य संचालन खर्च

अन्य संचालन खर्चको लेखाङ्कन प्रोद्‌भावी आधारमा गरिएको छ। अन्य संचालन खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| मसलन्द तथा छपाई खर्च | १,०६९,२६५ | १,२५७,९०६ |
| भवन मर्मत खर्च | ७६,८८७ | ४७,३४० |
| गाडी मर्मत खर्च | १५४,७२१ | १२३,७३४ |
| अफिस सामान मर्मत खर्च | २५५,५५० | २४१,३१० |
| मेसिनरी मर्मत खर्च | ६६,३११ | १२४,४२२ |
| लेखा परीक्षण शुल्क | ७५७,१०० | ६६१,०५० |
| नखप्ने सामान खरिद | २७२,०४७ | २४६,११९ |
| साधारण सभा खर्च | ११,१४३,२७७ | १०,५९४,११२ |
| बैंठक भत्ता खर्च | २,९३०,८९४ | ३,१५४,२०० |
| बिमा खर्च | ५०१,०४८ | ७८१,८३५ |
| भ्रमण तथा यातायात खर्च | ५६९,९४९ | २६१,१२५ |
| छोरा छोरी वुहारी वचत खर्च | १९१,१०० | १७६,७६० |
| सफ्टवेयर वार्षिक नविकरण शुल्क | ६८९,२१४ | ५२१,४३७ |
| पत्र-पत्रिका खर्च | २८,६४५ | २४,०५० |
| सुरक्षा गार्ड खर्च | ३,९९१,४४० | ३,६३०,४२३ |
| इन्टरनेट जडान र वार्षिक शुल्क | ६३९,०६० | ५६१,२२१ |
| नविकरण खर्च | ५०८,८२३ | ३८८,११७ |
| बिजुली तथा पानी | १,२५५,५१९ | १,५५३,३७६ |
| टेलिफोन खर्च | ८३,८५० | १०५,८५० |
| समाज सेवा खर्च | - | ६२,७८० |
| चिया तथा खाजा खर्च | ५७६,२८१ | ४९२,२४४ |
| स्वास्थ्य बिमा कार्यक्रम खर्च | ३,९२३,१२२ | ३,६२२,७७८ |
| इन्धन खर्च | ४४३,४६२ | ४०९,०९१ |
| ताकेता खर्च | ७२,२३० | ९०,३६९ |
| हेरचाह खर्च (एन.सि.बि.एल हेरचाह) | - | ५०,००० |
| सदस्य अन्तेष्टि तथा किरीया खर्च | २,७९८,१०० | २,५७२,६०० |

| | | |
|---|---|---|
| गणेश प्र. बस्नेत पुरस्कार खर्च | – | ६४,३०० |
| सर्पदंश उपचार | २६,९५० | २०,२५० |
| समवेदना खर्च | ३३७,३४२ | ३०६,३६७ |
| एकल महिला खर्च | ३८,००० | ३०,३०० |
| नयाँ कर्मचारी व्यवस्थापन खर्च | ५,१३५ | ११,३४० |
| स्मार्ट मोबाइल बैंकिङ्ग नविकरण खर्च | १७५,५७४ | २८५,८९० |
| सहकारी दिवस खर्च | १५,५०० | ३५,००० |
| सरसफाई खर्च | ४८९,५८७ | ३९२,०५६ |
| पात्रो छपाइ खर्च | ४१४,६२५ | २९७,८९६ |
| सुत्केरी खर्च | २१४,१०८ | १४६,०२० |
| कानून खर्च | ३६८,२२४ | २६९,४६२ |
| कर्जा अपलेखन खर्च | १,१६२,३८१ | १,५७७,४०९ |
| सदस्य देश दर्शन भ्रमण खर्च | १,४५९,२६० | १,५६८,७७० |
| एस.एम.एस. नविकरण खर्च | ३२२,०५० | ३०७,०१८ |
| लिलाम बिक्री खर्च | ५८,५०० | ८१८,२०० |
| पट्टा बापतको खर्च | – | ३१३,०४६ |
| अन्य खर्च | ११८,८७६ | – |
| **जम्मा अन्य संचालन खर्च** | **३८,२०४,००६** | **३८,१९७,५७३** |

SDR ASSOCIATES A member firm of JR Global, UK Chartered Accountants

# मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

**टिप्पणी ३.२५: आयकर खर्च**

आयकर खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| **कर खर्च** | **४,८८२,०७६** | **७,०९३,५१६** |
| चालु कर खर्च | ४,८७५,१८५ | ७,१२०,१०३ |
| विगत वर्षको कर खर्च/(व्यवस्थाबाट फिर्ता) | ६,८९१ | (२६,५८७) |
| **स्थगन कर खर्च** | **(५०८,०२४)** | **(१९७,१९०)** |
| अस्थाई फरकबाट सिर्जना भएको | (५०८,०२४) | (१९७,१९०) |
| बिगत आ.व.को कर नोक्सानीबाट सिर्जना भएको | - | - |
| **जम्मा आयकर खर्च** | **४,३७४,०५२** | **६,८९६,३२६** |

**टिप्पणी ३.२५.१: आयकरको नाफा र वित्तीय विवरणको नाफाको हिसाव मिलान विवरण**

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| कर अघिको नाफा | ४२,५५३,१४३ | ६५,७१४,४६० |
| **करको दर १० प्रतिशत** | **४,२५५,३१४** | **६,५७१,४४६** |
| ब्याज कर सम्बन्धित आय कर बमोजिम समायोजन- नगद प्राप्तिको आधारमा आय गणना गर्न सकिने | १३९,७५३ | २४३,६१४ |
| कर्मचारीहरुलाई ऋण लगानी वापत प्राप्त ब्याज आम्दानी थप | ५,०७३ | (१०९,७८२) |
| कर्मचारी ऋणसगं सम्बन्धित परिशोधन खर्च | ३६,९७० | २८,२१४ |
| मर्मत खर्चको किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच भिन्नता | ९,५४४ | ४,७४३ |
| बोनस व्यवस्था फिर्ता | ३००,१६१ | - |
| अन्तिम रुपमा कर कट्टी हुने आय | - | ९९,६३६ |
| ह्रासकट्टी र परिशोधनमा किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच | २१,७१६ | (६३,४६३) |
| पट्टा खर्चको किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच भिन्नता | ४५३,४९४ | ४२५,८०७ |
| कर प्रयोजनका लागि अमान्य अन्य खर्चहरु | (३५८,७७२) | (८०,१११) |
| **कूल चालु कर खर्च** | **४,८६३,२५३** | **७,१२०,१०३** |
| प्रभावकारी करको दर | ११.४३% | १०.८३% |

SDR ASSOCIATES
A member firm of HLB Global, UK
Chartered Accountants

# मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३.२६: सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गर्दछ :

क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निक्यौल गर्दछ ।

ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु:

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

चालु तथा तुलनात्मक आर्थिक वर्षहरूको अन्त्यसम्म संस्थामा कुनै पनि सम्भावित दायित्वहरु छैन ।

### टिप्पणी ३.२७: सम्बद्ध व्यक्तिहरु बीचको कारोबारको खुलासा

NAS 24 "Related Party Disclosures" बमोजिम सम्बन्धित व्यक्तिहरुको विवरण र सम्बन्धित व्यक्तिहरु बीचको कारोबारको खुलासा निम्न बमोजिम रहेको छ ।

**क) मूख्य व्यवस्थापकीय व्यक्तिहरु (Key Management Personnel)**

संस्थाको सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरु समेत संस्थाको मूख्य व्यवस्थापकीय व्यक्तिको रुपमा संस्थाले पहिचान गरेको छ ।

| नाम | पद |
|---|---|
| श्री नारायणप्रसाद भट्टराई | अध्यक्ष |
| श्री पदम थापा | वरिष्ठ उपाध्यक्ष |
| श्री मीनाकुमारी कोइराला | महिला उपाध्यक्ष |
| श्री राजेन्द्रप्रसाद दाहाल | सचिव |
| श्री काशीनाथ थपलिया | सदस्य |
| श्री गणेशबहादुर तामाङ्ग | सदस्य |
| श्री डिल्लीप्रसाद न्यौपाने | सदस्य |
| श्री नर्वदा उप्रेती | सदस्य |
| श्री सीता कार्की (ठाकुर बरही) | सदस्य |

संस्थाले सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सेवा कार्यालय व्यवस्थापन उपसमिति, सेवा कार्यालय कर्जा उपसमिति तथा विभिन्न उपसमितिका सदस्यको बैठक भत्ता, टेलिफोन खर्च तथा यातायात खर्च बापत यस आर्थिक वर्षमा रु. २,९३०,८९४.१२ खर्च लेखाङ्कन गरेको छ ।

SDR ASSOCIATES Chartered Accountants A member firm of IR Global, UK

**प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरु :**

| नाम | पद |
|---|---|
| श्री खोम प्रसाद वगाले | प्रमुख कार्यकारी अधिकृत |
| श्री चन्द्र प्रसाद थापा | व्यवस्थापक |
| श्री महेन्द्र प्रसाद अधिकारी | सह-व्यवस्थापक |
| श्री प्रेम पौडेल | विभागिय प्रमुख |
| श्री युवराज दहाल | विभागिय प्रमुख |
| श्री टिका कुमारी भट्टराई | सेवा कार्यालय प्रमुख क |
| श्री इन्द्रप्रसाद रेग्मी | सेवा कार्यालय प्रमुख ख |
| श्री पोसन सापकोटा | सेवा कार्यालय प्रमुख ख |
| श्री शिवप्रसाद निरौला | सेवा कार्यालय प्रमुख ख |
| श्री दुर्गा खनाल | सेवा कार्यालय प्रमुख ख |
| श्री राजकुमार कार्की | सेवा कार्यालय प्रमुख ख |
| श्री मेनुका थापा | सेवा कार्यालय प्रमुख ख |
| श्री एसिका कार्की | सेवा कार्यालय प्रमुख ख |
| श्री रोमणी लामिछाने | सेवा कार्यालय प्रमुख ख |
| श्री माधव ताजपुरिया | सेवा कार्यालय प्रमुख ख |
| श्री रमेश क्षेत्री | सेवा कार्यालय प्रमुख ख |
| श्री बालकृष्ण थापा | सेवा कार्यालय प्रमुख ख |

संस्थाले प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा बापत यस आर्थिक वर्षमा रु. १७,९५०,२५३।०२ खर्च लेखाङ्कन भएको छ ।

**ऋण कारोबार सम्बन्धी**

संस्थाबाट संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सेवा कार्यालय व्यवस्थापन उपसमिति, सेवा कार्यालय कर्जा उपसमिति तथा विभिन्न उपसमितिका सदस्य तथा निजका एकाघरका सदस्यको २०८३ आषाढ मसान्तमा रु. ८ करोड ९ लाख ४९ हजार १ सय ८५ रुपैया कर्जा बाँकी रहेको छ ।

त्यस्तै, कर्मचारी प्रशासन नियमावली बमोजिम संस्थाले आफ्ना कर्मचारीहरुलाई कर्जा लगानी गरेको छ । सो को निर्णय सञ्चालक समिति बाट समेत गरीएको छ । कर्मचारी प्रशासन नियमावली बमोजिम कर्मचारीलाई गरीएको कुल ऋण लगानीमध्ये २०८३ आषाढ मसान्तमा रु. ४ करोड २३ लाख ४२ हजार ८ सय ५१ रुपैया कर्जा बाँकी रहेको छ ।

SDR ASSOCIATES
A member firm of IR Global UK
Chartered Accountants

## मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

### टिप्पणी ३.२८: वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण

**वित्तीय सम्पत्ति**

| वित्तीय सम्पत्ति | परिशोधित मूल्य (Amortized Cost) | अन्य विस्तृत आय मार्फत उचित मूल्य (FVTOCI) | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | जम्मा |
|---|---|---|---|---|
| नगद तथा नगद सरह | ७९९,७१०,४६४ | - | - | ७९९,७१०,४६४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती | १५०,०००,००० | - | - | १५०,०००,००० |
| आसामी | ८५५,४६१ | - | - | ८५५,४६१ |
| कर्जा लगानी | ३,६८८,४१५,०६२ | - | - | ३,६८८,४१५,०६२ |
| लगानी | - | ५४,३०५,४०० | - | ५४,३०५,४०० |
| **कुल वित्तीय सम्पत्ति** | **४,६३८,९८०,९८७** | **५४,३०५,४००** | **-** | **४,६९३,२८६,३८७** |

**वित्तीय दायित्व**

| वित्तीय दायित्व | परिशोधित मूल्य (Amortized Cost) | अन्य विस्तृत आय मार्फत उचित मूल्य (FVTOCI) | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | जम्मा |
|---|---|---|---|---|
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | १२,६४४,४५० | - | - | १२,६४४,४५० |
| सहकारीका सदस्यहरुबाट प्राप्त निक्षेप | ४,१५०,०१८,४७५ | - | - | ४,१५०,०१८,४७५ |
| **कुल वित्तीय सम्पत्ति** | **४,१६२,६६२,९२५** | **-** | **-** | **४,१६२,६६२,९२५** |

# मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

आषाढ ३२, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

## टिप्पणी ३.२९: संस्थागत जोखिम

### जोखिम शासन

संस्थाले व्यवसायस्तरमा देखापर्न सक्ने जोखिमहरुको व्यवस्थापनका लागी नीति र प्रक्रियाहरु तयार गरी कार्यान्वयन गरिसकेको छ। कर्मचारी बीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृति मार्फत संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ। संस्थाको क्षेत्रमा सम्भावित विभिन्न खालका जोखिमहरु जस्तैः कर्जा जोखिम, सञ्चालन जोखिम, व्याजदर जोखिम जस्ता जोखिमहरुको पहिचान, मापन तथा मुल्यांकन गरी सोको कारण संस्थामा पर्न सक्ने असरहरुलाई न्युनीकरण गर्न सञ्चालक समितिको संयोजकत्वमा गठित वित्तीय व्यवस्थापन उप-समिति सदैव उत्तरदायी र जिम्मेवार रहेको छ। संस्थाले प्रशासनिक संरचनालाई व्यवस्थित तवरबाट विकास गरेको छ जसले प्रत्येक तहमा उत्पन्न हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सकिने व्यवस्था गरेको छ। सम्भावित जोखिम पहिचान पश्चात सम्बन्धित विभाग मार्फत व्यवस्थापन समिति र सञ्चालक समितिमा जानकारी गराइने व्यवस्था छ।

### तरलता जोखिम

तरलता जोखिम छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। नगद वा नगद सरह अन्य वित्तीय सम्पत्तिहरु व्यवस्थित गरी वित्तीय दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ। वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी अल्पकालिन दायित्व पूरा गर्ने संस्थाको क्षमता सुनिश्चित गर्नु नै तरलता व्यवस्थापन रहेको छ। संस्थाले तरलता जोखिम व्यवस्थापन गर्न विभिन्न वित्तीय औजारहरु उपयोग गरिरहेको हुन्छ जस्तैः भल्ट नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा अन्य वित्तीय उपकरणहरु। स्थीर र तरल सम्पत्तिहरु बीच सामञ्जस्यता कायम गरी वित्तीय स्रोत परिचालन गरिएको छ। प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा गठित व्यवस्थापन समितिले तरलता अवस्थाको सुनिश्चितता गर्ने गर्दछ र सोको दैनिक र मासिक रुपमा अनुगमन गर्दै आएको छ।

### व्याज दर जोखिम

व्याज दर जोखिम भनेको सम्भावना हो कि समग्र व्याज दरमा भएको परिवर्तनले संस्थाको लाभांश बाढने क्षमतामा ह्रास आउदछ। संस्थाले व्याजदरबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न निम्न उपायहरू अवलम्बन गर्दछ। व्याजदरमा भएको परिवर्तनबाट प्रभावित हुने सम्पत्ति र दायित्वहरूलाई मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ। सम्पत्ति र दायित्वको भुक्तानीको अवधि मेल नखाने अवस्थाको भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात रकम र व्याज नतिर्ने रकम समावेश गरिएको छ।

### क्रेडिट जोखिम

कुनै पनि ऋणीले स्वीकार गरेको शर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हुनु भनेको क्रेडिट जोखिम हो। क्रेडिट कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत हो। ऋणीले लिएको ऋण तिर्न नसकेपछि वित्तीय संस्थाको भविष्य जोखिममा पर्ने गर्दछ। त्यसैले जोखिममा रहेका ऋणको अवस्थाबारे जानकारी लिन प्रभावकारी सूचकहरूको अध्ययन गर्न आवश्यक छ। लगानी गरेको ऋणमा नोक्सानी हुन नदिन र यससँग सम्बन्धित जोखिम न्यूनीकरण गर्न मानक कर्जा वितरण प्रक्रिया अपनाइन्छ। ऋण स्वीकृत गर्ने र लगानी गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी दिइएको हुनाले सम्बन्धित कर्मचारीले उचित जोखिम मूल्याङ्कन गरी ऋण लगानी गर्नुपर्दछ। यस सन्दर्भमा संस्थामा निम्न प्रक्रिया/अभ्यासहरु पालना गरिएको छः

- माग गरिएको ऋणको लागि आवश्यकता र भुक्तानी क्षमताको विश्लेषण
- आवेदकको विगतको अनुशासनको आधारमा ऋणमा लगानी
- ऋणीले लिएको कर्जाको उपयोगिताको अनुगमन गर्ने र सो रकमलाई आय आर्जन गर्ने गतिविधि/ व्यवसायमा प्रयोग भएको सुनिश्चित गर्ने,
- बचत बढाउन सदस्यहरूलाई उत्प्रेरित्त गर्ने,
- व्यवसायीक ऋणको लागि आवेदनको समयमा ऋणीको व्यवसाय, आय र व्ययको विवरण लिने,
- धितो ऋणको हकमा सुरक्षण सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशन अनुसार ऋणको वर्गीकरण र हानी नोक्सानीको व्यवस्था मिलाउने,
- विनियम अनुसार कार्यक्षेत्र भित्र ऋण वितरण गर्ने,
- संचालक समिति, उप समितिहरु, व्यवस्थापन समिति, कर्जा विभाग, सेवा केन्द्र प्रमुख र अनुगमन स्तरबाट ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने,

• कर्मचारीहरूको मासिक कार्यसम्पादन मूल्याङ्कनमा अनुगमन गरिने विभागको ऋण असुली शीर्षक सहित निश्चित अंक दिने ।

**सञ्चालन जोखिम**

कुनै पनि संस्थाको दैनिक कार्य सञ्चालन गर्दा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । ठूला संख्यामा हुने स-साना कारोबार, विकेन्द्रीकृत कार्य पद्धति, क्षेत्र विस्तारमा बढी जोड, लागत न्यूनीकरणलाई प्राथमिकता, एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभाव, ग्राहकको आवश्यकता अनुसारको सेवा उपलब्ध गराउन उपयुक्त प्रविधिको अभाव जस्ता पक्षले गर्दा दैनिकरूपमा सञ्चालन जोखिम हुने सम्भावना रहन्छ । संस्थाले दैनिक कार्यका लागि विभिन्न जिम्मेवारी वहन गर्न आवश्यक कर्मचारीको व्यवस्था गरेको छ । संस्थाले तोकेको नीति नियमभित्र रहेर काम गर्ने प्रक्रियामा सबै कर्मचारीले आफ्नो पदीय जिम्मेवारी पूरा गर्नुपर्नेछ । तर कहिलेकाहीं कर्मचारीको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर गएर कार्य गरिदिँदा संस्था जोखिममा पर्ने गर्दछ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको ऋण जोखिम (प्रतिष्ठा जोखिम) बढाउने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

संस्थाले बजार स्तरको ब्याजदर वा धितोपत्र (इक्विटी) को मूल्यको प्रतिकूल परिवर्तन, विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरताका कारण संस्थालाई हुने आम्दानी वा आर्थिक मूल्यमा हानि हुने सम्भावनाको रूपमा बजार जोखिमलाई मान्यता दिन्छ । बजारको अवस्था र मागको अध्ययनपछि संचालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रम ल्याउँछ र कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी दिई जोखिम न्यूनीकरण गर्छ । यसका लागि आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाइएको छ ।

बजार विश्लेषणमा निम्न तत्वलाई विचार गरिएको छ:

• प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याज दरहरू बारे जानकारी
• संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
• यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
• सेवाको लागत
• नीति नियम परिवर्तनहरूबाट हुने उतार-चढाव
• आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अन्य संस्थाहरूले अपनाएका रणनीतिहरू
• सहकारीको सदस्यहरूको फिर्ता तथा सदस्य कायम राख्ने (Retention) दर ।

**संस्थागत वा रणनीतिक जोखिम**

रणनीतिक जोखिम प्रायः संस्थाको स्थर निर्धारण गर्न एक प्रमुख कारक हो, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावटको अनुभव गर्छ भने । यसको कारण र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, निम्न कुराहरु विचार गरिएको छ :

• देशको समग्र आर्थिक र सामाजिक परिवेश अनुसार रणनीति तय वा परिमार्जन गरिएको,
• आफ्ना प्रतिस्पर्धीहरूद्वारा प्रदान गरिएका सेवाहरू र तिनीहरूको स्थितिको बारेमा जानकारी राखिएको,
• सहकारीको सदस्यहरूको अपेक्षा र चाहना अनुरुप सकेसम्म सेवा सुविधा उपलब्ध गराउने,
• स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने ।

**आन्तरिक नियन्त्रण जोखिम**

संस्थाको संचालक समिति र व्यवस्थापन पक्ष जोखिम व्यवस्थापन गर्न, व्यापार र वित्तीय गतिविधिहरु लाई अधिकतम लाभदायक बनाउन, व्यवसायीक अवसरहरु लाई अधिकतम गर्न सक्षम बनाउन, हानि वा प्रतिष्ठा नोक्सान गर्न सक्ने जोखिम जोगाउन वा कम गर्न, विद्यमान कानून र नियमहरु को पालना सुनिश्चित गर्नको लागी प्रतिबद्ध छ । यसका लागि संचालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति तथा कार्यविधि अपनाएको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, व्यवस्थापन समिति र लेखा सुपरिवेक्षण समितिले नियमित रूपमा समीक्षा गर्ने गर्दछन् । लेखा सुपरिवेक्षण समितिले मासिक संस्थाको हरहिसाबको परीक्षण गरी प्रत्येक वर्षमा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरी संचालक समितिमा प्रतिवेदन पेश तथा छलफल गर्ने गरेको छ । लेखा सुपरिवेक्षण समितिले आफ्नो व्यवसाय/इकाई लेखापरीक्षणको कार्यक्रम मार्फत संस्थामा नीति/मानकहरू र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिता सम्बन्धि अनुपालनको अनुगमन गर्दछ । साथै, संस्थाले संस्था बाहिर बाट दर्तावाल लेखापरीक्षक नियुक्त गरी प्रत्येक ६ महिनामा आन्तरिक लेखापरीक्षण गरी संचालक समिति समक्ष सो को प्रतिवेदन पेश तथा छलफल गर्ने गरेको छ । आन्तरिक लेखापरीक्षण कार्य जोखिममा आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिएको सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा केन्द्रित हुन्छ ।

SDR ASSOCIATES A member firm of IR Global Chartered Accountants

# हार्दिक श्रद्धाञ्जली

## आ.व. २०८२/०८३ मा मेची परिवारका दिवंगत शेयर सदस्यहरु


देवबहादुर श्रेष्ठ
दमक-१०, झापा
सदस्य नं. ७५२


डिगम कुमारी राई
दमक-९, झापा
सदस्य नं. २१९६


प्रज्वल तिम्सिना
दमक, झापा
सदस्य नं. ६२०९


विना गुरागाई
दमक-९, झापा
सदस्य नं. ६६६९


भविन्द्र बोहोरा
दमक-३, झापा
सदस्य नं. ४२८०


इन्द्रमाया राउत
दमक-८, झापा
सदस्य नं. ३०४३


डिल्लीराम निरौला
दमक-३, झापा
सदस्य नं. ३४४५


गंगादेवी धिताल
दमक-९, झापा
सदस्य नं. ६३४५


शरणबहादुर राई
दमक-३, झापा
सदस्य नं. ३६२


सरोज श्रेष्ठ
दमक-२, झापा
सदस्य नं. ६२८३


मन्जुकुमारी चौधरी
दमक-७, झापा
सदस्य नं. २१६०


बिना कार्की
दमक-१, झापा
सदस्य नं. ३०६५८


निरज शाह
दमक-८, झापा
सदस्य नं. ३१४७०


सरस्वती राई
दमक-१, झापा
सदस्य नं. ४३९९


रुक्मादेवी रायमाझी
दमक-७, झापा
सदस्य नं. २७६०


कमल आचार्य
दमक-८, झापा
सदस्य नं. ३००५४


भीमबहादुर कार्की
दमक-५, झापा
सदस्य नं. ३१२८३


विनोद राई
कमल-६, झापा
सदस्य नं. २५२९६


कल्पना भण्डारी
बिर्तामोड-८, गरामनी,झापा
सदस्य नं. २२१७१


धनमाया मैनाली
बिर्तामोड-१, झापा
सदस्य नं. २१८७८


चन्द्रा थापा
बिर्तामोड-४, झापा
सदस्य नं. २००६२


गणेशप्रसाद खनाल
बिर्तामोड-४, झापा
सदस्य नं. २१६६२


महेन्द्रप्रसाद खरेल
बिर्तामोड-४, झापा
सदस्य नं. २२४४३


भीमबहादुर तामाङ
पथरीशनिश्चरे-१०, मोरङ
सदस्य नं. ११०९६


तिलबहादुर कटुवाल
शिवसताक्षी-९, झापा
सदस्य नं. ३५५८४


खेमकुमारी प्याकुरेल
मिक्लाजुङ-७, मोरङ
सदस्य नं. ८१४३


नेत्रबहादुर थापा
मिक्लाजुङ-६, मोरङ
सदस्य नं. ८८७८


सन्देश दुलाल
मिक्लाजुङ-८, मोरङ
सदस्य नं. ८९१०


वडाकी राई
चुलाचुली-६, इलाम
सदस्य नं. ८५०५


तिलमाया हेन्जन
लेटाङ-५, मोरङ
सदस्य नं. ५५२७७


रिता रोक्का
बेलबारी-४, मोरङ
सदस्य नं. ५०६११


अम्बरबहादुर धिमाल
उर्लाबारी-७, मोरङ
सदस्य नं. ७८६५


चन्द्रकला श्रेष्ठ
उर्लाबारी-७, मोरङ
सदस्य नं. ७८६२




संस्थाको २९ औं वार्षिकोत्सव तथा ३१ औं साधारणसभाका प्रमुख अतिथि डिबी बस्नेतलाई सहकारी अभियन्ता पुरस्कार सहित सम्मान गरिदै ।




संस्थाद्वारा सञ्चालित मेची सहकारी जल उद्योग